◆ **सम्पादकीय**
जरुरी छ वैचारिक बहस २
◆ **राष्ट्रिय राजनीति**
शान्ति सम्झौता र माओवादीभित्रका अन्योलहरू - **शङ्कर पोखरेल** ३
◆ **आवरण**
जनप्रतिनिधित्वको उचित प्रणाली र दिगो शान्तिको प्रश्न - **भीम रावल** ७
◆ **पार्टी जीवन**
पार्टी निर्माणका बाह्य चुनौतीहरू – **विष्णु पौडेल** ११
◆ **दृष्टिकोण**
जनताको बहुदलीय जनवादलाई समृद्ध बनाउने हो भने ...– **ईश्वर पोखरेल** १४
◆ **अर्थतन्त्र**
कस्तो हुनुपर्छ आगामी बजेट ? – **भरतमोहन अधिकारी** १६
◆ **मजदुर**
ट्रेड युनियनका रूपमा माओवादीको अवतरणपछिका दृश्य – **विष्णु रिमाल** २०
◆ **भ्रमण**
महासचिवद्वारा भारत भ्रमण २२
◆ **बहस**
सङ्घीय संरचनाका लागि केही प्रस्तावहरू – **धर्मराज पौडेल** २३
◆ **संस्मरण**
इतिहासको विहङ्गम यात्रा र पुग्नुपर्ने लक्ष्य – **वाचस्पति देवकोटा** २७
◆ **विश्व**
बीसौँ शताब्दीका पश्चिम युरोपेली वामपन्थी – **राजन भट्टराई** ३०
◆ **संस्कृति**
राज्य र सांस्कृतिक नीति निर्माण – **अमर गिरी** ३३
◆ **अभियान**
गणतन्त्रका लागि जनतामाझ संस्कृतिकर्मी – **माधव प्रधान** ३३
◆ **सरोकार**
महिला सहभागिताका लागि भावी रणनीति – **विन्दा पाण्डे** ३५
◆ **चिनारी**
विश्वविद्यालयमा पहिलो महिला कोषाध्यक्ष – **कमला पराजुली** ३९
◆ **समीक्षा**
जनआन्दोलनपछिका चुनौती र सम्भावनाहरू – **चित्र थापा** ३९

सम्पादकीय

## जरुरी छ वैचारिक बहस

नेपालको राजनीतिमा यतिबेला कम्युनिस्ट शक्तिहरू सुदृढ अवस्थामा रहेका छन्। उनीहरूको भूमिका संसद् र सरकार दुवैतिर महत्त्वपूर्ण छ। तर, आफ्नो उपस्थिति अनुरूप कम्युनिस्ट शक्तिहरूले संसद्, सरकार र नेपालको राजनीतिमा अझै निर्णायक भूमिका खेल्न सकिरहेका छैनन्। जनप्रभाव, शक्ति र सङ्गठन हुँदाहुँदै पनि किन प्रभावकारी भूमिका खेल्न सकिएन भन्ने कुराको सन्दर्भमा सबै कम्युनिस्ट शक्तिहरूले आत्मसमीक्षा गर्नु आवश्यक छ। आफ्नो भूमिकाको समीक्षा आफैँभित्र घाउ बनाउन नभएर अगाडि बढ्नका लागि हुनुपर्छ।

क्रान्ति र परिवर्तन हतारोले हुँदैन । परिस्थितिको उचित विश्लेषण र तयारीबिना गरिने क्रान्तिका प्रयत्नहरूले अक्सर क्रान्तिलाई असफलतामा पुऱ्याएका थुप्रै उदाहरणहरू छन् । निश्चय नै क्रान्तिको नीति ज्योतिषलाई पात्रो हेराएर तोकिँदैन । क्रान्तिकारी शक्तिहरूको सचेत र सङ्गठित प्रयत्नबाट नै क्रान्ति साकार हुन्छ । क्रान्तिलाई निस्कृय ढङ्गले पर्खिनु दक्षिणपन्थतिर लाग्नु हो भने उपयुक्त परिस्थिति नभईकन क्रान्तिको हतारो गर्नु उग्रवामपन्थतिर लाग्नु हो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा यतिबेला यी दुवै खतराहरू विद्यमान छन् । नेपालको यतिबेलाको आवश्यकता भनेको सबै परिवर्तनकारी शीक्तहरूलाई एकीकृत पार्नु हो । तिनीहरूलाई वैचारिक र सङ्गठनात्मक रूपमा सुदृढ तुल्याउनु र साझा सहमतिमा बलियो गरी आबद्ध पार्नु हो । यो कामका लागि यतिबेला नेकपा (माओवादी) ले लिएको उग्रवामपन्थी नीति र देखाएका अराजक व्यवहारहरू बाधकका रूपमा रहेका छन् । नेकपा (माओवादी) को भ्रातृ सङ्गठन योङ् कम्युनिस्ट लिगले देखाउन थालेको अराजकता, उच्छृङ्खलता, उद्दण्डता र अवैध गतिविधिले अहिले सरकारमा कलह उत्पन्न गरेको छ र आठ राजनीतिक दलभित्रसमेत विवाद उत्पन्न गरेको छ ।

नेपालमा नजिकिँदै गएको गणतन्त्रको सम्भावनालाई नेकपा (माओवादी) का नेताहरूको अनियन्त्रित अभिव्यक्ति, गैरजिम्मेवार चिन्तन र अराजक गतिविधिहरूले ओझेलमा पारिदिने त होइन भन्ने आशङ्का प्रबल रूपमा देखापरेको छ । त्यसैले नेकपा (माओवादी) का अराजक र गैरजिम्मेवार चिन्तन, व्यवहार र अभिव्यक्तिहरूको संयमित ढङ्गले तर व्यापक रुपमा आलोचना गर्नु आवश्यक छ । नेकपा (माओवादी) आठदलीय सत्ता गठबन्धनभित्रको एउटा मित्रशक्ति हो, त्यसैले उसलाई सुधार्न कडा तर मित्रवत् रूपमा सबैले उसको आलोचना गर्नैपर्छ ।

नेपाली काङ्ग्रेसको यथास्थितिवादी र नेकपा (माओवादी) को उग्रवामपन्थी विचारका कारणले अहिलेको सङ्क्रमणकाल अन्योलग्रस्त भइरहेको देखिन्छ । नेकपा (माओवादी) का नेताहरूका अमर्यादित र गैरजिम्मेवार अभिव्यक्ति र योङ् कम्युनिस्ट लिगका अवैध र उद्दण्ड काम-कारबाहीले गर्दा नेपाली काङ्ग्रेसको यथास्थितिवाद छोपिएको छ । योङ् कम्युनिस्ट लिगका नाममा देशव्यापी रूपमा बढ्दो आतङ्क र अराजक गतिविधिले गर्दा नेपाली काङ्ग्रेसको यथास्थितिवादको हुनुपर्नेजति आलोचना पनि हुनसकिरहेको छैन । आफूलाई जिम्मेवार राजनीतिक शक्तिका रूपमा देशमा स्थापित गर्ने हो भने नेकपा (माओवादी) ले आफूलाई सच्याउनैपर्छ अनि मात्र उसले गरेका अरू दलका आलोचनामा पनि विश्वसनीयता कायम हुनसक्छ ।

नेकपा (माओवादी) सरकारमा छ तर सरकारका मन्त्रीहरू नै संविधानको मर्यादाभन्दा बाहिर गएर जथाभावी बोल्छन् । माओवादी मन्त्रीहरू संविधान र कानुनको पालना गर्ने कुरामा जोड दिनुभन्दा आफ्ना कार्यकर्ताहरूका कानुन-नियम विपरीतका अवैध गतिविधिहरूको प्रतिरक्षा गर्छन् र कानुन तोड्ने कुराको पक्षपोषण गर्छन् भने अरूले चाहिँ कानुन र नियमको पालना किन गर्नुपऱ्यो ?
माओवादी मन्त्रीहरूका अन्तरविरोधी अभिव्यक्ति र व्यवहारहरूको मूल कारण उनीहरूमा रहेको उग्रवामपन्थी र अराजक चिन्तन नै हो । चिन्तन र व्यवहारबीचको बेमेलले गर्दा उनीहरू वैचारिक अन्योलको सिकार भइरहेका छन् । नेकपा (माओवादी) लाई यो वैचारिक अन्योलबाट मुक्त गर्ने काममा एउटा मित्रशक्तिका रूपमा नेकपा (एमाले) अघि बढ्नुपर्दछ । नेकपा (एमाले) ले तथ्य र तर्कहरूमा आधारित भएर नेकपा ( माओवादी) का चिन्तन र व्यवहारहरूको आलोचना गर्नुपर्दछ । यसका लागि नेकपा (एमाले) को पार्टी पङ्क्तिले नेकपा (माओवादी) का विचारहरू छापिएका प्रकाशनहरूको अध्ययन गर्नुपर्दछ, उनीहरूका गतिविधिहरूको विश्लेषण गर्नुपर्दछ र नेकपा (एमाले) ले अघि सारेका वैचारिक-सैद्धान्तिक मान्यताहरूका आधारमा उनीहरूको खण्डन-मण्डन गर्नुपर्दछ । नेपाली कम्युनिस्ट आन्दोलनको एकता र संयुक्त मोर्चा निर्माणका लागि नेकपा (माओवादी) का विचार र व्यवहार नै मूल बाधक हुन् । त्यसैले वैचारिक बहसलाई राष्ट्रव्यापी रूपमा अघि बढाउनु जरुरी छ ।

**शान्ति सम्झौता र माओवादीभित्रका अन्योलहरू**

**' शङ्कर पोखरेल**

**विषय प्रवेश**

२०५२ फागुन १ गतेदेखि 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्षको थालनी गरेका माओवादीहरू ऐतिहासिक जनआन्दोलनको सफलतापछि युद्धविरामको बाटो हुँदै विस्तृत शान्ति सम्झौता गर्न सफल भएका छन् । शान्ति सम्झौतापछि माओवादीको नेतृत्वमा सञ्चालित सशस्त्र सङ्घर्ष विधिवत रूपमा समाप्त

गरिएको छ र संयुक्त राष्ट्रसङ्घको संलग्नतामा युद्धमा संलग्न सेना र हतियारको व्यवस्थापन सुरु भएको छ। माओवादीसमेतको सहभागिता र सहमतिमा अन्तरिम संविधान जारी भएको छ। माओवादीसमेत सहभागी रहेको अन्तरिम व्यवस्थापिका-संसद् र सरकार गठन भएको छ। लोकतन्त्र, शान्ति र अग्रगमनको दिशामा अघि बढ्ने प्रतिबद्धताका साथ संविधानसभाको निर्वाचन सम्पन्न गरिने भएको छ। अन्तरिम संविधानमा व्यवस्था भए अनुरूप संविधानसभाको निर्वाचन नहुने भएपछि आठ दलको शिखर बैठक बसेर संविधानसभाको निर्वाचन मङ्सिर महिनामा गरिने सहमति कायम भएको छ। दोस्रोपटक संविधानसभाको निर्वाचनको मिति घोषणाको तयारी भइरहेको अवस्थामा जे कारणले विगतमा संविधानसभाको निर्वाचन हुन सकेन, ती कारणहरू अहिले पनि यथावत् छन्। माओवादीले विस्तृत शान्ति सम्झौतामार्फत 'जनयुद्ध' का नाममा सञ्चालित सशस्त्र सङ्घर्षको अन्त्यको घोषणा गरेको भए पनि नेपाली क्रान्तिको बाटोका रूपमा 'जनयुद्ध' प्रतिको उसको प्रतिबद्धता परिवर्तन भएको घोषणा भने अझै गर्न सकेको छैन। कार्यनीतिक रूपमा माओवादी नेतृत्वले संविधानसभाको निर्वाचनपछि मात्र आफ्नो सशस्त्र सङ्घर्षको कार्यदिशामा परिवर्तन हुने प्रतिबद्धता बाह्रबुँदे सहमतिदेखि जाहेर गर्दै आएको छ। 'जनयुद्ध' को नीतिमा परिवर्तन नभएको र शान्ति प्रक्रियामार्फत संयुक्त सरकारमा सहभागीसमेत भइसकेको अवस्थामा माओवादी अहिले दुई कार्यदिशाको अन्योलपूर्ण अवस्थाबाट गुज्रिरहेको देखिन्छ। अहिलेको शान्ति प्रक्रियालाई समेत माओवादी नेतृत्वले सशस्त्र सङ्घर्ष, वार्ता र कूटनीतिक पहलको 'जनयुद्ध' को नीति अन्तर्गत नै अघि बढेको बताइरहेको छ। यस प्रकारको अवस्थाले सात राजनीतिक दल र माओवादीका बीचमा भएका राजनीतिक सम्झौता र सरकार-माओवादीका बीच सम्पन्न भएको शान्ति सम्झौताको कार्यान्वयनमा नै गम्भीर समस्या उत्पन्न हुने देखिन्छ। यस लेखमा माओवादीको वैचारिक अन्योल र त्यसले शान्ति सम्झौताको कार्यान्वयनमा उत्पन्न गरेका समस्याका सन्दर्भमा नै केन्द्रित रहेर छलफल चलाउने प्रयास गरिएको छ।

**संशस्त्र सङ्घर्षको पहलदेखि शान्ति सम्झौतासम्म**

माओवादीले 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्षको थालनीका समयमा दीर्घकालीन 'जनयुद्ध' नेपाली क्रान्तिको एक मात्र बाटोको नीतिलाई अघि सारेका थिए। त्यतिबेला उनीहरू विश्व कम्युनिस्ट आन्दोलनमा उत्पन्न भएको सङ्कटलाई संशोधनवादमाथिको सङ्कटका रूपमा परिभाषित गर्दै सांस्कृतिक क्रान्तिका अतिवादी भूलहरूबाट नै कम्युनिस्ट आन्दोलनको रक्षा र विकास गर्न सकिन्छ भन्ने रिमको मान्यतामा सहमत भएका थिए। रिमकै प्रेरणा र आफूभित्र हुर्कंदै गएको निम्नपुँजीवादी क्रान्तिकारी रोमान्सवादको प्रभावमा परेर नै नेकपा (माओवादी) ले 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्षको थालनी गरेको थियो। नेपालमा नेकपा (एमाले) को नेतृत्वमा प्रजातान्त्रिक धारमा अघि बढेका कम्युनिस्टहरू सत्ताको नजिक पुगेका बेलामा नेकपा (माओवादी) का तर्फबाट सुरु गरिएको सशस्त्र सङ्घर्षको कार्यदिशालाई कम्युनिस्टविरोधी शक्तिकेन्द्रहरूले समेत प्रेरित गरेका थिए। त्यतिबेला माओवादीका सोचहरू अहिलेका जस्ता थिएनन्। वैधानिक सङ्घर्ष, संसदीय व्यवस्था र बहुदलीय प्रतिस्पर्धाको प्रणालीप्रति उनीहरूमा चरम असहमति र घृणा थियो। ०४६ सालको परिवर्तनलाई पूर्णतः अस्वीकार गर्दै उनीहरूले 'जनयुद्ध' का नाममा सशस्त्र सङ्घर्षको थालनी गरेका थिए। जनआन्दोलनपछि आफ्नो अधिकार र भूमिका खोसिएकोमा असन्तुष्ट रहँदै आएका तात्कालिक राजा वीरेन्द्रसँग माओवादीहरूले अघोषित कार्यगत एकता कायम गरेका थिए। सुरुदेखि नै उनीहरूले जननिर्वाचित निकाय र त्यसको नेतृत्व गरिरहेका राजनीतिक दलहरूलाई नै कमजोर पार्ने नीति अवलम्बन गरेका थिए। 'जनयुद्ध' को लामो कालसम्म माओवादीहरू मूलतः संसदीय सङ्घर्ष र शान्तिपूर्ण जनआन्दोलनप्रति सकारात्मक रहेका राजनीतिक दलहरूप्रति नै आक्रामक रहे। दरबार हत्याकाण्डभन्दा पहिलेसम्म आमरूपमा नै माओवादी र राजावादी तत्त्वहरूको सम्बन्ध राम्रो रह्यो। माओवादीले भन्ने गरेको जिल्ला जनसरकारको घोषणा कार्यक्रममा समेत राजावादीहरूको सम्मानपूर्ण उपस्थिति रहने गरेको थियो। त्यतिबेला उनीहरूमा कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरणको सिद्धान्तका रूपमा अघि आएको जननेता मदन भण्डारीको नेतृत्वमा विकास गरिएको जनताको बहुदलीय जनवादको कार्यक्रमप्रति तीव्र असहमति र विरोध रहेको थियो। तर, 'माघ १९' पछिको अवस्था भने पूर्णतः फरक रह्यो।

एक दशक लामो सशस्त्र सङ्घर्षपछि आफ्नो आधारलाई राष्ट्रव्यापी रूपमा विस्तार गर्न सफल भएपछि माओवादीहरू आफ्नो पुराना मान्यतालाई बदल्न तयार देखिए। दीर्घकालीन 'जनयुद्ध' नेपाली क्रान्तिको एक मात्र बाटो बताउने माओवादीहरू 'जनयुद्ध' ले उत्कर्षता प्राप्त गरेकै समयमा दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरेर दीर्घकालीन 'जनयुद्ध' मा सशस्त्र जनविद्रोहको नीतिलाई 'फ्युजन' गरेर नेपाली क्रान्तिको बाटो तय गर्ने पक्षमा उभिइसकेका थिए। बाहबुँदे सहमतिपछि त संविधानसभाको बाटोबाट शान्तिपूर्ण

प्रतिस्पर्धाको बाटोमा रूपान्तरण हुने पक्षमा उभिन आइपुगेका छन् । क्रान्तिपूर्व सरकारमा जानु संशोधनवाद हो र सेनाबिनाको कम्युनिस्ट पार्टीको कल्पना नै गर्न सकिँदैन भन्ने निष्कर्षमा पुगेका माओवादीहरू संविधानसभापूर्व नै अन्तरिम व्यवस्थापिका-संसद् र सरकारमा सहभागी बन्न आइपुगका छन् । जनसेनालाई क्यान्टोनमेन्टमा राख्न र राष्ट्रिय सेना तथा सुरक्षा अङ्गमा गाभ्नसमेत सहमत देखिएका छन् । एक्काइसौँ शताब्दीको जनवादका नाममा एक डेढ दशकअघि मदन भण्डारीको नेतृत्वमा नेकपा (एमाले) ले अवलम्बन गरेको नीतिको पक्षमा उभिन आइपुगेका छन् । बाह्रबुँदे सहमति, आठ दलका शीर्ष नेताहरूको बैठकले लिएका राजनीतिक निर्णयहरू र विस्तृत शान्ति सम्झौताप्रति माओवादीहरू इमानदार रहने हो भने माओवादीहरू 'जनयुद्ध' पूर्वको अवस्थामा फर्किएका छन् । घुमिफिरी रुम्जाटार भनेझैँ १५ हजार मानिसको बलिदानपछि माओवादीहरू पुनः प्रतिस्पर्धाको राजनीतिक धारमा फर्कन सहमत भएका छन् । तर, त्यसको वैचारिक र राजनीतिक आधार तयार गर्न नसक्दा नै माओवादीहरू अहिले पनि दुई कार्यदिशाको अन्योलको सिकार बनिरहेका छन् ।

**माओवादीको बुझाइ र ऐतिहासिक जनआन्दोलन**

'माघ १९' ले सात राजनीतिक दलको शीर्ष नेतृत्वलाई झै माओवादीको नेतृत्वलाई समेत झस्काइदिएको थियो । माओवादीबाट विद्रोह गरेका पूर्वमाओवादी नेता रवीन्द्र श्रेष्ठले 'माघ १९' को शाही घोषणामा माओवादीलाई सकारात्मक हिसाबले सम्बोधन हुने अपेक्षा माओवादीको शीर्ष नेतृत्वले राखेको खुलासा गरेका छन् । त्यतिबेलाको समयमा माओवादीको नेतृत्वमा राजापरस्त चिन्तनको विकास भएको कुरा प्रचण्ड र बाबुरामबीचको विवादमा बाबुरामले सार्वजनिक गरेका विचारबाट पनि प्रकट भएकै हो । त्यतिबेला भारतीय हस्तक्षेपको खतराको हौवा खडा गरेर माओवादी नेतृत्व राजावादीहरूसँगको सहकार्यका लागि राजनीतिक आधार तयार गर्ने प्रयासमा जुटेको थियो । जुन कुरा विवादका समयमा बाबुरामका विरुद्धमा प्रचण्डले गरेको भाषण (जसलाई सेनाले सार्वजनिकसमेत गरेको थियो) बाट पनि अनुमान लगाउन सकिन्छ । तर, 'माघ १९' को कदमलाई राजाले माओवादीविरुद्धको कदमका रूपमा प्रस्तुत गरेपछि माओवादीको उक्त योजना असफल भयो र माओवादीहरू दलहरूसँगको सहकार्यको धारणामा आइपुगे । तर, बाह्रबुँदे सहमति र संयुक्त जनआन्दोलनका कार्यक्रमलाई औपचारिक रूपले समर्थन गर्दा पनि माओवादी नेतृत्वमा जनआन्दोलनको बाटोबाट निरङ्कुश राजतन्त्रको अन्त्य हुने र मुलुकले राजनीतिक निकास पाउनसक्ने कुरामा कमै विश्वास थियो । उनीहरूमा जनआन्दोलनका विरुद्धमा राज्य भीषण दमनमा उत्रने र सात राजनीतिक दलको नेतृत्व जनआन्दोलनको सफलताप्रति निरास हुँदै 'जनयुद्ध' को बाटोमा समाहित हुन आइपुग्ने दृढ विश्वास थियो । उनीहरूमा रहेको त्यही विश्वासको जगमा नै माओवादीले 'जनयुद्ध' र जनआन्दोलनको 'फ्युजन' को नीति अघि सारेको थियो । 'माघ १९' को समयमा काङ्ग्रेसको नेतृत्वमा रहेको निराशाका कारणले नगरपालिकाको निर्वाचन बहिष्कारका क्रममा दुई कार्यदिशाको समानान्तर प्रयोगसमेत गरिएको थियो । नगरपालिकाको निर्वाचन बहिष्कारमा जुन रूपमा जनपरिचालन हुन सक्नुपर्दथ्यो, दुई कार्यदिशाको प्रयोगका कारणले नै सम्भव भएको थिएन । पछिल्लो समयमा संयुक्त जनआन्दोलनको विकास गर्दा सात राजनीतिक दलले आन्दोलनको आह्वान गर्ने र माओवादीले समर्थन गर्ने नीति अन्तर्गत अघि बढाइएको थियो । जनआन्दोलनका क्रममा प्रमुख सहरहरूमा कुनै प्रकारका सशस्त्र गतिविधि सञ्चालन नगर्नका लागि माओवादी नेतृत्वलाई सहमत गराइएको थियो । यसका लागि दोस्रो दिल्लीवार्ता र सहमतिसमेत भएको थियो । यस प्रकारको वास्तविकतालाई बिर्सेर माओवादी नेतृत्व ऐतिहासिक जनआन्दोलनको विकास आफ्नो पहल र दस वर्ष लामो 'जनयुद्ध' को जगमा नै तयार भएको बताइरहेको छ । ऐतिहासिक जनआन्दोलको विकासमा माओवादीको सशस्त्र सङ्घर्षको कुनै भूमिका नै थिएन भन्ने कुरा होइन तर मूलपक्ष चाहिँ सात राजनीतिक दल र माओवादीका बीचमा शान्तिपूर्ण जनआन्दोलनका पक्षमा सहमति कायम हुने कुरा नै हो । तर, त्यस सत्यप्रति माओवादी अझै पनि सहमत हुन सकेको पाइँदैन ।

ऐतिहासिक जनआन्दोलनले उत्कर्षता प्राप्त गरेपछिको अवस्थामा माओवादीहरू पनि जनआन्दोलनप्रति आकर्षित भएका थिए र त्यसलाई जनविद्रोहको स्वरूपमा लैजानका लागि कोसिस पनि गरेका थिए । आन्दोलनको समयमा सात पार्टीको नेतृत्वलाई जनताका बीचमा विस्थापित गर्नका लागि सकेसम्म उनीहरूले कोसिस पनि गरेका थिए । वैशाख ११ गतेका दिन प्रतिनिधिसभाको पुनःस्थापन भएका कारणले उनीहरूको त्यो प्रयास सफल हुनेसकेन । जनआन्दोलनलाई जनविद्रोहको स्वरूपमा विकास गर्ने र सत्ता कब्जा गर्ने माओवादीको रणनीतिमा धक्का पुगेका कारणले नै माओवादी नेतृत्वले वैशाख ११ को प्रतिनिधिसभाको पुनःस्थापनाका घटनालाई आन्दोलनविरुद्धको धोका बताउने गरेको छ । जबकि सात राजनीतिक दलले

प्रतिनिधिसभालाई प्रस्थानविन्दु र संविधानसभालाई राष्ट्रिय सङ्कटको निकासविन्दुका रूपमा बाह्रबुँदे सहमतिमा नै स्पष्ट रूपमा उल्लेख गरेका थिए। वास्तवमा भन्ने हो भने वैशाख ११ ले सात राजनीतिक दलको मार्गचित्रका लागि ढोका खोलेको र माओवादीको रणनीतिलाई असफल बनाई उसले अघि सार्दै आएको मार्गचित्रलाई समेत असान्दर्भिक बनाइदिएको थियो। यही वास्तविकताका कारणले पनि माओवादीलाई ऐतिहासिक जनआन्दोलनले स्वीकार गरेको प्रक्रियालाई सहज रूपमा आत्मसात गर्न कठिन भएको छ। वैशाख ११ को राजाको कदमपछि सात राजनीतिक दलले आरम्भ गरेको ऐतिहासिक राजनीतिक पहलप्रति माओवादीका तर्फबाट एकै दिन जारी गरिएका तीन प्रकृतिका वक्तव्यबाट पनि माओवादीको मनस्थितिको आकलन गर्न सकिन्छ। शान्तिपूर्ण जनआन्दोलन र वैशाख ११ को सात राजनीतिक दलको कदमप्रतिको सात राजनीतिक दल र माओवादीका बीचको असहमतिले पनि शान्ति प्रक्रियालाई स्वाभाविक गतिमा अघि बढाउन एकहदसम्म समस्या पैदा भएको मान्न सकिन्छ।

**शान्ति प्रक्रिया र माओवादी**

जनआन्दोलनमा माओवादीले अवलम्वन गर्न खोजेको सशस्त्र विद्रोहको नीति असफल भए पनि शान्ति प्रक्रियामा आउँदा भने ऊ विजेताकै रूपमा सहभागी भयो। कतिपय अवस्थामा त ऊ जनआन्दोलनको नेतृत्वकर्ता सात राजनीतिक दलभन्दा अघि बढेर जनआन्दोलनको पोषकसमेत बन्न पुग्यो। जनआन्दोलनप्रतिको माओवादी नेतृत्वको बुझाइमा रहेको कमजोरीका कारणले पनि शान्ति प्रक्रियालाई माओवादी नेतृत्वले सकेसम्म नाटकीय स्वरूप प्रदान गर्ने कोसिस गर्‍यो। एक दशक लामो सशस्त्र सङ्घर्षको प्रभावले पनि माओवादी नेतृत्वले वार्ता प्रक्रियालाई नाटकीय स्वरूप प्रदान गर्न एकहदसम्म सफल पनि भयो। बाह्रबुँदे सहमतिदेखि ऐतिहासिक जनआन्दोलनको विकाससम्म र युद्धविरामदेखि संयुक्त सरकार गठनसम्मको समग्र प्रक्रियाको विश्लेषण गर्ने हो भने नेपालको शान्ति प्रक्रिया स्वाभाविक गतिमा अघि बढेको देखिँदैन। एक वर्षको अवधिमा नै शान्ति प्रक्रियाले निकै ठूल्ठूला उपलब्धिहरू हासिल गरे पनि त्यसले तय गरेको लक्ष्यलाई अहिलेसम्मका उपलब्धिहरूले नजिक ल्याउन सकेको देखिँदैन। 'माघ १९' पछि सात पार्टीबीचको संयुक्त मोर्चाको विकास, माओवादीसँगको बाह्रबुँदे सहमतिको निर्माण र जनआन्दोलनको विकासमा जनतासँगको सम्बन्धलाई स्थापित गर्नमा नेकपा (एमाले) ले खेलेको प्रभावकारी भूमिकासमेतलाई उपेक्षा गर्ने गरी शान्ति प्रक्रिया अघि बढाउने प्रयास भयो। यसकारण पुनःस्थापित प्रतिनिधिसभामा नेकपा ( एमाले) को नेतृत्वमा वामपन्थी शक्तिहरू जुन प्रकारको प्रभावकारी भूमिका खेल्न सफल भएका थिए, माओवादीसमेतको सहभागिता रहेको र वामपन्थीहरूको पूर्ण बहुमत रहेको अन्तरिम व्यवस्थापिका-संसद्ले त्यत्तिको प्रभावकारी भूमिका खेल्न सकेको देखिँदैन। पुनःस्थापित प्रतिनिधिसभाले जेठ ४ को ऐतिहासिक घोषणा गर्नुभन्दा पहिले नै नेपाली काङ्ग्रेसको अनिच्छाका बाबजुद पुनःस्थापित प्रतिनिधिसभाबाट राजतन्त्रको विधिवत अन्त्यको सुरुवात गरिदिएको थियो। जनआन्दोलनको बलमा पुनःस्थापित प्रतिनिधिसभा वास्तवमै नेपालको इतिहासमै सर्वाधिकारसम्पन्न संसद्को भूमिकामा स्थापित भएको थियो। तर, माओवादीसमेतको सहभागिता रहेको अन्तरिम व्यवस्थापिका-संसद्ले पुरानो गतिमा काम गर्न सकेको भए स्थिति अहिलेसम्म धेरै भिन्न भइसक्ने थियो। तर, राजनीतिक सहमतिका नाममा अन्तरिम व्यवस्थापिका-संसद्लाई केही गर्न नसक्ने अवस्थामा पुर्‍याइएको छ र यसमा माओवादी नेतृत्वको संसद्लाई केही नठान्ने मानसिकताले पनि काम गरेको छ। यसरी नै शान्तिवार्ता प्रक्रियामा माओवादीहरू गिरिजाप्रसाद कोइरालालाई विश्वासमा लिएर सबै कुरा हासिल गर्न सकिन्छ भन्ने मान्यता र बुझाइमा रहनु र नेपाली काङ्ग्रेसको नेतृत्व पनि माओवादी समस्याको समाधान गर्न सकियो भने सबै प्रकारका समस्याबाट स्वतः मुक्त भइन्छ भन्ने मानसिकतामा रहनुका कारणले पनि शान्ति प्रक्रियालाई स्वाभाविक गतिमा अघि बढाउन समस्या पैदा भएको देखिन्छ।

शान्ति प्रक्रियामा माओवादी नेतृत्वले राजनीतिक विषयवस्तुमा भन्दा पनि प्रक्रियागत प्रश्नलाई ज्यादा जोड दिने नीति अवलम्वन गर्दै आएको छ। पहिलो शिखर बैठकमा माओवादी नेतृत्वले पुनःस्थापित प्रतिनिधिसभा भङ्ग गर्ने र १५ दिनभित्र अन्तरिम संविधान जारी हुनुपर्ने अडान राख्यो। जबकि, अन्तरिम संविधान मस्यौदा समितिले पूर्णता पाउन नै एक महिनाभन्दा बढी समय लाग्यो। संविधानको मस्यौदा तयार हुन झन्डै चार महिनाको समय लाग्यो, त्यो पनि अपूर्ण अवस्थाको। दोस्रो शिखर बैठकमा माओवादी नेतृत्वले एकल ताल्चामा माओवादी नेतृत्वको सहमति लिने नाममा जनमतसङ्ग्रह र समानुपातिक निर्वाचन प्रणालीजस्तो आफैँले वकालत गर्दै आएको एजेन्डालाई समेत छोड्ने काम गर्‍यो। माओवादीको सहभागिता नरहेको जनआन्दोलनपछिको संयुक्त सरकारमा वामपन्थीहरू नेतृत्वका हिसाबले जुन हैसियतमा रहेका थिए, माओवादीको सहभागितापछि वामपन्थीहरूको पुरानो नेतृत्वकारी हैसियतसमेत कायम हुनसकेन। त्यति मात्र

होइन, आन्दोलनको समयदेखि सात राजनीतिक दलले नेपाली काङ्ग्रेसलाई समान हैसियतको दर्जामा राख्न सफल भएका थिए । दलका बैठकहरूसमेत आलोपालो आयोजना हुने र आयोजक दलले नै त्यसको अध्यक्षता गर्ने अवस्था थियो । माओवादी वार्तामा आएपछि उनीहरूले प्रधानमन्त्री गिरिजाप्रसादलाई यसरी बोक्ने काम गरे कि अहिले सरकारको मात्र होइन, आठ पार्टी गठबन्धनको नेतासमेत गिरिजा हुन् भन्ने अवस्था सिर्जना भएको छ । यसले स्वाभाविक रूपमा नेपाली काङ्ग्रेसको सर्वसत्तावादी चिन्तन र व्यवहारलाई हुर्काउने आधार प्रदान गरेको छ । सरकार र माओवादीबीचका शान्ति प्रक्रिया सङ्कटमा पर्नुका पछाडि प्रक्रियागत प्रश्नमा माओवादीका सोचहरू हाबी हुने र कार्यान्वयमा नेपाली काङ्ग्रेस हाबी रहने अवस्थाका कारणले समेत ठूलो भूमिका खेलेको छ । अहिले आएर त वामपन्थीहरूका बीचमा निकटता बढ्दै गएको भन्ने बुझाइका आधारमा नेपाली काङ्ग्रेसको दक्षिणपन्थी खेमा मधेस आन्दोलनलाई भड्काएर संविधानसभाभन्दा पहिले नै अन्तरिम व्यवस्थापिका-संसद्मा रहेको वामपन्थीहरूको बहुमतलाई समाप्त गर्ने रणनीतिमा जुटेको छ । यस प्रकारको अवस्था सिर्जना हुनुका पछाडि पनि माओवादीका गलत सोच र आचरणहरू निकै हदसम्म जिम्मेवार रहेका छन् । कहिले नेपाली काङ्ग्रेससँग अस्वाभाविक रूपले निकट हुने र कहिले चरम अविश्वास र घृणाको तहमा आफूलाई प्रस्तुत गर्ने माओवादीको व्यवहारले पनि उनीहरूलाई त्यो ठाउँमा पुग्न सहयोग पुऱ्याएको ठान्न सकिन्छ । यद्यपि, नेपाली काङ्ग्रेसको अवसरवाद र सम्झौतापरस्त नीति उसको परम्परागत कमजोरी र विशेषता हो । काङ्ग्रेसइतर पार्टी र जनताको एकताबद्ध पहल र दबाबमा नै त्यसमा सुधार ल्याउन सकिन्छ । माओवादीको जस्तो फकाउने र धम्क्याउने तरिकाबाट भने होइन ।

नेपालको शान्ति प्रक्रियालाई सहज बाटोबाट अघि बढाउन चाहने हो भने त्यसको स्वाभाविक बाटो भनेको नेकपा (एमाले) ले अवलम्बन गर्दै आएको बीचको बाटो नै हो । उग्रवामपन्थी बाटोबाट रूपान्तरणको प्रक्रियामा रहेका माओवादीहरू र उदारवादको बाटोबाट अघि बढेर माओवादीजस्तो रेडिकल फोर्ससँगको सहकार्यका लागि तयार हुँदै गरेको नेपाली काङ्ग्रेसले नेकपा (एमाले) लाई विश्वासमा लिएर शान्ति प्रक्रियालाई अघि बढाउन सक्नुपर्दथ्यो । तर, माओवादी र काङ्ग्रेस दुवै शान्ति प्रक्रियामा अघि बढ्दा आपसमा मिलेर नेकपा (एमाले) को ठाउँ कब्जा गर्ने गलत नीतिको सिकार भए । दुवैतर्फका यस प्रकारका अवसरवादी नीतिका कारणले माओवादीको दाउपेच बुझ्न नसकेर काङ्ग्रेसले धोका खाने र काङ्ग्रेसको दाउपेच बुझ्न नसकेर माओवादीले धोका खाने अवस्था सिर्जना भयो । पछिल्लो समयमा उत्पन्न भएको आठ राजनीतिक दलहरूका बीचको द्वन्द्वमा यी दुवैले अवलम्बन गरेको गलत नीतिको समेत महत्त्वपूर्ण योगदान रहेको छ ।

**शान्ति सम्झौता र त्यसको कार्यान्वयन**

शान्ति सम्झौताको सफलता भन्नु नै त्यसको कार्यान्वयनको पक्ष सफल हुनु हो । तर, हामीकहाँ शान्ति सम्झौतामा जेजस्ता प्रतिबद्धताहरू गरिएका छन्, ती अत्यन्त सुन्दर छन् । तर, त्यसको कार्यान्वयन पक्ष भने त्यत्तिकै कमजोर रहेको छ । सरकार र माओवादीले पहिलोपटक जारी गरेको आचारसंहितादेखि नै कार्यान्वयन पक्ष निकै कमजोर रह्यो । असम्भव कुरामा पनि सहमति जनाउने र सम्भव काम पनि नगर्ने कुरा नेपालको शान्ति प्रक्रियाको प्रमुख कमजोरी रह्यो । यस प्रकारको अवस्था सिर्जना हुनुमा सरकार र माओवादी दुवै पक्ष जिम्मेवार रहेका छन् । तर, राजनीतिक प्रश्नको कार्यान्वयनमा सरकार, हतियार र सेनाको व्यवस्थापन तथा आचारसंहिताको पालनामा भने माओवादी पक्ष नै मुख्य रूपमा जिम्मेवार देखिने गरेका छन् । प्रत्येकपटकको सम्झौतालाई माओवादी पक्षले जसरी आफ्नो उपलब्धिका रूपमा लिने गरेको छ, त्यसको कार्यान्वयनका पक्षमा भने खुद माओवादीसमेत अत्यन्त उदासीन रहने गरेको छ । बाह्रबुँदे सहमतिदेखि जेठ ११ को शिखर बैठकमा भएका निर्णयहरूले खोजेको वैचारिक र राजनीतिक आधारमा माओवादी पक्ष स्पष्ट हुन नसक्नुका कारणले पनि यस प्रकारको अवस्था उत्पन्न भएको हुनसक्छ । पछिल्लो समयमा माओवादीको केन्द्रीय समितिको बैठकले जसरी सेनालाई अझ बलियो बनाउने निर्णय गरेको छ, त्यो शान्ति सम्झौताप्रतिको उसको विश्वासमा उत्पन्न भएको गम्भीर विचलन हो । त्यही विचलनको पृष्ठभूमिमा नै वाईसीएलको विवादास्पद भूमिका अघि आएको हो । अनुभवी छापामारहरूलाई वाईसीएलमा राखेर त्यसका नाममा माओवादीले जेजस्ता गतिविधिहरू सञ्चालन गरिरहेको छ, त्यसले पनि शान्ति प्रक्रियाका सन्दर्भमा निकै ठूलो चुनौती खडा गरिदिएको छ । शान्ति प्रक्रियामा सेना र हतियारको व्यवस्थापन जे कारणले आवश्यक र अपरिहार्य मान्ने गरिन्छ, माओवादीका तर्फबाट अनुभवी छापामारलाई वाईसीएलमा राखेर त्यसको उपेक्षा गरिएको छ ।

बाह्रबुँदे सहमतिदेखि लगातार रूपमा माओवादी नेतृत्वले प्रतिबद्धता जाहेर गरी सम्झौतासमेत गरेको कब्जा गरिएको सम्पत्ति फिर्ता गर्ने सन्दर्भमा माओवादीको व्यवहार विरोधाभासपूर्ण मात्र होइन, अत्यन्त नकारात्मक देखिन्छ। यस बीचमा माओवादीले फिर्ता गर्ने र कब्जा गर्ने कामलाई एकैसाथ अघि बढाएको देखिन्छ। दाङमा बाबुराम भट्टराईसमेतको उपस्थिति रहेको सम्पत्ति फिर्ता गर्ने छलफल कार्यक्रममा नै माओवादीका तर्फबाट आक्रमण गराइएको घटनाले काङ्ग्रेसको नेतृत्व निकै गम्भीर भएको देखिन्छ। यसले माओवादी पक्षको सम्झौताप्रतिको निष्ठा र पालना गर्नसक्ने क्षमतामा समेत प्रश्न खडा गरिदिएको छ। विस्थापितहरूलाई घर फर्काउने सन्दर्भमा माओवादीका तर्फको असहयोग पनि जारी नै रहेको छ। विस्थापित प्रहरी चौकी पुनःस्थापित गर्ने कुरामा पनि माओवादीले बारम्बार समस्या पैदा गरेको देखिन्छ। अहिले पनि माओवादीहरू कानुन हातमा लिने, पैसाका लागि अनेक प्रकारका अवैध गतिविधिहरू सञ्चालन गर्ने, राज्यका साधन स्रोतहरूलाई समेत पार्टीका लागि प्रयोग गर्ने तरिका अवलम्वन गरिरहेका छन्। राजनीतिक असहमतिलाई बल प्रयोगबाट दबाउन खोज्ने माओवादीको नीति अहिले पनि उत्तिकै हाबी छ। माओवादीको जिम्माका रहेका मन्त्रालयहरूका कामहरूलाई पार्टीकरण गर्ने र अरू दलको जिम्मामा रहेका मन्त्रालयमा सकेसम्म अवरोध सिर्जना गरेर असफल बनाउने प्रयासमा समेत उनीहरू संलग्न देखिएका छन्। त्यति मात्र होइन, शान्ति प्रक्रिया भने युद्धबाट विस्थापित र पीडितहरूको सम्बोधन पनि हो भन्ने पक्षलाई समेत माओवादीहरूले उपेक्षा गर्ने काम गरिरहेका छन्। शान्ति सम्झौताको कार्यान्वयनका सन्दर्भमा सहयोगी भूमिका खेल्नसक्ने संवैधानिक अङ्गहरूलाई सवल बनाउने कुरामा समेत माओवादीको चासो देखिँदैन। त्यति मात्र होइन, सङ्क्रमणकालमा हुने सुरक्षा शून्यताको अवस्थाबाट मुलुकमा अस्थिरता उत्पन्न नहोस् भन्ने उद्देश्यले सरकारको सुरक्षा संरचनालाई सवल बनाउनुपर्ने आवश्यकता हुन्छ। राज्यको सुरक्षा सामर्थ्य बढाउने कुरामा समेत माओवादी पक्ष नकारात्मक रहने गरेको छ। पछिल्लो समयमा माओवादी सरकारमा रहेर सरकारका विभिन्न अङ्गमाथि गरेको आक्रमण आफैँमा चिन्ताको कुरा हो। तर, त्यस प्रकारका गतिविधिप्रति माओवादी नेतृत्वमा खासै चिन्ता र सरोकार देखिँदैन।

शान्ति प्रक्रियाका सफलताका लागि माओवादीको व्यवहार र आचरणमा परिवर्तन अत्यन्त जरुरी हुन्छ। माओवादीको कामीडाँडाको बैठकले युद्धकालीन संरचनालाई प्रतिस्पर्धात्मक संरचनामा बदल्ने निर्णय गरे पनि माओवादीहरू स्वस्थ प्रतिस्पर्धाको नीतिमा अझै पनि विश्वस्त र प्रतिबद्ध देखिएका छैनन्। सबै कुराको छिनोफानो पहिले बन्दुक र अहिले लडाकू कार्यकर्ताको शक्तिबाट हुन्छ भन्ने माओवादी नेतृत्वको बुझाइ रहेको देखिन्छ। अहिले पनि माओवादी नेतृत्व जनतालाई विश्वासमा लिएर मात्र प्रतिस्पर्धाको राजनीतिमा सफल भइन्छ भन्ने बुझाइ र निष्कर्षमा पुगेको देखिँदैन। माओवादी नेतृत्वको यही मनस्थितिका कारणले नै वाईसीएललाई सैन्य संरचनमा आधारित रहेर निर्माण र परिचालन गर्ने कोसिस भइरहेको छ। माओवादीले भन्ने गरेका आधार इलाकाहरूमा अहिले पनि अन्य पार्टीका गतिविधिहरूलाई सकेसम्म रोक्ने कोसिस भइरहेको छ। अहिले पनि माओवादीप्रतिको त्रास कायम राख्ने हिसाबले नै जनसेवाका नाममा होस् वा वाईसीएलका नाममा होस् गैरकानुनी गतिविधिहरू सञ्चालनमा छन्। यद्यपि, सुरक्षाको कमजोरीको नकारात्मक परिणाम माओवादी आफैँले पनि बेहोर्नु परेको छ। गौर घटनामा माओवादी आफैँ सिगौरी खेल्न गएको थियो। तर, त्यहाँ जुन प्रकारको मानवीय क्षति उसले बेहोर्नुपर्‍यो, त्यो शान्ति प्रक्रियाका लागि आफैँमा निकै ठूलो चुनौती हो। त्यसरी नै माओवादीको केन्द्रीय कार्यालयमाथि भएको सकेट बम प्रहारलाई पनि सामान्य घटनाका रूपमा हेर्नु निकै ठूलो भूल हुनेछ। यद्यपि, आठ राजनीतिक दलले त्यसप्रति गम्भीर चिन्ता जाहेर गरेका छन्। तर, किन यस प्रकारका गतिविधिले ठाउँ पाए भन्ने कुराको खोजी शान्ति प्रक्रियाका सन्दर्भमा जरुरी कुरा हो। यसका लागि सरकार मात्र होइन, माओवादीसमेत गम्भीर हुनुपर्दछ। किनभने, अहिले पनि माओवादीसँग सशस्त्र शक्ति छ र युद्धमा प्रत्यक्ष संलग्न भएका लडाकूहरू राजनीतिक कार्यकर्ताका रूपमा क्रियाशील छन्। त्यति मात्र होइन, अहिले पनि माओवादीका लागि समानान्तर सुरक्षा प्रणाली स्वीकार गरिएकै अवस्था छ। यसलाई उपेक्षा गरेर अघि बढ्नु माओवादीको निकै ठूलो कमजोरी हो।

**शान्ति प्रक्रियाका चुनौती र माओवादीको भूमिका**

जेठ महिनामा संविधानसभाको निर्वाचन गर्न नसक्ने धारणा सार्वजनिक गरेपछि नेकपा (माओवादी) ले बाह्रबुँदे सहमतिदेखिको सम्झौताको आधार समाप्त भएको घोषणा गर्दै आइरहेको थियो। जेठ १६ को शिखर बैठकपछि उसको त्यो धारणामा निश्चय नै परिवर्तन आएको मान्न सकिन्छ। कुनै खास मितिमा चुनाव हुने वा नहुने भन्ने कुरालाई माओवादी नेतृत्वले सम्झौताका आधारका रूपमा प्रस्तुत गरेर आफूलाई निकै केटाकेटीका रूपमा प्रस्तुत गरेको थियो। जेठ १६ को शिखर बैठकको निर्णयमा माओवादी पक्ष सहमत हुनुले

उसको अडान कति सतही थियो भन्ने कुरा स्पष्ट भएको छ। यद्यपि, उसले फरकमत लेखेर आफ्नो अडानको औचित्य रहेको देखाउने कोसिस गरेको छ। शान्ति प्रक्रियाको चुनौतीको कुरा गर्ने हो भने जनआन्दोलनबाट पराजित भएको राजतन्त्र नै अहिले पनि सबैभन्दा ठूलो बाधक हो। संविधानसभाले राजतन्त्रको भविष्यसमेत समाप्त गर्नसक्ने भएका कारणले राजा र राजावादीहरू कुनै पनि हालतमा संविधानसभाको निर्वाचन भाड्न उद्धत रहनु स्वाभाविक नै हो। गौर नरसंहार र माओवादीको केन्द्रीय कार्यालयमा भएको बम प्रहारलाई पनि यसै परिप्रेक्ष्यमा हेर्न सकिन्छ। संविधानसभाको निर्वाचन समयमा सम्पन्न गर्ने कुरामा नेपाली काङ्ग्रेसको नेतृत्वमा रहेको यथास्थितिवादी चिन्तन पनि कारक तत्त्वका रूपमा रहेको छ। राजतन्त्रका बारेमा जतिबेलासम्म नेपाली काङ्ग्रेस एउटा टुङ्गोमा पुग्न सक्तैन, त्यतिबेलासम्म ऊ संविधानसभामा जान तयार हुनेछैन। त्यसरी नै माओवादीमा रहेको दुई कार्यदिशाको अन्योल पनि शान्ति प्रक्रियाका सन्दर्भमा निकै ठूलो चुनौती हो। लामो समयसम्म संविधानसभालाई न्यूनतम् बटमलाइनका रूपमा प्रस्तुत गर्दै आइरहेका माओवादीहरू पछिल्लो समयमा संविधानसभाको औचित्य सकिएको भन्नसमेत पछि परेनन्। संसद्बाट गणतन्त्रको घोषणा गर्ने माओवादीको नीतिका पछाडि संविधानसभालाई सकेसम्म पछि सार्ने उसको मनसायले पनि निकै हदसम्म काम गरेको छ। माओवादीका नेता प्रचण्डले संसद्बाट गणतन्त्रको घोषणा भएमा संविधानसभाको चुनावलाई केही समय पछि सार्न सकिने विचार अघि सारेका थिए। सबैतिरबाट आलोचना भएपछि उनी अहिले त्यसबाट एक कदम पछि हट्न तयार भएका छन्। शिखर बैठकको सहमतिका आधारमा संविधानसभाको मिति घोषणा हुनासाथ संविधानसभाको निर्वाचनका सन्दर्भमा देखिएको अन्योल समाप्त भइहाल्ने अवस्था छैन। शान्ति प्रक्रियाको सफलताका लागि संविधानसभाको निर्वाचन जरुरी छ र संविधानसभाको निर्वाचनका लागि संविधानसभाको निर्वाचनसँग जोडिएका विषयहरूको सम्बोधन र समाधान त्यत्तिकै जरुरी हुन्छ। यस सन्दर्भमा निर्वाचनसम्बन्धी कानुनहरूको व्यवस्था, शान्ति सुरक्षाको प्रत्याभूति, निर्वाचन प्रणाली र निर्वाचन क्षेत्रका सन्दर्भमा देखिएको विवादको समाधान मुख्य विषय हुन्। संविधानसभाको निर्वाचनका लागि यसबीचमा देखिएको मधेस आन्दोलन, आदिवासी जनजातिको आन्दोलन, चुरे भावर आन्दोलन, विभिन्न वर्गीय तथा पेसागत समूहहरूले सञ्चालन गरेका अन्दोलनहरू तथा तराईमा सक्रिय तराई जनतान्त्रिक मुक्तिमोर्चालगायतका पक्षहरूसँग वार्ता गरी न्यूनतम सहमति कायम गर्न सक्नु पर्दछ। यी विषयहरूको सम्बोधनबिना मङ्सिर महिनामा पनि संविधानसभाको निर्वाचन हुन कठिन नै हुनेछ। माओवादीले सशस्त्र सङ्घर्षबाट शान्तिपूर्ण राजनीतिमा आउँदा उत्पन्न हुनसक्ने चुनौतीलाई सामना गर्नका लागि नै पूर्वजनसेनाहरूलाई वाईसीएलमा राखेर परिचालन गर्न सुरु गरेको छ। तर, त्यसले माओवादीको चुनौतीलाई घटाएको छैन, बरु विस्तार नै गरिदिएको छ। माओवादीमा कायम रहेको युद्धवादी मानसिकता तथा दुई कार्यदिशाको अन्योलका कारणले पनि योङ् कम्युनिस्ट लिगको गतिविधि शान्ति प्रक्रियाकै चुनौतीका रूपमा देखिएको छ। माओवादी पक्ष भने त्यसलाई स्वीकार गर्न तयार देखिँदैन। उसले वाईसीएलले तस्करविरुद्धको गतिविधि सञ्चालन गरेका कारणले नै तस्करका पक्षधरहरू वाईसीएललाई बदनाम गराउन सक्रिय भएर लागेको बताउने गरेको छ। तर, वास्तविकता भने अर्कै छ। जनसेनालाई सबल बनाउनु पर्दछ भन्ने माओवादी केन्द्रीय समितिको निर्णयको जगमा नै यसको गतिविधिमा विस्तार भएको छ। अहिले वाईसीएल जसरी चर्चामा छ, त्यसका बारेमा माओवादी नेतृत्वले समयमा समीक्षा गरी सुधार नगर्ने हो भने वाईसीएलको छवि पनि पञ्चायतकालीन राष्ट्रवादी विद्यार्थी मण्डलको जस्तै नकारात्मक हुन बेर छैन।

यसरी नै माओवादीहरूमा आमरूपमा सङ्कट खडा गरेर नै बुर्जुवा र सुधारवादीहरूलाई तह लगाउन सकिन्छ भन्ने मान्यता रहेको पाइन्छ। यही बुझाइको जगमा नै उसले अनेक प्रकारका वितण्डा सिर्जना गर्ने कोसिस गर्दै आएको छ। सरकारको नेतृत्व गरिरहेको काङ्ग्रेस पनि माओवादीको बुझाइ अनुरूप नै शक्तिको भाषा मात्र बुझ्ने पक्षमा देखिन्छ। माओवादी र काङ्ग्रेसको यस प्रकारको अवस्थाले शान्ति प्रक्रियाप्रति नै जनता निराश हुने र प्रतिक्रियावादी र पुनरुत्थानवादीहरूले टाउको उठाउने अवस्था आउन सक्छ। यसप्रति सरकारजस्तै माओवादी पक्ष पनि खासै गम्भीर बन्न सकेको देखिँदैन।

शान्ति प्रक्रियामा देखिएका चुनौतीहरूको सामना गर्नका लागि पनि आठदलीय गठबन्धनलाई बलियो बनाउने र अन्तरिम व्यवस्थापिका-संसद्लाई प्रभावकारी बनाउने कुरा नै सबैभन्दा महत्त्वपूर्ण प्रश्न हो। यस प्रकारको सत्यलाई उपेक्षा गरेर सदन, सडक र सरकार तीनै ठाउँमा विस्फोट हुने कुरा माओवादीका नेताले नै बताउन सुरु गरेका छन्। परिस्थितिको संवेदनशीलता र जटिलतालाई नबुझेर सबैतिर विस्फोट हुने

माओवादी नीतिले अन्ततः शान्ति प्रक्रिया नै असफल हुने अवस्था आउन सक्दछ । यस प्रकारको अवस्थाप्रति पनि माओवादी नेतृत्व खासै गम्भीर देखिएको छैन ।

**अन्त्यमा,**

बाह्रबुँदे सहमतिदेखि संयुक्त सरकारको यात्रामा प्रवेश गर्दासम्म माओवादीमा निकै ठूलो रूपान्तरण भएको मान्न सकिन्छ । माओवादीमा देखिएको यस प्रकारको रूपाान्तरण शान्तिपूर्ण जनआन्दोलनको हिमायतीहरूका लागि निकै खुसीको कुरा पनि हो । बाह्रबुँदे सहमति हुँदै शान्ति प्रक्रियाका माध्यमबाट माओवादीहरू जुन ठाउँमा उभिन आइपुगेका छन्, त्यो उनीहरू आफैँले चौध वर्षपहिले छोडेर गएको ठाउँ हो । माओवादीहरू चौध वर्षपहिले पनि वैचारिक अन्योलको बीचमा नै भण्डाफोरको नीति लिएर संसद्मा प्रवेश गरेका थिए, अहिले व्यवस्थापिका-संसद्मा प्रवेश गर्दा उनीहरूको भौतिक उपस्थिति निकै सवल भएको छ । तर, वैचारिक रूपमा भने र उनीहरू अनेकौँ प्रकारका प्रश्नहरूबाट जेलिएको अवस्था छ । अबको बाटो कुन 'जनयुद्ध' कि शान्तिपूर्ण जनआन्दोलन ? भन्ने प्रश्नमा देखिएको अन्योलका कारणले पनि माओवादीलाई आगामी दिनमा आफ्नो भूमिका तय गर्न निकै कठिन हुने देखिन्छ । एकातिर अहिले माओवादीहरूलाई आफ्ना पूर्व वैचारिक मान्यताहरू छाडेर सुधारवादमा फसेको आरोप पनि लागिरहेको छ भने अर्कोतिर उनीहरूलाई नसुध्रिएको र पुरानै नीतिमा रहेको आरोप लागिरहेको छ । दुवैतिरबाट अविश्वास हुने अवस्था नेकपा (माओवादी) जस्तो शक्तिका लागि कुनै पनि अर्थमा उपयुक्त कुरा होइन । शान्ति प्रक्रियामा प्रवेश गरिसक्दाको अवस्थामा माओवादीहरू एकातिर एक्काइसौँ शताब्दीको जनवादको कुरा गरेर आफूलाई पूरै रूपान्तर भएको देखाउने कोसिस गरिरहेका छन् । अर्कोतिर जनसेनालाई सवल बनाउने नीति अघि सारेर हामी पुरानो ठाउँ र बाटोबाट विचलित भएका होइनौँ भन्ने देखाउन पनि खोजिरहेका छन् । माओवादीमा रहेको यस प्रकारको द्विविधा नै माओवादीको भनाइ र गराइमा देखिएको विरोधाभासको मुख्य कारण हो । यही विरोधाभासको सिकार भइरहेका कारणले नै माओवादीमा आवश्यक ठानिएको राजनीतिक रूपान्तरणको प्रक्रियासमेत ठीक ढङ्गले अघि बढ्न सकिरहेको छैन । त्यसरी नै दुई कार्यदिशाको अन्योलका कारणले पनि माओवादीहरू शान्ति प्रक्रियामा पनि युद्धकालीन अवस्थामा झैँ राजनीतिक प्रश्नमा भन्दा ज्यादा प्रक्रियागत प्रश्नमा जोड दिइरहेका छन् । माओवादीले साँच्चै दस वर्ष लामो 'जनयुद्ध' को प्रभावलाई समेत उपयोग गरेर शान्ति प्रक्रियाका माध्यमबाट नयाँ नेपालको निर्माणमा अघि बढ्न चाहने हो भने प्रक्रियागत प्रश्नमा भन्दा राजनीतिक प्रश्नमा जोड दिने नीति अवलम्बन गर्नुपर्दछ । अन्तरिम व्यवस्थापिका-संसद्मा रहेको वामपन्थीहरूको बहुमतलाई सकारात्मक ढङ्गले अघि बढाउन तयार हुनुपर्दछ । कुनै पनि ढङ्गले शक्तिको अहङ्कार र प्रयोगबाट आफूलाई अलग राख्ने कोसिस गर्नुपर्दछ । आफूलाई लोकतान्त्रिक रूपान्तरणका लागि इमानदार रूपमा प्रस्तुत गर्न सक्नुपर्दछ । समग्रतमा भन्नुपर्दा दुई कार्यदिशाको अन्योलबाट आफूलाई मुक्त गरेर एउटै कार्यदिशा शान्तिपूर्ण जनआन्दोलनको कार्यदिशामा अघि बढाउन तयार हुनुपर्दछ । यसबाट नै माओवादीले आमजनताको अपेक्षा अनुरूपको शान्ति प्रक्रियाको सफलताका लागि सकारात्मक भूमिका खेल्न सफल हुनेछन् र आफूलाई नयाँ नेपालको भरोसायोग्य शक्तिका रूपमा स्थापित गर्न सफल हुनेछन् । अन्यथा, अहिलेको शान्ति प्रक्रिया पनि माओवादी नेतृत्वले नचाहँदा नचाहँदै पनि 'जनयुद्ध' कालीन माओवादी रणनीतिझैँ युद्ध, वार्ता र कूटनीतिक पहलकै एउटा शृङ्खलाका रूपमा परिभाषित हुन पुग्नेछ ।

## *जनप्रतिनिधित्वको उचित प्रणाली र दिगो शान्तिको प्रश्न*

*' भीम रावल*

जनभावना र दिगो शान्तिको सन्तुलन एक दशक लामो हिंसात्मक द्वन्द्वको समाप्ति र शान्ति प्रक्रियाको थालनीको घोषणा निकै नै उत्साहपूर्ण थियो । नेपालको शान्ति प्रक्रिया उच्च आशावादका साथ आरम्भ भएको थियो । नेपाली जनताको ऐतिहासिक जनआन्दोलनको पृष्ठभूमिमा सुरु भएको शान्ति प्रक्रियाले मुलुकलाई अन्तरिम संविधान, अन्तरिम संसद् र अन्तरिम सरकार प्रदान गरिसकेको छ । नेकपा (माओवादी) ले शान्तिपूर्ण प्रतिस्पर्धामा आउने प्रतिबद्धता सार्वजनिक गरी त्यसका लडाकूहरू निर्धारित शिविरमा रहिसकेका छन् । यी सबै प्रक्रियामा आठ राजनीतिक दलहरूको सहमति र समझदारीपूर्ण निर्णय रहेको छ । यस दिशामा प्रमुख राजनीतिक दलहरूका बीच भएका सम्झौता, सहमति र एकतालाई जनसमुदायले प्रशंसा गरेका छन् । साथै, ती सबैको पूर्ण परिपालना तथा प्रभावकारी कार्यान्वयन हुनुपर्ने व्यापक जनआवाज रहँदै आएको छ । यो अत्यन्त स्वाभाविक कुरा हो । कुनै पनि सहमति वा निर्णयमा पुग्नुअघि राम्ररी विचार

पुऱ्याउने र निष्कर्षमा पुगिसकेपछि त्यसको दृढताका साथ कार्यान्वयन गर्नेतर्फ सबैले गम्भीर हुनैपर्दछ। भएका सम्झौता, सहमति र निर्णयको इमानदारीपूर्ण कार्यान्वयन नहुँदा जनतामा पुनः अविश्वास र निराशामा उत्पन्न हुनसक्छ। त्यसबाट सिङ्गो शान्ति प्रक्रियामा नै प्रतिकुल प्रभाव पर्दछ। संयुक्त सरकार गठनको लगत्तै जनताले राखेका आशा र अपेक्षा तथा अन्तरिम सरकार गठन भई नेकपा (माओवादी) समेत सरकारमा सामेल भइसकेपछि जनताको पूर्ण सार्वभौमसत्ता, दिगो शान्ति तथा राष्ट्रिय हितको दिशामा ठोस काम हुनेछन् भनी जनताले आशा गर्नु पनि स्वाभाविक हो। आठ राजनीतिक दलहरूको सहमति र प्रायः सबैको सहभागितमा संयुक्त सरकार गठन भइसकेपछि यसले देश र जनताको सर्वोच्च हितलाई केन्द्र भागमा राखेर शक्तिका साथ काम गर्नुपर्दछ भन्ने जनताको चाहना एकदमै सही छ। सात राजनीतिक दलहरू र नेकपा ( माओवादी) का बीच भएका १२ बुँदे सहमतिलगायतका सहमतिहरू, विस्तृत शान्ति सम्झौता, नेपाल सरकार, नेकपा
(माओवादी) र संयुक्त राष्ट्र सङ्घका बीच भएको त्रिपक्षीय सम्झौता एवम् विशेषतः वर्तमान अन्तरिम सरकार गठनका बेला गत चैत १८ गते आठ राजनीतिक दलका नेताहरूले हस्ताक्षर गरेका विभिन्न सम्झौता-सहमतिहरूले शान्ति प्रक्रियालाई निश्चित मार्ग निर्देशन गरेका छन्। यही मार्ग निर्देशन अन्तर्गत अगाडि बढेर नै देशलाई शान्तिको बाटोमा सुनिश्चित किसिमले अग्रसर गराउन सकिन्छ। पारस्परिक सङ्घर्ष होइन, सहयोगको बाटो स्वीकार गरिसकेपछि नेकपा (माओवादी) लगायत कसैले पनि कुनै गोप्य कार्यसूची राखेर अरूलाई 'तह लगाउने' मनस्थितिबाट कुनै पनि क्रियाकलाप गर्नु उचित हुँदैन। संविधानसभाको निर्वाचनमा जनताको यथोचित प्रतिनिधित्वको विषयलाई पनि उपयुक्त सम्झौता, सहमति र निर्णयका आधारमा नै हेर्नुपर्दछ।

आन्तरिक हिंसात्मक द्वन्द्वको अवस्थाबाट गुज्रेर शान्ति प्रक्रियामा प्रवेश गर्ने कुनै पनि देशमा झैं नेपालमा पनि विभिन्न समुदाय, वर्ग, पेसा र क्षेत्रका जनताले आ-आफ्नो स्थान तथा भूमिकाको खोजी गरिरहेका छन्। जनताका अपेक्षा र आकाङ्क्षा प्रस्फुटित भइरहेका छन्। जनताका यस्ता अपेक्षा र भावना शान्तिपूर्ण रूपमा मुखरित हुने तथा हिंसा, आतङ्क र अराजकताले कुनै पनि किसिमले प्रश्रय नपाउने वातावरणको सिर्जना गरेर मात्र शान्ति प्रक्रियालाई राम्ररी गन्तव्यमा पुऱ्याउन सकिन्छ। लोकतन्त्रमा सङ्कीर्ण साम्प्रदायिक, धार्मिक, जातीय र क्षेत्रीय पूर्वाग्रह तथा विद्वेषको स्थान हुँदैन। यस्तो पूर्वाग्रहले नेपालजस्तो सांस्कृतिक, धार्मिक, जातीय, भाषिक र भौगोलिक विविधता तथा विकासको असमान अवस्था रहेको देशलाई जनभावना र आवश्यकता अनुकुल आमूल परिवर्तनको दिशामा डोऱ्याउन सकिन्न। एक अर्काको अस्तित्व, पहिचान र अधिकारको सम्मान गर्दै एकताबद्ध भएर मात्र विविधतायुक्त नेपाललाई वर्तमान संवेदनशील सङ्क्रमणको अवस्थाबाट मुक्त गरी सुस्थिर लोकतान्त्रिक अवस्थामा पुऱ्याउन सकिन्छ। विश्वका विभिन्न देशका अनुभवहरूले पनि यस्तै शिक्षा दिन्छन्। यस तथ्यलाई जनताको प्रतिनिधित्व र निर्वाचनका बारेमा निर्णय गरिरहँदा बिर्सन हुन्न। कुनै पनि समुदाय, जाति, धर्म, पेसा र क्षेत्रका जनताले आफ्नो अधिकार र प्रगतिका बारेमा सोचिरहँदा अर्काको चाहना पनि त्यस्तै हुन्छ भन्ने यथार्थलाई ध्यानमा राख्नुपर्दछ। सर्वप्रथम नेपाली भएर नेपालका बारेमा सोच्नु र चिन्तन गर्नुपर्दछ। विद्यमान सङ्क्रमणको गम्भीरता, राष्ट्रिय एकता, लोकतन्त्रको संस्थागत विकास, राजनीतिसँगै आर्थिक विकास र प्रगतिको आवश्यकता एवम् बदलिँदो प्रतिस्पर्धात्मक अन्तर्राष्ट्रिय परिवेशले कुनै पनि समूहलाई आफ्नो मात्र डम्फू बजाउने अनुमति दिँदैन। गृहयुद्धजस्तो स्थिति वा हिंसा र विध्वंसले नेपालजस्तो देशलाई कुन दिशातर्फ डोऱ्याउने रहेछ भन्ने तथ्य बितेको दशकले छर्लङ्ग पारिसकेको छ। यसबाट शिक्षा लिनैपर्दछ। इतिहासका पाठ सिक्न नचाहनेले भविष्यलाई सकारात्मक र रचनात्मक किसिमले निर्माण गर्नसक्दैन।

**आठ राजनीतिक दलको सहमतिको आशय र गन्तव्य**

माथि भनिएका कुराहरूलाई बुझेरै सायद आठ राजनीतिक दलहरूले कतिपय सैद्धान्तिक र राजनीतिक विभेद हुँदाहुँदै पनि थुप्रै सम्झौता र सहमतिमा हस्ताक्षर गरेका छन् र संयुक्त किसिमले अन्तरिम सरकारमा समेत सामेल भएका छन्। सरकार सञ्चालनका लागि साझा सहमतिको न्यूनतम् कार्यक्रममा हस्ताक्षर गर्नुका साथै उनीहरूले सरकार सञ्चालनका लागि संयुक्त समन्वय समति गठन गरी अगाडि बढ्ने बाचा गरेका छन्। विगतमा द्वन्द्वका क्रममा सिर्जना भएको अविश्वास र शङ्कालाई हटाउनका लागि विस्तृत शान्ति सम्झौतालगायतका दस्तावेजहरूमा उल्लिखित प्रतिबद्धतामा जोड दिँदै सार्वजनिक रूपमा जनताका साम्‍ पुनः प्रतिबद्धता व्यक्त गर्न नेकपा (माओवादी) लगायत सबैले प्रतिबद्धतापत्रमा हस्ताक्षर गरेका छन्। यही क्रममा तराई क्षेत्रका विभिन्न बासिन्दा, जनजाति, महिला र पिछडिएका वर्ग र क्षेत्रबाट संसद्मा

यथोचित प्रतिनिधित्वका लागि उठेका आवाजहरूलाई सम्बोधन गर्नका लागि संविधानमा समेत संशोधन गरेर अघि बढ्ने सहमति पनि आठ राजनीतिक दलका बीच भएको हो। सोही सहमति अनुरूप निर्वाचन क्षेत्र निर्धारण आयोग गठन भई त्यसले प्रतिवेदनसमेत प्रस्तुत गरेको छ। आयोगले प्रतिवेदन प्रस्तुत गरिसकेपछि मधेस र जनजातिको प्रतिनिधित्वका बारेमा विवाद र बहस जारी रहेकाले आठ राजनीतिक दलहरूले पुनः ११ बुँदे सहमतिमा निर्वाचन क्षेत्र पुनःनिर्धारण आयोगलाई निर्वाचन क्षेत्र निर्धारणमा भएका त्रुटि-कमीहरूको पुनरावलोकन गर्न आग्रह गर्ने भनी सहमति गरेका छन्। यस्तो सहमति भइरहँदा नेकपा (एमाले) का तर्फबाट संविधानसभाको निर्वाचनमा सम्पूर्ण नेपालीको उचित प्रतिनिधित्वका लागि एवम् उठिरहेका विवादको अन्त्यका लागि सबैभन्दा उपयुक्त समानुपातिक निर्वाचन प्रणाली नै हुने कुरामा जोड दिएको छ। यसअघि निर्वाचन प्रणाली र जनताको प्रतिनिधित्वका बारेमा राजनीतिक दलहरूका बीच व्यापक छलफल भई मिश्रित निर्वाचन प्रणालीमा जाने निर्णय भइसकेको छ। साथै, निर्वाचनमा दुई मतपत्रको प्रयोग गर्ने सहमति राजनीतिक दलहरूले गरिसकेका छन्। यो निर्णय गर्दाका बखत आठ राजनीतिक दलहरूको कार्यदलमा राजनीतिक दलहरूले संविधानसभाको निर्वाचनका लागि सर्वप्रथम संविधानसभाका सदस्यहरूको सङ्ख्याबारे आठ राजनीतिक दलहरूका बीच सहमति गर्ने र सोही सङ्ख्या अनुसार निर्वाचन क्षेत्र निर्धारण आयोग गठन गरी निर्वाचन क्षेत्र पुनःनिर्धारण गर्ने जिम्मेवारी दिने सहमति पनि भएको थियो। तर, यसो गरिएन। नेपाली समाजको विविधतालाई संविधानसभा वा संसद्मा उचित रूपमा प्रतिनिधित्व गराउन सदस्य सङ्ख्या बढाएर मात्र हुँदैन। यसका कारण पनि समस्या उत्पन्न भएको हो।

नेपालजस्तो देशले आफूले थेग्नसक्ने तथा व्यावहारिक रूपमा उपयुक्त हुने गरी संविधानसभाका सदस्यको सङ्ख्या निर्धारण गर्नुपर्ने हो। त्यही सङ्ख्याभित्र सबैको प्रतिनिधित्व खोज्नुपर्ने हो। भारतजस्तो विशाल जनसङ्ख्या भएको र अमेरिकाजस्तो तुलनात्मक रूपमा धेरै जनसङ्ख्या भएको देशमा पनि संसद्मा निर्वाचनको अभ्यासबाट जनताको प्रतिनिधित्व सङ्ख्या ठूलो बनाएर मात्र समावेशी सहभागिताको सन्तुलन खोज्ने मान्यता अङ्गीकार गरिएको छैन। विभिन्न राजनीतिक प्रणाली अन्तर्गत निर्वाचनको माध्यमबाट संविधानसभा वा संसद्मा जनताको प्रतिनिधित्वको अभ्यास गरेका संसारका कुनै पनि देशले एकैपटक पूर्णता वा उत्कृष्टता प्राप्त गरेको वा सबै समस्या एकै झट्कामा पूरा गरेको पनि पाइन्न। निर्वाचन प्रणाली र जनताको प्रतिनिधित्व पनि क्रमशः परिमार्जन र प्रभावकारी किसिमले समावेशी हुँदै जाने कुरा हो। कुनै पनि नागरिकको मत खेर नजाओस् र सबै समुदाय एवम् क्षेत्रका जनताको मत प्रतिनिधिसभामा प्रतिविम्बित होस् भन्ने चाहना राख्ने हो भने स्वतन्त्र, भयरहित र शान्तिपूर्ण वातावरणमा समानुपातिक प्रणाली अनुरूप निर्वाचन आवश्यक छ। राजनीतिक दलहरूका बीच निर्वाचन प्रणालीका सम्बन्धमा रहेका विविध विचारहरूलाई ध्यानमा राखेर सहमतिको मिश्रित प्रणालीमा जाने भनी आठ राजनीतिक दलका नेताहरूले हस्ताक्षर गरी सम्झौता गरेको यथार्थलाई हेर्ने हो भने पुनः सोही विषयमा देशले अल्झिने स्थितिको सिर्जना गरी संविधानसभाको निर्वाचनलाई पछि धकेल्ने अवस्था उत्पन्न हुन नदिनु नै बुद्धिमानी हुन्छ। सबै राजनीतिक दलहरूको आशय र गन्तव्य नै संविधानसभाको निर्वाचन र त्यो निर्वाचनमार्फत राजतन्त्र, राज्यको पुनःसंरचना एवम् राज्य सञ्चालनका अन्य विषयमा टुङ्गो लगाउने गरी नयाँ संविधान निर्माण गर्ने हो भने जे गर्दा त्यहाँ छिटो पुग्न सकिन्छ, त्यही गर्नु उचित हो। जनमतबाट सबै विवादको निराकरण गर्ने पद्धति नै सबभन्दा लोकतान्त्रिक र विवादरहित पद्धति हो। त्यसैले तत्काल निर्णय गर्ने हो भने नेकपा (एमाले) ले राजतन्त्रसमेतका विषयमा जनमतसङ्ग्रह उचित हुने कुरा गरेको हो। जनमतसङ्ग्रह पनि नमान्ने तथा मुखले संविधानसभाको निर्वाचन अविलम्ब गरिनुपर्दछ भन्ने तर गतिविधि संविधानसभाको निर्वाचन छिटो गर्ने काममा व्यवधान सिर्जना हुने किसिमले सञ्चालन गर्ने हो भने लोकतन्त्र र शान्ति दुवैका सामु खतरा उत्पन्न हुनसक्छ।

लामो समयसम्म नेपालले भोग्नुपरेको सामन्ती निरङ्कुश शासन, अशिक्षा, आर्थिक विपन्नता र पछौटेपनका कारण विभिन्न समुदाय, वर्ग र क्षेत्रका जनताको ठूलो हिस्सा संसद्लगायत राज्यका विभिन्न अङ्गहरूमा उचित प्रतिनिधित्वबाट वञ्चित छ। यस्तो स्थिति कुनै जाति र क्षेत्र विशेषमा मात्र सीमित छैन। यो समग्र नेपाली समाजले बेहोर्नुपरेको पीडा हो। आर्थिक र राजनीतिक रूपमा लामो समयदेखि प्रभुत्व राख्दै आएका माथिल्लो वर्गमा रहेका कुनै पनि जात, जाति, समुदाय र क्षेत्रका मानिसहरूबाहेक गरिबी र अशिक्षाको सिकार बनेका बहुसङ्ख्यक नेपालीहरूको स्थिति लगभग समान छ। यद्यपि, छुवाछूतजस्तो मानवताविरोधी सामन्ती रीतिको मारमा परेका तथा सङ्ख्याको दृष्टिबाट अत्यन्त सानो सङ्ख्यामा रहनुका साथै आर्थिक-सामाजिक रूपले पछाडि परेका कतिपय समुदाय र क्षेत्रका जनताको अवस्था अत्यन्त दयनीय

छ। सामन्ती प्रभुत्वमा आधारित राज्य शासन प्रणालीबाट उनीहरू शोषित-पीडित हुँदै आएका छन्। यो शोषण र दमनबाट अब उनीहरूले मुक्ति पाउनैपर्दछ। उनीहरूलाई विशेष रूपमा अधिकारसम्पन्न तुल्याउनैपर्दछ। यसो गरिरहँदा पनि साम्प्रदायिक, धार्मिक वा क्षेत्रीय विद्वेषको आधारमा होइन समानता, सामाजिक न्याय र लोकतान्त्रिक सिद्धान्त तथा मान्यताका आधारमा नीति-निर्णय हुनुपर्दछ। राजनीतिक परिवर्तन, समावेशीकरण र राज्यको पुनःसंरचना केवल परम्परागत रूपमा बलशालीहरूकै हातमा शक्ति रहने तथा बहुसङ्ख्यक जनता गरिब, अशिक्षित र पीडित भइरहने परिपाटी एवम् पद्धतिको अन्त्य हुनुपर्दछ। यसै प्रसङ्गमा निर्वाचन क्षेत्र पुनःनिर्धारण आयोगको प्रतिवेदनका सम्बन्धमा आठ राजनीतिक दलहरूले पुनरावलोकनका लागि गरेको निर्णयलाई बुझ्नुपर्ने हुन्छ। त्यसै भएर होला आठ राजनीतिक दलको बैठकमा निर्वाचन क्षेत्र पुनःनिर्धारण आयोगलाई उसको निर्णयमा पुनरावलोकनका लागि आग्रह गर्दा सबै निर्वाचन क्षेत्रका बारेमा गरिएको निर्णयमा प्रवेश नगरी प्राविधिक र आठ राजनीतिक दलहरूको आशय प्रतिकूल हुन गएका कुराहरूका बारेमा पुनरावलोकन गर्ने भन्ने कुरा भएको हो। यस्तो निर्णय भइसकेपछि अब निर्वाचन क्षेत्र पुनःनिर्धारण आयोगले अविलम्ब आफ्नो काम सम्पन्न गरोस् भनी सरकारले आवश्यक पहल गर्नुपर्दछ। यसमा ढिलो गरी फेरि अरू समस्या उत्पन्न हुने वातावरणको सिर्जना हुन दिनु हुँदैन।

**सङ्क्रमणको शीघ्र अन्त्य र जननिर्वाचित प्रतिनिधिसभा**

कुनै पनि देशले अन्तरिम तदर्थ स्थितिलाई लामो समयसम्म थेग्न सक्दैन भने नेपालजस्तो भौगोलिक र आर्थिक अवस्थामा रहेको देशले थेग्न सक्ने कुरै भएन। जतिजति सङ्क्रमणकाल लम्बिन्छ, त्यति नै राजनीतिक अस्थिरता बढ्छ र जनताका आवश्यकता र आकाङ्क्षाहरू पूरा गर्नेतर्फ ठोस कार्ययोजनाका साथ अगाडि बढ्नसक्ने स्थितिको निर्माण हुनसक्दैन। अतः भएका सम्झौता, सहमति र निर्णहरूको कार्यान्वनय गर्दै पाइला-पाइला गरी अगाडि बढ्नुपर्ने अहिलेको अवस्था हो। गत ऐतिहासिक जनआन्दोलनका उपलब्धिहरूको रक्षा गर्दै तिनलाई संस्थागत गर्ने र शान्ति प्रक्रियालाई सफलताको अन्तिम गन्तव्यमा सफलताका साथ पुऱ्याउन एकातिर आन्तरिक रूपमा देशमा अनेकौं हिंसात्मक समूहहरू एकपछि अर्को गरी देखापरिरहेका, समाजमा अशान्ति र अराजकता फैलिदै गएको तथा अर्कोतिर बाह्य हस्तक्षेप बढिरहेको तथ्यलाई ध्यानमा राखी सबैले सोही अनुरूप जिम्मेवारीपूर्ण रूपमा आफ्ना क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ। अवस्तुवादी किसिमले कुरा गरेर भए पनि जनतामा आफूलाई मात्र सही देखाउने र अरू सबैलाई गलत सावित गर्ने निरर्थक असामयिक अभ्यास बन्द गर्नुपर्दछ। संविधानसभाको निर्वाचनमा जनताको प्रतिनिधित्वको सन्दर्भमा पनि यो कुरा त्यत्तिकै महत्त्वपूर्ण छ। सामूहिक निर्णय र व्यक्तिगत जिम्मेवारीको लोकतान्त्रिक मान्यता अनुरूप सबैले चल्नुपर्दछ। समयमा निर्वाचनसम्बन्धी कानुन निर्माण नगरी तथा शान्ति-सुरक्षाका लागि योजनाबद्ध किसिमले काम नगरी सङ्क्रमणकाल लम्ब्याउने गरी ०६४ जेठ महिनामा संविधानसभाको निर्वाचन हुन नसक्ने स्थिति उत्पन्न हुनुमा कोको जिम्मेवार छन्, त्यसको समीक्षा हुनुपर्दछ र सम्बन्धित व्यक्ति त्यसका लागि जिम्मेवार हुनैपर्दछ।

वर्तमान सरकार सहमति र सम्झौताको सरकार हो र कुनै पनि राजनीतिक दलले आफ्नो मात्र इच्छा र मान्यता अनुसार सरकार र राज्यको सञ्चालन हुनसक्दैन भन्ने यथार्थलाई बुझेरै तथा सोही अनुरूप बाचा गरेरै संसद् एवम् सरकारमा पुगेको तथ्यप्रति कसैले पनि आँखा चिम्लनु हुँदैन। देशलाई हिंसा, अराजकता र अनिश्चयतर्फ धकेल्ने क्रियाकलापहरू गरेर जनताको सार्वभौमसत्तालाई बलियो बनाउँछु, राष्ट्रिय स्वतन्त्रता एवम् हितको रक्षा गर्छु र लोकतन्त्रको सम्बर्द्धनमा योगदान पुऱ्याउँछु भनी कसैले दाबी गर्छ भने त्यो केवल जनतालाई झुक्याउने गलत अभ्यास मात्र ठहर्छ। त्यस्तै विगतमा नेपाली काङ्ग्रेसले बहुमत प्राप्त गरी सरकार चलाएका बेला जेजस्तो कारणले देश सङ्कटग्रस्त भएको थियो, त्यसैको पुनरावृत्ति गरी देशलाई फेरि गम्भीर सङ्कटतर्फ धकेल्ने नगरोस् भनी जनताले दिइरहेको चेतावनीलाई हल्का रूपमा लिनुहुँदैन। आठ राजनीतिक दलहरू स्वयम्ले अनेकौँपटक गरेका सम्झौता, सहमति र निर्णयमा विगतका गल्ती-कमीहरूको पुनरावृत्ति हुनेछैन भनी बाचा गर्दै आएका पनि छन्। समस्या केवल भएका सम्झौता, सहमति र निर्णयहरूको कार्यान्वयन तथा व्यवहारमा पालना गर्नुमा रहेको छ। कार्यान्वयन र व्यवहारमा रहेको त्यस्तो समस्याका कारण देशको समग्र स्थितिमा जस्तो सुधार र परिवर्तन देखिनुपर्ने हो, त्यसो नभएर कतिपय पक्षमा देशको अवस्था बिग्रन थालेको सबैले महसुस गरेका छन्। स्थितिलाई अरू बिग्रन नदिन विद्यमान सङ्क्रमणकालको जतिसक्यो छिटो अन्त्य गर्ने तथा जनताको ताजा जनादेश प्राप्त संविधानसभा (संसद्) र सरकारको स्थापना गर्ने तर्फ सबै प्रयास इमानदारीपूर्ण किसिमले केन्द्रित गर्नुपर्दछ। यसमा प्रधानमन्त्री र गृह मन्त्रालयको विशेष भूमिका एवम् जिम्मेवार रहेकोमा कसैको दुईमत छैन। अब दस्तावेज र कुरामा होइन,

जनताले व्यवहारमा तथा कार्यान्वयनमा हेर्न चाहेका छन्। निर्वाचन क्षेत्रको निर्धारण र पुनःनिर्धारणका सन्दर्भमा पनि नीति निर्माणमा मात्र पूर्णताको आडम्बर प्रदर्शनको सीमाभित्र सीमित नरही यथाशीघ्र जनताको बीचमा गएर स्वतन्त्र, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा जनताको ताजा जनादेश प्राप्त गरी आफ्ना विचार, कार्यक्रम र सङ्गठनको औचित्य सावित गर्न तयार हुनुपर्दछ। यसरी तयार हुनु नै जनताको सार्वभौमसत्तालाई स्वीकार गर्ने लोकतान्त्रिक संस्कृति र चरित्र पनि हो।

**आठ दलको निर्णय**

१. पूर्वघोषित मितिमा संविधानसभाको निर्वाचन गर्न नसकिने कमजोरीलाई गम्भीरताका साथ आत्मसात गर्दै त्यसबाट जनतामा उत्पन्न अन्योलप्रति दुःख व्यक्त गर्दछौं।
२. २०६४ को मंसिर महिनाभित्र उपयुक्त मितिमा संविधानसभाको निर्वाचन सम्पन्न गरिनुपर्छ भन्ने प्रधानमन्त्रीज्यूको प्रस्तावलाई आठ दलले स्वीकार गर्दै मिति तोक्ने काम मन्त्रिपरिषद्बाट गरिनुपर्छ भन्ने निर्णय गर्दछौं।
३. अवरुद्ध भएको संसद्को बैठक सुचारु गर्ने सम्बन्धमा सरकारले मधेस घटनाबारे छानबिन गर्न गठन गरेको उच्चस्तरीय जाँचबुझ आयोगलाई शीघ्र कार्यान्वयनमा लैजान र सरकारलाई आग्रह गर्दछ। निर्वाचन क्षेत्र निर्धारण आयोगको क्षेत्र निर्धारणको विषय प्राविधिक रूपमा नमिलेको देखिएका जिल्लाको हकमा आवश्यक पुनरावलोकन गर्न सहमति भएको छ। पहिले क्षेत्र निर्धारणको निर्णयलाई सम्बन्धित आयोगबाटै पुनरावलोकन गर्न सकिने व्यवस्था संविधान संशोधन गरी गरिनेछ। साथै, जेठमा संविधानसभाको निर्वाचन गर्ने कुरा संशोधन गरी हटाइनेछ। अवरुद्ध संसद्को बैठकलाई सुचारु रूपले सञ्चालन गर्ने सहमति भएको छ।
४. उपरोक्त उल्लेख भएको व्यवस्थासमेत समावेश गरिने संसद्मा सरकारद्वारा प्रस्तुत संविधानको दोस्रो संशोधन विधेयक, संसद्मा विचाराधीन संविधानसभाको सदस्यको निर्वाचनसम्बन्धी विधेयकहरू संविधानसभाको निर्वाचनका लागि नभई नहुने विधेयकहरू हुन्। यी विधेयकहरू तुरुन्त पारित गरिनेछ। साथै, निजामती कर्मचारीलगायत अन्य आवश्यक विधेयकहरू तुरुन्त पारित गर्ने सहमति भएको छ।
५. संसद्मा उठेका अन्य मागहरूका सम्बन्धमा वार्ता गरी सहमतिका आधारमा समाधान गरिंदै लगिनेछ।
६. निजामती कर्मचारीहरूले राखेका मागका सम्बन्धमा छलफल गरी साधान गर्न सरकारलाई विशेष पहल गर्न आग्रह गर्दै हडताल-विरोधका कार्यक्रम फिर्ता गरी वार्ताद्वारा समस्याको समाधान गर्न सबै निजामती कर्मचारीलाई आग्रह गर्दछौं।
७. शिक्षक हडतालका कारण बन्द भएका विद्यालयहरू सुचारु रूपले सञ्चालन गर्न वार्ताद्वारा समस्याको समाधान गर्न सरकार, शिक्षक, विद्यालय व्यवस्थापनलगायत सम्बद्ध सबै पक्षसँग आग्रह गर्दछौं।
८. शान्ति व्यवस्थालाई सुदृढ र प्रभावकारी बनाउन विशेष पहल गर्न सरकारलाई आग्रह गर्दछौं र यस कार्यमा सहयोग पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्दछौं।
९. भूमिसम्बन्धी उठेका समस्याको प्रभावकारी समाधान गर्न सरकारलाई पहल गर्न आग्रह गर्दछौं।
१०. महिला, दलित, आदिवासी जनजाति, मधेसीलगायत विभिन्न क्षेत्रका मागका सम्बन्धमा वार्ताद्वारा अविलम्ब निष्कर्षमा पुग्न सरकारको ध्यानाकर्षण गरिएको छ।
११. हालै नेकपा (माओवादी) को केन्द्रीय कार्यालयको परिसर बुद्धनगर, काठमाडौंमा बम ब्लाष्ट गरिएको हिंसात्मक आक्रमणलाई निन्दा एवम् भर्त्सना गर्दै दोषीमाथि अविलम्ब कारबाही गर्न सरकारसँग आग्रह गरिएको छ।

१. नेपाली कांग्रेसका सभापति- गिरिजाप्रसाद कोइराला
२. नेपाल कम्युनिस्ट पार्टी (एमाले) का महासचिव- माधवकुमार नेपाल
३. नेपाल कम्युनिस्ट पार्टी (माओवादी) का अध्यक्ष- प्रचण्ड
४. नेपाली कांग्रेस (प्रजातान्त्रिक) का उपसभापति- गोपालमान श्रेष्ठ
५. जनमोर्चा, नेपालका अध्यक्ष- अमिक शेरचन
६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का अध्यक्ष - आनन्दीदेवी सिंह

७. नेपाल मजदुर किसान पार्टीको अध्यक्षका तर्फबाट केन्द्रीय सदस्य- प्रेम सुवाल
८. संयुक्त वाममोर्चाका अध्यक्ष - सीपी मैनाली

**जेठ १७, २०६४**

## फरक मतहरू

निर्वाचन क्षेत्र र निर्वाचन प्रणालीसम्बन्धी विवादको समाधान गर्न समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने कुरामा नेकपा (एमाले) को फरक मत रहेको कुरा पुनः स्पष्ट गर्न चाहन्छौं ।

**माधवकुमार नेपाल**
**महासचिव, नेकपा (एमाले)**

संविधानसभा निर्वाचन प्रयोजनका लागि समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्ने कुरामा नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) प्रतिबद्ध छ र सो नभएकोमा पार्टीको फरक मत रहेको छ ।

**आनन्दीदेवी सिंह**
**अध्यक्ष, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)**

संविधानसभाको निर्वाचन यथाशीघ्र सम्पन्न गर्न अर्को मिति निर्धारण गर्ने कुरामा हाम्रो सहमति छ । तर, निर्धारित समयमा संविधानसभाको निर्वाचन हुन नसक्नुका पछाडि मूल रूपमा सामन्ती दरबारियाहरूको प्रतिगामी क्रियाकलाप र राजतन्त्र एवम् गणतन्त्रबारे स्पष्ट धारणा बनाउन नसक्ने वा नचाहने आठ राजनीतिक दलभित्रकै यथास्थितिवादी चिन्तन र कार्यशैली जिम्मेवार रहेको एक वर्षको कटु अनुभवका पृष्ठभूमिमा संविधान संशोधन गरी अर्को मितिमा निर्वाचन सम्पन्न हुने कुरा सुनिश्चित गर्न आठ राजनीतिक दलका बीचमा राजनीतिक एकताको आधार समानुपातिक प्रतिनिधित्वसहितको संघीय लोकतान्त्रिक गणतन्त्र बनाउन हाम्रो पार्टी अत्यावश्यक ठान्दछ । यसरी गणतन्त्रलाई एकताको आधार बनाई अगाडि बढेर मात्र २००७ सालदेखि थाँती रहेको संविधानसभाको निर्वाचन सम्पन्न गर्ने तथा शान्ति प्रक्रियालाई सफल पार्ने बलियो आधार खडा हुने कुरामा हाम्रो गहिरो विश्वास रहेको छ । अतः नयाँ राजनीतिक आधारमा आठ दलको बीचमा एकतालाई सुदृढ नै नगरी यथास्थितिमा संविधानसभाको निर्वाचनको मिति मात्र सारेर पुग्दैन भन्ने हाम्रो पार्टीको मत रहेको छ ।

**प्रचण्ड**
**अध्यक्ष, नेकपा (माओवादी)**

१. अन्तरिम संविधानमा समेत उल्लेख भइसकेको निर्धारित समयमा निर्वाचनसम्बन्धी ऐनहरू संसद्बाट पास गर्न आलटाल गरी संविधानसभाको निर्वाचन नगर्ने परिस्थिति उत्पन्न गराई उक्त मितिमा निर्वाचन नगर्ने निर्णय गरिएकोमा हाम्रो पार्टीको घोर आपत्ति रहेको छ । पूर्वनिर्धारित समयमा संविधानसभाको निर्वाचन नगरिने स्थितिको निम्ति यथास्थितिवादसँग निर्णायक सम्बन्धविच्छेद गर्न नसकिरहेका आन्दोलनकारी आठ पार्टीहरूमध्येकै कतिपय शक्तिहरूको चिन्तन, कार्यपद्धति र कार्यशैली मूल रूपमा जिम्मेवार छ ।

हाम्रो पार्टी छिटोभन्दा छिटो संविधानसभाको निर्वाचन गर्नुपर्दछ र त्यसका लागि संविधानसभाको निर्वाचन मिति घोषणा गरिहाल्नुपर्दछ भन्ने पक्षमा छ । तर, पूर्वनिर्धारित समयमा संविधानसभाको निर्वाचन नगरिने स्थितिमा संविधानसभाविरोधी प्रतिगामी तथा प्रतिक्रियावादी शक्तिहरूले संविधानसभाको निर्वाचन सुनिश्चित गर्न अन्तरिम व्यवस्थापिका संसद्बाट संवैधानिक प्रक्रिया मिलाई लोकतान्त्रिक गणतन्त्रको घोषणा गरिनुपर्दछ र त्यससँगै संविधानसभा निार्वचनको अर्को मिति निर्धारण गरिनुपर्दछ भन्ने हाम्रो पार्टीको स्पष्ट दृष्टिकोण र अडान गरेको छ । त्यसो नगरिएकोमा हाम्रो गम्भीर असहमति छ ।

२. मूलतः लामो समयदेखिको सामन्ती एकात्मक तथा केन्द्रीकृत राज्यबाट भइरहेको शोषण उत्पीडनको कारणबाट विद्रोहात्मक अभिव्यक्तिका रूपमा मधेस आन्दोलन भएको हो । त्यसलाई सम्बोधन र समाधान गर्ने सम्बन्धमा हाम्रो पार्टीले अन्य कुराहरूका अतिरिक्त प्रमुख रूपमा पूर्ण समावेशी समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने निर्णय लिइनुपर्दछ भन्ने प्रस्ताव लगातार राख्दै आएको हो । त्यसो नगरी प्रमको पहिलो सम्बोधन, दोस्रो सम्बोधन, संविधान संशोधन र निर्वाचन क्षेत्र निर्धारण आयोगको गठन गरी जनसंख्याको अनुपातमा निर्वाचन क्षेत्रहरू थप गर्ने प्रक्रिया अघि बढाइयो । अब अहिले आएर आयोगले निर्धारण गरेको निर्वाचन क्षेत्रहरूको पुनरावलोकन गर्ने कुरा ल्याइएको छ । त्यसो गर्नुपर्ने कारण र त्यसो गरिएमा पुनः अर्को विवाद नउठी समस्या समाधान हुनेछ भन्ने सुनिश्चिततताका बारेमा कतैबाट पनि औचित्यपूर्ण तर्क आउनसकेको छैन । तसर्थ, यथास्थितिमा आयोगद्वारा पछि निर्धारण गरिएका निर्वाचन क्षेत्रहरूको पुनरावलोकन गर्नुको सट्टा मधेसीलगायत आदिवासी-जनजाति, दलित, महिला, अल्पसंख्यक समुदाय सबैले

उठाएका संविधानसभामा समानुपातिक प्रतिनिधित्वको मुद्दालाई एकैसाथ सम्बोधन गर्ने गरी चुनाव प्रणालीमै पुनरावलोकन गर्नुपर्दछ र पूर्ण समानुपातिक चुनाव प्रणाली लागू गरिनुपर्दछ भन्ने हाम्रो स्पष्ट दृष्टिकोण छ ।

३. सिंगो देशलाई एकताबद्ध बनाएर संविधानसभाको निर्वाचनमा लैजान आवश्यक पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गर्ने निर्णय गर्नुको सट्टा निर्वाचन क्षेत्रहरूको पुनरावलोकन गर्ने निर्णय गरिएकोमा हाम्रो पार्टीको गम्भीर असहमति रहेको छ ।

**– अमिक शेरचन**

**अध्यक्ष, जनमोर्चा नेपाल**

१. भूमि समस्या समाधान गर्न जग्गा जोत्ने जोताहा किसानहरूलाई जमिनको स्वामित्व दिनुपर्छ ।

२. राज्यको प्रत्येक संरचनामा मजदुर, किसान (श्रमिक वर्ग) र कामदार महिलाको समानुपातिक प्रतिनिधित्व गर्नुपर्छ ।

३. तोकिएको समयमा संविधानसभाको निर्वाचन नहुनुमा नेमकिपा जिम्मेवार छैन ।

**– प्रेम सुवाल**

***केन्द्रीय सदस्य, नेपल मजदुर किसान पार्टी***

## *पार्टी निर्माणका बाह्य चुनौतीहरू*

*' विष्णु पौडेल*

ऐतिहासिक जनआन्दोलन २०६२/६३ द्वारा पराजित भएको तर निर्मूलन भइनसकेको राजतन्त्र र त्यसका पक्षधर शक्तिहरूसँग नेपाली जनताको अन्तरविरोध यतिबेला प्रमुख राजनीतिक अन्तरविरोधको अवस्थामा छ । र, अहिले यो अन्तरविरोध अत्यन्त तीव्र बन्न पुगेको छ । अन्तरविरोधको तीव्रतासँगै सिङ्गो नेपाली समाज तीव्र सङ्क्रमणको दौरबाट गुज्रिरहेको छ । राजतन्त्रको समूल अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापनाबिना विद्यमान प्रमुख राजनीतिक अन्तरविरोधको समाधान तथा सङ्क्रमणकालीन अवस्थाको अन्त्य हुन सक्तैन र मुलुकलाई अग्रगतिको राजमार्गमा सुनिश्चित गतिका साथ अघि बढाउन सकिँदैन । तसर्थ, 'राजतन्त्रको समूल अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना' नै यतिबेलाको मुख्य कार्यनीतिक नारा र प्रमुख कार्यनीतिक कार्यभार बन्न पुगेको छ । राजतन्त्रको अन्त्यपश्चात् स्थापना गरिने लोकतन्त्र नेपाली विशेषता र आधुनिक लोकतान्त्रिक मूल्यमा आधारित हुनुपर्दछ । यसका लागि एकात्मक तथा केन्द्रीकृत शासन प्रणालीको अन्त्य गरी सङ्घात्मक शासन प्रणालीको स्थापना गर्नुपर्दछ । राज्यसत्ताका सबै अङ्ग र अवसरहरूमा दलित, महिला, आदिवासी-जनजाति, मधेसी, धार्मिक अल्पसङ्ख्यक र दुर्गम क्षेत्रका जनताको समानुपातिक पहुँच एवम् हिस्सेदारीलाई सुनिश्चित तुल्याएर लोकतन्त्रलाई समावेशी बनाउनुपर्दछ । प्रतिगमनका आधार र प्रयासहरूलाई समाप्त गर्न ऐतिहासिक जनआन्दोलन ०६२/६३ का उपलब्धिहरूलाई संस्थागत गर्दै गर्नुपर्दछ । स्वाधीन, सार्वभौम, अविभाज्य र समुन्नत राष्ट्रको निर्माणका लागि आन्तरिक एकतालाई सुदृढ तुल्याउनुपर्दछ र परोक्ष वा प्रत्यक्ष रूपका बाह्य हस्तक्षेपहरूलाई परास्त गर्नुपर्दछ । तसर्थ, यी विषयहरू पनि हाम्रा सामु उपस्थित कार्यनीतिक कार्यभारहरू हुन् ।

नेकपा (एमाले) का सैद्धान्तिक, कार्यक्रमिक तथा नीतिगत निष्कर्षहरू सही, सामयिक र क्रान्तिकारी छन् । शाही प्रतिगमनविरोधी आन्दोलनको अवधिमा होस् वा आन्दोलनले एकस्तरको सफलता प्राप्त गरेपश्चात्को अवधिमा होस्, राष्ट्रिय राजनीतिमा नेकपा (एमाले) का नीति, विचार, दृष्टिकोणहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका छन् । आन्दोलनको उठानका सन्दर्भमा होस् वा आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने सन्दर्भमा नेकपा (एमाले) का नीति र विचारहरूको श्रेष्ठता पुष्टि भएको छ । नेपाली काङ्ग्रेसजस्तो बुर्जुवा सुधारवादी शक्ति र नेकपा (माओवादी) जस्तो उग्रवामपन्थी शक्तिलाई समस्याको शान्तिपूर्ण समाधानको सर्तमा सहमतिको विन्दुमा ल्याउने र संसद् तथा सरकारमा सहयात्राको आधार निर्माण गर्नमा नेकपा (एमाले) को अग्रणी भूमिका रहेको छ । अब पनि नेकपा (एमाले) ले अघि सारेका विचार, दृष्टिकोण तथा नीतिगत निष्कर्षहरूलाई अवलम्बन गरेर मात्र सङ्क्रमणकालीन अवस्थालाई ठीक ढङ्गले अन्त्य गर्न र मुलुकलाई क्रान्तिकारी रूपान्तरणको दिशामा अघि बढाउन सकिन्छ । ऐतिहासिक जनआन्दोलन ०६२/६३ का उपलब्धिहरू, त्यसले आमजनतामा निर्माण गरेको क्रान्तिकारी चेतना, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र प्रतिगामी, यथास्थितिवादी तथा क्रान्तिकारी शक्तिहरूबीचको आपसी सन्तुलनलाई विश्लेषण गर्दा नेपाली समाजलाई अग्रगामी परिवर्तनको दिशामा अघि बढाउन सकिने वस्तुगत आधार निर्माण भएको छ । तर, सही नीति र अनुकूल परिस्थितिले मात्र क्रान्तिकारी रूपान्तरणका युगीन

कार्यभार पूरा हुन सक्तैनन् । यसका निमित्त अनुकुल परिस्थिति र सही नीति त चाहिन्छ नै, त्यसका साथै सुदृढ एवम् शक्तिशाली सङ्गठनात्मक शक्तिको पनि जरुरत पर्दछ ।

नेकपा (एमाले) देशका अन्य कुनै राजनीतिक पार्टीहरूको तुलनामा सुदृढ छ । यसको सङ्गठनात्मक सञ्जाल राष्ट्रव्यापी छ । देशका सबै गाविसका वार्डहरू र नगरका टोलहरूमा यसको सङ्गठनात्मक संरचना फैलिएको छ । जनाधारका दृष्टिले पनि यो पार्टी अरू कोहीभन्दा अगाडि छ । नेपाली जनताले यही पार्टीलाई आशा, भरोसा र विश्वासको नजरले हेरिरहेका छन् । तर, माथि उल्लिखित युगीन महत्त्वका कार्यनीतिक कार्यभारहरू पूरा गर्नका लागि यतिले मात्रै पर्याप्त हुँदैन । यसका लागि नेकपा (एमाले) अरू ज्यादा सुदृढ र सङ्गठित हुन जरुरी छ । यसको जनाधार अझ धेरै विस्तारित हुन आवश्यक छ । पार्टी निर्माणका सन्दर्भमा बाधक बनेका बाह्य तथा आन्तरिक अवरोधहरूलाई पहिचान गर्न र तिनलाई समाधान गर्दै अघि बढ्न जरुरी छ । आन्तरिक अवरोधहरूका सन्दर्भमा पछि चर्चा गरौँला, अहिले यहाँ बाह्य चुनौतीहरूका सन्दर्भमा चर्चा गरिएको छ :

(क) काङ्ग्रेसी सर्वसत्तावाद हाम्रासामु एउटा गम्भीर चुनौतीका रूपमा उपस्थित भएको छ । अन्तरिम विधायिका-संसद्भित्रको उपस्थितिलाई गणितीय हिसाबले हेर्दा एकाध सङ्ख्यामा नेकपा (एमाले) भन्दा अगाडि भए पनि जनमत, सङ्गठनात्मक शक्ति र विगत जनआन्दोलनमा निर्वाह गरेको भूमिकाको हिसाबले नेपाली काङ्ग्रेस राष्ट्रिय राजनीतिको दोस्रो शक्ति हो । तर, प्रधानमन्त्रीलगायत महत्वपूर्ण मन्त्रालयहरू नेपाली काङ्ग्रेसको जिम्मामा छन् । उसले आफ्नो जिम्माका मन्त्रालयहरूलाई एकलौटी ढङ्गले सञ्चालन गर्दै आएको छ । अरूको जिम्माका मन्त्रालयहरूमा हिस्सेदारी खोज्दै, हस्तक्षेप गर्दै र अवरोध सिर्जना गर्दै आएको छ । सिङ्गो प्रशासनिक संरचना, सुरक्षा अङ्ग र संवैधानिक अङ्गहरूलाई काङ्ग्रेसीकरण गर्ने कोसिस गर्दै आएको छ । सिङ्गो प्रशासनिक संरचना, सुरक्षा अङ्ग र संवैधानिक अङ्गहरूलाई काङ्ग्रेसीकरण गर्ने कोसिस गर्दै आइरहेको छ । उसले आठ पार्टी मोर्चामा सहमति खोज्नुको अर्थ काङ्ग्रेसी अडानमा अरूले सहमत हुनु हो भन्ने गलत मान्यता स्थापित गर्न खोज्दैछ । आठ पार्टी मोर्चालाई टुट्न दिन नहुने, अरूका जायज तर्कलाई समेत काङ्ग्रेसले स्वीकार नगर्ने र त्यस्तो अवस्थामा 'नोटअफ डिसेन्ट' लेखेरै भए पनि सहमतिमा पुग्ने हाम्रो भूमिकालाई कमजोरीको अर्थमा बुझ्ने र झन्पछि झन् हामीमाथि सवार हुन खोज्ने एकाधिकारवादी अभ्यास गर्दै आएको छ । आफ्नो गुट स्वार्थका निम्ति सहयात्री राजनीतिक पार्टीहरूबीचको अन्तरविरोधहरूमा समेत खेल्ने, एउटालाई अर्काको विरोधमा उपयोग गर्ने र यहाँसम्म कि शान्ति, राष्ट्रिय स्वाधीनता र साम्प्रदायिक सद्भावविरोधी तत्त्वहरूलाई समेत उचाल्ने वा उपयोग गर्ने घृणित कार्य गर्दै आएको छ । त्यसैगरी काङ्ग्रेसी नेतृत्व खासगरी प्रधानमन्त्रीको सेरेमोनियल मोनार्की, बेबी किङ्, राजासहितको गणतन्त्र आदि जस्ता यथास्थितिवादी पश्चगामी मानसिकता तथा कम्युनिस्ट क्रान्तिकारीहरू खासगरी नेकपा (एमाले) को सम्भावित विजयबाट तर्सिएर प्रतिगामी एवम् दरबारिया तत्त्वहरूसँग मित्रता गाँस्ने र यो वा त्यो बहानामा संविधानसभाको निर्वाचन टार्दै जाने काङ्ग्रेसी दाउपेच मुलुकको अग्रगामी निकासका लागि गम्भीर बाधक बनेर उपस्थित भएको छ ।

हामीले आठ पार्टी एकतालाई अक्षुण राख्न र यसलाई अग्रगामी कार्यसूचीका आधारमा सुदृढ तुल्याउन भरपूर तागत लगाउनुपर्दछ । तर, यसको अर्थ काङ्ग्रेसी सर्वसत्तावाद र उसको एकाधिकारवादी हरकतका सामु झुक्नुपर्दछ भन्ने हुन सक्तैन । तसर्थ, हामीले काङ्ग्रेसका गलत अडान र उसका सहयात्रीहरू, खासगरी नेकपा (एमाले) प्रतिको अधिनायकवादी व्यवहारका विरुद्ध दृढतापूर्वक जुझ्न जरुरी छ । आठ दलको मोर्चालाई सहअस्तित्व, पारस्परिक सम्मान र न्यायपूर्ण सम्बन्धका आधारमा अगाडि बढाउन जरुरी छ । सरकार, संसद्, संवैधानिक निकाय, प्रशासनिक संरचना, सुरक्षा अङ्गलगायत सर्वत्र भइरहेको काङ्ग्रेसीकरणको विरुद्धमा सरकार, संसद्, आठ पार्टी बैठक र सडकमा समेत कडा प्रतिवाद गर्न जरुरी छ । उसका सर्वसत्तावादी अभ्यास तथा आचरणका विरुद्ध तिखो राजनीति प्रतिवादमा उत्रिन जरुरी छ । हामीले आफ्नो जिम्मेवार भूमिकाप्रति पश्चात्ताप गर्ने होइन, बरु काङ्ग्रेसलाई समेत जिम्मेवार भूमिकामा आउन बाध्य पार्नु जरुरी छ । त्यसैगरी काङ्ग्रेसका गलत नीति तथा दृष्टिकोणका विरुद्धमा तिखो वैचारिक सङ्घर्ष सञ्चालन गर्न जरुरी छ । कुनै न कुनै रूपको राजतन्त्रलाई निरन्तरता दिने र मुलुकलाई यथास्थितिको चक्रव्युहमा फसाइरहने काङ्ग्रेसी षड्यन्त्रलाई नाङ्गेझार पार्न जरुरी छ । सिङ्गो पार्टीपङ्क्ति र आमजनतालाई काङ्ग्रेसका पश्चगामी एवम् यथास्थितिवादी विचार, दृष्टिकोण र गतिविधिका विरुद्ध प्रशिक्षित गर्न र योजनाबद्ध हिसाबले परिचालिन गर्न जरुरी छ । राजतन्त्रको रक्षाकवच बन्ने कुनै पनि शक्तिहरूलाई राजतन्त्रसँगै परास्त गर्ने तयारीका साथ अघि बढ्न जरुरी छ ।

(ख) माओवादी अतिवाद हाम्रासामु उपस्थित अर्को चुनौती हो । यतिबेला नेकपा (माओवादी) ले एकैसाथ दुईवटा डुङ्गामा सवार हुने असम्भव अभ्यास गर्दैछ । उसले एकातिर शान्तिपूर्ण राजनीति एवम् बहुदलीय प्रतिस्पर्धाप्रति लिखित प्रतिबद्धता जनाइरहेको छ भने अर्कातिर माओवाद र प्रचण्डपथजस्ता उग्रवामपन्थी राजनीतिका आधारहरूलाई बोकिरहेको छ र कथित जनयुद्धप्रति गौरवबोध गरिरहेको छ । एकातिर संवैधानिक, शान्तिपूर्ण र संसदीय राजनीतिमा पदार्पण गरिरहेको छ भने अर्कातिर हतियार र सेनाप्रतिको मोह छाड्न सकेको छैन । त्यति मात्र होइन, अन्तरिम संविधानको निर्माता, अन्तरिम व्यवस्थापिका र सरकारको महत्त्वपूर्ण हिस्सेदार भईकन पनि वाईसीएलका नाममा बलप्रयोग, त्रास र आतङ्कलाई निरन्तरता दिइरहेको छ । यदि माओवादीहरू संविधानसभाको माध्यमबाट शान्तिपूर्ण प्रतिस्पर्धाको राजनीतिमा अवतरण गर्न तयार छन्, अधिनायकवादी शासनप्रणालीको ठाउँमा बहुदलीय प्रतिस्पर्धासहितको लोकतान्त्रिक प्रणाली स्वीकार गर्न तयार छन् र आफूलाई निशस्त्र नागरिक पार्टीमा रूपान्तरण गर्न तयार छन् भने माओवाद, प्रचण्डपथ र कथित जनयुद्धको गौरवगानबाट आफूलाई अलग गर्न सक्नुपर्दछ । वाईसीएलका नाममा कानुन हातमा लिएर समानान्तर सत्ता सञ्चालन गर्ने र आतङ्कको राज खडा गर्नेजस्ता ज्यादतीपूर्ण अभ्यासलाई परित्याग गर्न सक्नुपर्दछ । यदि उनीहरूमा माओवाद, प्रचण्डपथ, हतियार, सेना, वाईसीएलको आतङ्क र कथित जनयुद्धप्रति मोह छ र ती चीजहरू छाड्न सक्तैनन् भने संविधानसभाको माध्यमबाट शान्तिपूर्ण अवतरण र समाजको क्रान्तिकारी रूपान्तरणको उनीहरूको प्रतिबद्धताको कुनै अर्थ रहने छैन ।

उग्रवामपन्थी राजनीतिको आधार एवम् हिंसा, हत्या र आतङ्कको मार्गदर्शक माओवाद र प्रचण्डपथलाई बोकेर कोही पनि सच्चा लोकतन्त्रवादी बन्न सक्दैन । हतियार, हिंसा र आतङ्कमा आधारित कथित जनयुद्ध असफल अभ्यास थियो र अब त्यसको कुनै भविष्य छैन । तसर्थ, नेकपा (माओवादी) ले दुई डुङ्गामा यात्रा गर्ने द्विविधाग्रस्त अभ्यासलाई छाड्न सक्नुपर्दछ । माओवाद र प्रचण्डपथको बोझ बिसाउन र हतियार एवम् सेनाप्रतिको मोह त्याग्न सक्नुपर्दछ । क्रान्ति वा निर्माणका हरेक मोर्चामा जनताको विश्वास जितेर शान्तिपूर्ण तरिकाले अघि बढ्न प्रतिबद्ध हुनुपर्दछ । हतियार बोकेर युद्धमा फर्किनु जनता, राष्ट्र र स्वयम् माओवादीका निम्ति समेत सर्वनासको विकल्प हो । तसर्थ, नेकपा (माओवादी) का सामु विश्वासका साथ शान्तिपूर्ण राजनीतिमा अघि बढ्नुबाहेक अर्को कुनै विकल्प छैन । यदि उसले शान्तिपूर्ण प्रतिस्पर्धाको राजनीतिलाई स्वीकार गर्दा राष्ट्रिय राजनीतिमा विजयी बन्न सकिन्न भन्ने ठानेको छ भने उसका सामु पराजयको पनि विकल्प छैन ।

माओवाद, प्रचण्डपथ र कथित जनयुद्धले नेकपा (एमाले) का सैद्धान्तिक, कार्यक्रमिक तथा नीतिगत निष्कर्षहरूलाई खण्डित गर्न सकेनन् । बरु माओवादीको पछिल्ला अभिव्यक्ति र अभ्यासहरूले नेकपा (एमाले) का निष्कर्षहरू, खासगरी जनताको बहुदलीय जनवादको श्रेष्ठतालाई नयाँ उचाइबाट पुष्टि गरिरहेका छन् । आज आएर नेकपा (माओवादी) ले आफूलाई गैरसैनिक नागरिक सङ्गठनमा रूपान्तरण गर्न, निशस्त्र हुन, प्रचण्डपथ छाड्न र माओवादप्रति पुनः विचार गर्न तयार भएको अभिव्यक्ति दिइरहेको छ । उनीहरू एक्काइसौँ शताब्दीको जनवादका नाममा जनताको बहुदलीय जनवादको नजिक आइपुग्न खोज्दैछन् । यसका बाबजुद नेकपा (माओवादी) ले उग्रवामपन्थी चिन्तनको धङधडी र तद्‌जन्य क्रियाकलापहरूबाट आफूलाई मुक्त गर्न सकेका छैनन् । माओवादीमा यसप्रकारको परिवर्तन आउनुका पछाडि विगतमा हामीले उनीहरूका गलत विचार र व्यवहारका विरुद्ध सञ्चालन गरेको विचारधारात्मक सङ्घर्षको पनि महत्त्वपूर्ण भूमिका छ । तसर्थ, नेकपा (एमाले) का हरेक नेता, कार्यकर्ता तथा सदस्यहरूले नेकपा (माओवादी) लाई विश्वसनीय लोकतान्त्रिक पार्टीमा रूपान्तरण गर्ने पवित्र उद्देश्यका साथ उनीहरूलाई उग्रवामपन्थी तथा अराजकतावादी नीति, विचार र दृष्टिकोणका विरुद्ध सशक्त एवम् तिखो ढङ्गको वैचारिक सङ्घर्ष सञ्चालन गर्न जरुरी छ । वाईसीएलले कानुन हातमा लिएर सञ्चालन गरेका त्रास, बलजफ्ती र ज्यादतीपूर्ण क्रियाकलापहरूका विरुद्ध आमजनतालाई साथमा लिएर कानुनसम्मत, शान्तिपूर्ण र राजनीतिक प्रतिवाद गर्न जरुरी छ । वाईसीएलले सिर्जना गरेका अवरोधहरूलाई पन्छाउँदै पार्टीको राजनीतिक तथा सङ्गठनात्मक कार्यलाई राष्ट्रव्यापी तथा जनव्यापी बनाउन जरुरी छ ।

(ग) यतिबेला दलित, महिला, आदिवासी-जनजाति, मधेसी, धार्मिक अल्पसङ्ख्यक, दुर्गम क्षेत्रका जनतालगायत पछाडि परेका समुदायहरू आफ्‌ना जातीय, भाषिक, सांस्कृतिक, सामुदायिक तथा प्रादेशिक अधिकारका लागि जागरुक, सङ्गठित र आन्दोलित भइरहेका छन् । नेकपा (एमाले) जातीय, भाषिक, सांस्कृतिक, सामुदायिक तथा प्रादेशिक अधिकारको पक्षमा छ । त्यस निम्ति सञ्चालित नेपाली जनताको न्यायपूर्ण आन्दोलनको पक्षमा छ र त्यसको अग्रमोर्चामा खडा छ । तर कतिपय प्रतिगामी, यथास्थितिवादी

तथा देशद्रोही तत्त्वहरूले नेपाली जनताको न्यायपूर्ण आन्दोलनलाई दिग्भ्रमित गर्ने र त्यसलाई साम्प्रदायिक दङ्गामा बदलेर आफ्ना कुत्सित उद्देश्यहरू पूरा गर्ने कोसिस गर्दैछन्। उनीहरूले निर्दोष जनपङ्क्ति र हाम्रो पार्टीपङ्क्तिलाई समेत प्रभावित गर्ने कोसिस गरिरहेका छन्। विभिन्न जाति, भाषा र संस्कृतिका जनताबीच विद्यमान साम्प्रदायिक सद्भावका विरुद्धमा विशाक्त विचारहरू फैलाउने, श्रमजीवी जनताबीचको वर्गीय एकतालाई विभाजनमा बदल्ने र साम्प्रदायिक दङ्गा मच्चाउने कोसिस गर्दैछन्।

इतिहासमा जनताले कहिलेकाहीँ हार्नुपरे पनि अन्तिम जित भने जनताकै हुँदै आएको छ। प्रतिक्रियावादी तत्त्वहरूले कहिलेकाहीँ जिते पनि अन्तिम लडाइँमा भने उनीहरूले हार्नैपरेको छ। साम्प्रदायिक तत्त्वहरू युगको प्रवाहविरुद्ध उभिने गर्दछन्। सामाजिक अन्तरविरोधहरूलाई ठीक ढङ्गले परिचालन गर्न र सही निकास दिन नसक्दा साम्प्रदायिक तत्त्वहरूले सल्बलाउने मौका पाउँछन्। र, त्यस्तो अवस्थामा साम्प्रदायिक दङ्गा भड्किन्छ र त्यसले समाजमा फोहोर, कसिङ्गर र विध्वंसका पीडाजनक असरहरू छाडेर जान्छ। साम्प्रदायिक दङ्गाको कुनै सकारात्मक भविष्य हुँदैन। तर, रोक्न सकिएन र कदाचित साम्प्रदायिक दङ्गा भड्कियो भने त्यसले समाजलाई अपूरणीय क्षति पुऱ्याउँछ। त्यसले छाडेका नकारात्मक असरहरू दशकौँ र कहिलेकाहीँ त शदियौँसम्म रहन्छ। तसर्थ, हामीले साम्प्रदायिक तत्त्वहरूलाई शिर उठाउनै नसक्ने गरी परास्त गर्न जरुरी छ। सामाजिक तथा साम्प्रदायिक सद्भाव र एकतालाई सुदृढ तुल्याउन जरुरी छ। यसका लागि विभिन्न जाति, भाषा र संस्कृतिका जनतामाझको वर्गीय एकतालाई सुदृढ तुल्याउन जरुरी छ। दलित, महिला, आदिवासी-जनजाति, मधेसी, धार्मिक अल्पसङ्ख्यक, दुर्गम क्षेत्रका जनतालगायत पछाडि परेका समुदायलाई राजनीतिक, आर्थिक तथा सामाजिक क्षेत्रमा समानुपातिक अवसर दिलाउन र समान हैसियतमा स्थापित गर्न नेकपा (एमाले) का हरेक नेता, कार्यकर्ता र सदस्यहरूले अग्रपङ्क्तिमा उभिएर भूमिका निर्वाह गर्न जरुरी छ। साम्प्रदायिक दङ्गाका आधारहरूलाई समाप्त गर्न जरुरी छ।

(घ) नेपाल स्वतन्त्र, स्वाधीन र सार्वभौम मुलुक हो। तर, यहाँ केही समययता विदेशी शक्तिको चलखेल तथा प्रत्यक्ष-परोक्ष हस्तक्षेप बढ्दै गइरहेको छ। विगतमा नीति निर्माण र निर्णय सम्पादनको तहमा पर्दाभित्रबाट भूमिका निर्वाह गर्दै आएका कतिपय वैदेशिक शक्तिहरूले आज आएर पर्दा उतार्न र कतिपय सन्दर्भमा ठाडो निर्देशनको भाषामा प्रस्तुत हुन थालेका छन्। अमूक काम गर्नैपर्ने र अमूक काम गर्नैनहुने हिसाबले दबाबकारी भूमिका बढाउँदै लगिरहेका छन्। जुनबेला मुलुकभित्रको आन्तरिक एकता बलियो हुन्छ, त्यतिबेला बाह्य हस्तक्षेप कमजोर हुन्छ वा खुम्चिन पुग्दछ। जतिबेला आन्तरिक एकता कमजोर हुन्छ, विभिन्न जाति, भाषा र संस्कृतिका समुदाय तथा आस्थाका शक्तिहरूका बीचको कटुता बढेर जान्छ, जब कोही आफ्नो समूहगत हित समाधानका लागि विदेशी शक्तिको अवाञ्छित सहयोग लिन तत्पर हुन्छ, तब वैदेशिक शक्तिको भूमिका बढेर जान्छ। देशभित्रको त्यस्तै चरमा छिरेर वैदेशिक शक्तिहरूले आफ्नो हस्तक्षेपकारी गतिविधि बढाउन थाल्दछन्। आज ठीक त्यही अवस्था सिर्जना भएको छ। जनआन्दोलनपछि विकसित भएको सङ्क्रमणकाल र राजनीतिक तथा सामाजिक शक्तिहरूका बीचमा उत्पन्न विवादको चरबाट विदेशी शक्तिहरू छिर्न र नेपालको आन्तरिक मामिलामा हस्तक्षेप गर्न थालिरहेका छन्। त्यस निम्ति उनीहरूले विभिन्न साम्प्रदायिक एवम् प्रतिक्रियावादी तत्त्वहरूलाई सहयोग गर्ने वा उक्साउने काम गरिरहेका छन्।

स्वाधीन, स्वतन्त्र, सार्वभौम र अविभाज्य नेपालबिना नेपाली अस्तित्व सम्भव हुँदैन। तसर्थ, हामीले प्रत्येक नेपालीमा नेपाली हुनुको गौरवबोध स्थापित गर्नुपर्दछ। प्रत्येक नेपालीमा देशप्रेमको भावना विकसित गर्नुपर्दछ। विदेशी शक्तिका राष्ट्रिय हितविपरीतका अवाञ्छित एवम् हस्तक्षेपकारी क्रियाकलापको विरोध गर्न र राष्ट्रिय एकता, स्वाधीनता र सार्वभौमिकताको रक्षा गर्न जस्तोसुकै बलिदान गर्न पनि तयार हुने गरी सिङ्गो पार्टीपङ्क्ति र आमजनतालाई प्रशिक्षित र परिचालित गर्नु जरुरी छ।

(ङ) यतिबेला नेकपा (एमाले) राज्य सञ्चालनको मुख्य जिम्मेवारीमा छैन। तर, यसको भविष्य उज्ज्वल छ। यो पार्टी मुलुकलाई सफल नेतृत्व प्रदान गर्ने सुनिश्चित विकल्प हो। संविधानसभाका लागि होस् वा सर्वोच्च विधायिकाका लागि होस् यदि निष्पक्ष, स्वतन्त्र र धाँधलीरहित ढङ्गले निर्वाचन सम्पन्न हुने हो भने, जनताले भयरहित ढङ्गले मतदान गर्न पाउने हो भने नेकपा (एमाले) को विजयलाई रोक्न सक्ने तागत कसैमा छैन। त्यसै हुनाले प्रतिगामी दरबारिया शक्ति, बुर्जुवा सुधारवादी (वस्तुतः यथास्थितिवादी) शक्ति र उग्रवामपन्थी अतिवादी शक्तिहरूले नेकपा (एमाले) को शक्ति र प्रभावबाट तिल्मिलाएका छन् र यसका विरुद्ध प्रहार केन्द्रित गरिरहेका छन्। यिनीहरूले एक समयमा जनताको बहुदलीय जनवादको विरोधमा जेहाद छेडेका थिए तर अहिले आएर यसप्रति चुप्पी साँधिरहेका छन्। जनताको बहुदलीय जनवादप्रतिको उनीहरूको

विरोध निरर्थक सावित भएको छ। अहिले यिनीहरू समकालीन सन्दर्भमा पार्टीले लिएका निर्णयका विरुद्धमा खनिएका छन्। पार्टीका कार्यनीतिक निष्कर्षहरूका विरुद्धमा केन्द्रित भएका छन्। नेकपा (एमाले) अस्थिर र अविश्वसनीय शक्ति हो भन्ने भ्रम दिने उद्देश्यका साथ प्रचार युद्धमा उत्रिएका छन्। यो पार्टीलाई स्वतन्त्र विश्लेषण र अडान नभएको, कहिले माओवादीको त कहिले काङ्ग्रेसको पछि लाग्ने जमात हो भनेर भ्रम दिन अनेक प्रकारका कसरतहरू हुने गरेका छन्। नेकपा (एमाले) को विरोधमा नियमित र सघन ढङ्गले सञ्चालन गरिएको प्रायोजित प्रचारबाट कहिलेकाहीँ आमजनतामा समेत भ्रम पैदा हुने गरेको छ। यदाकदा पार्टीका शुभचिन्तक र हितचिन्तकहरूसमेत चिन्तित र दुःखित हुने गरेका छन्। यतिसम्म त सायद स्वाभाविक पनि होला। तर, चिन्ताको कुरा के छ भने कहिलेकाहीँ विपक्षी एवम् विरोधीहरूको प्रायोजित प्रचारको प्रभावमा पार्टीका कतिपय नेता, कार्यकर्ता र सदस्यहरूसमेत पर्ने गरेको पाइन्छ।

नेकपा (एमाले) को उन्नतिमा आफ्नो अवनति देख्ने, यसको जितमा आफ्नो हार देख्ने र यसको पराजयमा आफ्नो विजय देख्ने शक्ति तथा प्रवृत्तिहरूले यो पार्टीको विरुद्धमा प्रहार केन्द्रित गर्नु बिलकुल स्वाभाविक कुरा हो। तसर्थ, पार्टीका कुनै पनि नेता, कार्यकर्ता वा सदस्यहरू यसबाट विचलित हुन जरुरी छैन। तर, हामीले यो अवस्थालाई टुलुटुल हेरेर बस्न पनि हुँदैन। यसप्रकारको नियोजित प्रचारका विरुद्ध शक्तिका साथ जुध्नु जरुरी छ। हजारौँ झूट र फरेबपूर्ण प्रचारहरूलाई तथ्य र तर्कको चोटिलो प्रहारद्वारा परास्त गर्न जरुरी छ। जनआन्दोलनको सशक्त प्रहारबाट घाइते भएको, बेचैनीका साथ अन्तिम पराजयको प्रतीक्षा गरिरहेको र अस्तित्वरक्षाका निम्ति असफल षड्यन्त्रमा तल्लिन रहेको राजतन्त्र नेपाली जनताको विश्वासको प्रतिनिधि हुन सक्तैन। राजतन्त्र राख्ने कि फाल्ने भन्ने केन्द्रीय प्रश्नमा मौन रहेको, जनतालाई अधिकार सम्पन्न बनाउनमा होइन कि राजाको स्पेसका निम्ति चिन्ता गर्ने, हरेक अग्रगामी एजेन्डाको विरोधमा उभिएर मुलुकलाई यथास्थितिको पर्खालभित्र कैद गर्न चाहने र सार्वजनिक रूपमा संविधानसभाको चुनाव सम्पन्न गर्नु भनेर कबुल गर्ने तर आन्तरिक रूपमा चुनाव हुन नदिने षड्यन्त्र गर्ने नेपाली काङ्ग्रेसजस्तो शक्तिलाई जनताले मुलुकको जिम्मेवारी दिने कुनै आधार छैन। नेकपा (माओवादी) त झन् न वल्लो घाटमा न त पल्लो तिरमा भने जस्तो अवस्थामा छ। लोकतान्त्रिक मूल्य-मान्यतालाई मान्छु भन्नु तर उग्रवामपन्थी दृष्टिकोण र आचरण छाड्न नसक्नु माओवादीको विशेषता बनेको छ। माओवादीमा न त युद्धमा फर्किएर बन्दुकको बलमा केन्द्रीय सत्ता कब्जा गर्नुपर्छ भन्ने विश्वास बनेको छ, न संविधानसभाको माध्यमबाट जनअभिमतका आधारमा राज्यसत्ताको केन्द्रभागमा पुग्न सकिन्छ भन्ने विश्वास छ। भए चुनावबाट, नभए बन्दुकबाट भन्ने द्विविधाग्रस्त नै माओवादीको यतिबेलाको वास्तविकता हो। जनताले माओवादीलाई युद्धका लागि साथ दिने कि चुनावका लागि साथ दिने भन्ने नै प्रस्ट छैन। नेकपा (एमाले) बाट एकाध कमजोरी भए होलान्, भएका छन्। त्यसका बाबजुद यो जनता, राष्ट्र परिवर्तन र प्रगतिप्रति प्रतिबद्ध पार्टी हो। यसका नीति र विचारहरू मात्र सही र सामयिक भएका होइनन्, जनताको विश्वास पनि यही पार्टीमाथि छ। तसर्थ, पार्टीका हरेक नेता, कार्यकर्ता र सदस्यहरूले यो पार्टी र यसका नीति तथा निर्णयहरूका विरुद्धमा हुने हरेक आक्रमणको डटेर मुकाबिला गर्नुपर्दछ। हरेक क्षण सिङ्गो पार्टीको प्रतिरक्षा गर्नुपर्दछ। ■

***जनताको बहुदलीय जनवादलाई समृद्ध बनाउने हो भने ...***

***' ईश्वर पोखरेल***

'जडसूत्रवाद र विसर्जनवादको विरोध गरौँ, मार्क्सवादको सिर्जनात्मक प्रयोग र विकास गरौँ' भन्ने सारगर्भित उद्घोष गर्दै नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादलाई नेपाली क्रान्तिको मौलिक कार्यक्रमका रूपमा स्वीकार गरेको थियो। मानव जातिले अहिलेसम्म आर्जन गरेका सर्वोत्तम उपलब्धिहरूको संश्लेषित वैज्ञानिक निचोडको रूपमा स्थापित मार्क्सवादलाई सिर्जनात्मक रूपमा प्रयोग गर्ने र विकास गर्ने जीवन्त र अठोटपूर्ण सोचका साथ नेकपा (एमाले) ले यो विचारलाई प्रस्तुत गरेको थियो। प्रतिकूलताका झन्झावातका कारण अन्तर्राष्ट्रिय कम्युनिस्ट आन्दोलनका अगाडि देखापरेका निराशा, हतोत्साह र कुण्ठाले शीतलहरी छाउँदै गरेका बेला एकातिर विसर्जनवादी सोच र पलायनका प्रवृत्ति जबरजस्त रूपमा हुर्कंदै-बढ्दै थिए भने अर्कोतिर जडसूत्रवादी विश्लेषण तथा अभ्यासहरूलाई अगाडि बढाउने प्रयत्न पनि जारी थियो। अनुचित र सङ्गति नमिलेका यी दुवै चिन्तन र आचरणलाई चुनौती दिँदै नेपाली भूमिमा नेकपा (एमाले) ले जनताको बहुदलीय जनवादलाई अघि सारेको थियो। कम्युनिस्ट आन्दोलन तथा जनताको मुक्तिको

अभियानलाई नयाँ स्तरमा जीवन र गति दिने उद्देश्यका साथ नेकपा (एमाले) ले यो साहसिक काम गरेको थियो । जननेता मदन भण्डारीको विशेष भूमिका र अगुवाइमा नेकपा (एमाले) ले आजभन्दा १५ वर्षअगाडि औपचारिक रूपमा यो साहसिक उद्घोष गरेको थियो ।

नेकपा (एमाले) ले बितेका यी १५ वर्षमा कम्युनिस्टविरोधी दक्षिणपन्थी प्रतिक्रियावादीहरूबाट मात्र होइन, आन्दोलनभित्रैका जडसूत्रवादी तथा विसर्जनवादीहरूबाट प्रहार सहनु पर्‍यो । कोणमा भिन्नता देखिए पनि यी दुवैबाट हमला एमालेमाथि नै भइरह्यो । तर, आफूमाथि गरिएका हमलाको मुकाविला गर्दै जनताको बहुदलीय जनवादको प्रकाशमा अगाडि बढ्ने द्विविधारहित र अविचलित यात्रामा नेकपा (एमाले) कायमै रह्यो । नेकपा (एमाले) भित्रै पनि जबजलाई बुझ्ने, व्याख्या गर्ने र अभ्यास गर्ने विषयमा छलफल, बहस र विवादहरू नचलेका होइनन् । यस क्रममा प्राप्त मिश्रित अनुभवहरू हामीसित सङ्ग्रहित छन् ।

मूलतः अहिलेसम्म हामीले जितेका नै छौं। २०४९ माघमा सम्पन्न पाँचौं राष्ट्रिय महाधिवेशनबाट जनताको बहुदलीय जनवादलाई हामीले कार्यक्रमका रूपमा स्वीकार गर्‍यौं । ०५४ सालमा सम्पन्न छैटौं राष्ट्रिय महाधिवेशनमा आइपुग्दा हामीले जबजको निरन्तरतालाई मात्र स्वीकार गरेनौं, त्यसलाई आफ्नो सम्पूर्ण विचार तथा कामलाई मार्गदर्शन गर्ने सिद्धान्तका रूपमा स्वीकार गर्‍यौं । सातौं राष्ट्रिय महाधिवेशनमा हामीले त्यसको पुनःपुष्टि गर्‍यौं । र, अहिलेसम्म त्यसैको प्रकाशमा अगाडि बढ्दै गरेको सगर्व दाबी हाम्रो छ । यसैमा आधारित भएर, यसबीचमा हामीले पार्टीलाई महत्त्वपूर्ण ढङ्गले विस्तार गर्‍यौं । समाजका हरेक तप्का, समुदाय र वर्गमा पार्टीलाई पुर्‍यायौं । पार्टीको प्रभावलाई विस्तार गर्‍यौं । पार्टीलाई संसद्को सबैभन्दा ठूलो राजनीतिक दलका रूपमा स्थापित गर्‍यौं र जनताबाट निर्वाचित कम्युनिस्ट पार्टीको लोकप्रिय सरकार बनायौं । आफूले अघि सारेका नीति, कार्यक्रम तथा व्यवहारका कारण त्यो सरकार लोकप्रिय बन्न सफल रह्यो । दक्षिणपन्थी शक्तिहरूको गठबन्धनका कारण सरकारबाट हट्नुपरे पनि जनसमर्थन र लोकप्रियतामा कमी आएन । दुईतिहाइ बहुमत प्राप्त गरी ठूला, अग्रगामी र जनमुखी सुधार गर्दै राज्य र समाजमै आमूल परिवर्तन गर्ने ध्येय-उद्देश्यका साथ नेकपा (एमाले) अगाडि बढिरहेको विषयप्रति राष्ट्रिय-अन्तर्राष्ट्रिय क्षेत्रका सबै दक्षिणपन्थी शक्तिहरू सशङ्कित र त्रसित बनेका थिए। कम्युनिस्ट आन्दोलनको प्रजातान्त्रीकरण, राज्यको प्रजातान्त्रीकरण र सिङ्गो समाजकै प्रजातान्त्रीकरण गर्ने दार्शनिक-सैद्धान्तिक मान्यतामा आधारित जनताको बहुदलीय जनवादबाट निर्देशित हुँदै नेकपा (एमाले) ले कम्युनिस्ट पार्टीकै रूपमा आफूलाई यसरी अगाडि बढाइरह्यो । आफूले लिएको विचार, हिँडेको बाटो, जनता र राष्ट्रप्रतिको आफ्नो प्रतिबद्धता र आचरणका कारण नेकपा (एमाले) परिवर्तनका पक्षधर-जनताको अगुवा शक्तिका रूपमा परिचित भइरह्यो ।

तर, हामीले अगाडि बढाउँदै आएका अभ्याससँगै थुप्रै किसिमका समस्याहरू पनि एमालेका अगाडि देखापर्दै गए । आफूले स्वीकार गरेको सिद्धान्त, आफ्नो कार्यक्रमिक प्रतिबद्धता, सङ्घर्षका रूप, परिवर्तनका प्रक्रिया, सङ्गठनात्मक सिद्धान्त आदि विषयलाई नयाँ परिस्थिति र सन्दर्भमा अध्ययन गर्नुपर्ने, छलफल चलाउनुपर्ने र निष्कर्षमा पुग्नुपर्ने आवश्यकता एमालेका अगाडि टड्कारो रूपमा देखापरिरहेको छ ।

परिवर्तित सन्दर्भमा पार्टी निर्माणको विषय नेकपा (एमाले) का लागि अत्यन्त महत्त्वपूर्ण कार्यसूची बन्ने कि नबन्ने ? यतिबेला नेकपा (एमाले) को जागरुक पङ्क्तिले पार्टीलाई नयाँ ढङ्गले निर्माण गर्नुपर्छ भन्न थाल्दैछ । त्यो नयाँ किसिमले बन्ने पार्टी कस्तो हुने ? परिस्थितिलाई पुरानै देख्नेहरूले नयाँ किसिमले पार्टी निर्माणको आवश्यकता र महत्त्वलाई बुझ्न सक्तैनन् । परिस्थितिमा महत्त्वपूर्ण परिवर्तन भएको त मान्ने तर नयाँ जीवनलाई ठोस ढङ्गले निर्देशित गर्न नयाँ सिद्धान्तलाई भने स्वीकार गर्न नसक्नेहरू, पुरानै सिद्धान्तमा टाँसिएर 'बलिदान हुन' चाहनेहरूले पनि नयाँ किसिमले पार्टी निर्माणमा भूमिका खेल्न सक्तैनन् । यस्तै, परिस्थितिमा आएको परिवर्तनलाई त देख्ने, त्यस अनुरूप सिद्धान्तको आवश्यकता पनि देख्ने तर पुरानो सिद्धान्त र परिस्थितिलाई राम्ररी थाहा नपाउनेहरूले पनि पार्टी निर्माणको साहसिक अभिभारा पूरा गर्न सक्तैनन् । पाँचौंदेखि सातौं राष्ट्रिय महाधिवेशनसम्म आइपुग्दा हामीले उल्लेख गर्दै आएको मार्गदर्शक सिद्धान्तका सम्बन्धमा नयाँ स्तरमा छलफल चलाउनु र हाम्रा आफ्ना बुझाइ र व्याख्यालाई नयाँ स्तरमा सङ्गठित र व्यवस्थित गर्नु जरुरी छ। जनताको बहुदलीय जनवादलाई समृद्ध पारेर मात्रै मार्गदर्शक सिद्धान्तको सवालमा अहिलेसम्म रहँदै आएका उल्झनहरूलाई दूर गर्न सकिन्छ। यसका लागि स्वयम् जबजलाई थप व्यवस्थित, थप सुदृढ र थप सङ्गतिपूर्ण सैद्धान्तिक-दार्शनिक आधारमा मजबुतीका साथ उभ्याउनु जरुरी छ। यसका लागि हामी तयार बन्नैपर्छ। यसैक्रममा राज्यसत्तासम्बन्धी हाम्रा आफ्ना परम्परागत बुझाइ र मान्यतामा प्रकट हुने गरेका एकाङ्गी दृष्टिकोणको पनि पुनःगठन आवश्यक देखिन्छ । क्रान्ति वा परिवर्तनलाई बुझ्ने सम्बन्धमा रहेका अत्यन्त सतही दृष्टिकोण र अभिव्यक्तिहरू पनि

छ्यासछ्यास्ती प्रकट हुने गरेका छन् । अहिले पनि क्रान्तिकारी परिवर्तनलाई केवल घटनाका रूपमा बुझ्ने चिन्तन र अभिव्यक्तिहरू बलशाली नै छन् । क्रान्तिकारी परिवर्तन एउटा निरन्तरको प्रक्रिया हो, परिवर्तन चाहने प्रत्येक क्रान्तिकारीले त्यो प्रक्रियालाई अगाडि बढाउने कुरामा सक्रिय भूमिका खेलिरहनुपर्छ भन्ने बुझाइ र मान्यतालाई राम्ररी स्थापित गरेर मात्र जनताको बहुदलीय जनवादको विचारद्वारा निर्देशित पार्टी बनाउन सकिन्छ । विचारको प्रतिस्पर्धालाई स्वीकार गरेको छ- एमालेले । योग्यता र क्षमता प्रदर्शन गरेर श्रेष्ठता हासिल गर्ने कुरामा विश्वास गर्छ- एमाले । तर, अहिलेसम्मका अनुभवको उचाइमा उभिएर स्वीकार गर्नैपर्छ- पार्टीको साङ्गठनिक जीवनमा प्रतिस्पर्धाको अभ्यास सहज हुने गरेको छैन । र, त्यो असहजताले कहिलेकाहीँ त सिङ्गो पार्टी जीवनलाई गम्भीर नोक्सानीसमेत पुऱ्याएको अनुभव हामीसित छ । पार्टी जीवनको प्रजातान्त्रीकरण जनताको बहुदलीय जनवादको एउटा महत्त्वपूर्ण र बृहत् आयाम हो । तर, पार्टीभित्र केही औपचारिक र केही-केही अनौपचारिक छलफल सुरु भए पनि परिणाम दिने हिसाबले त्यसले गति भने लिन सकेको छैन । पदहरूको बाँडफाँटमा मात्र यसलाई बुझियो र जबजको बृहत् आयाम बनाउन सकिएन भने पार्टी जीवनको प्रजातान्त्रीकरण सम्भव हुन सक्तैन । धेरैभन्दा धेरै परिभाषित जिम्मेवारी पूरा गर्ने कार्यकर्ताहरूको पङ्क्ति तयार गर्नुपर्ने निर्देशन जबजले गरेको छ । यसै आधारमा कार्यकर्ता नीति बन्नु पनि पर्छ । भूमिगत वा अवैधानिक तरिकाबाट काम गरिरहेको कम्युनिस्ट पार्टीले अख्तियार गरेको कार्यकर्ता नीति परिवर्तित सन्दर्भमा उपयोगी हुन सक्तैन । अहिले विकसित विशिष्ट अवस्था, जबजले बोकेको क्रान्तिकारी परिवर्तनको सोचसित सङ्गति राख्ने हिसाबले कार्यकर्ता नीति व्यवस्थित गरिनु पर्दछ । यस्तै, अहिलेसम्म भएको संसदीय क्षेत्रभित्रको कामको समीक्षा र त्यसलाई व्यवस्थित, सन्तुलित र सङ्गतिपूर्ण बनाउनु पर्छ । अहिलेसम्म भएका अभ्यासहरूमा सन्तुलन, समन्वय र सङ्गति नमिलेको कुरालाई अब लुकाउन सकिँदैन ।

०६२/६३ को राष्ट्रव्यापी आन्दोलनले शान्तिपूर्ण राजनीतिक जनक्रान्तिको स्वरूप लिएपछि विकसित भएको विशिष्ट परिस्थितिले लोकतान्त्रिक गणतन्त्र, राज्यको पुनःसंरचना, सङ्घीय शासन र समावेशी लोकतन्त्रलाई अनिवार्य विषय बनाएको छ । अबको शासन व्यवस्थामा यी अभिन्न विषय हुने कुरा स्वीकार गरिएको छ । जनताको बहुदलीय जनवादले यी विषयहरूलाई बोक्नैपर्छ- समेट्नैपर्छ । लोकतान्त्रिक गणतन्त्रको कार्यनीतिक नारालाई एमालेले अघि सारेको छ । जनताको बहुदलीय जनवाद र कार्यनीतिक नाराका रूपमा तय गरिएको लोकतान्त्रिक गणतन्त्रको अन्तरसम्बन्धलाई व्यवस्थित परिभाषामा समेट्नैपर्छ । लोकतान्त्रिक गणतन्त्रको प्राप्ति र त्यसमा कम्युनिस्टहरूको सक्रिय सहभागिता, पहलकदमी र भूमिकाले मात्र जबजका लागि मजबुत आधार निर्माण हुनसक्छ । यो अन्तरसम्बन्धका सैद्धान्तिक र राजनीतिक आधारहरूलाई व्यवस्थित बनाएर मात्र अब नेकपा (एमाले) अगाडि बढ्न सक्छ ।

आज जनताको बहुदलीय जनवादका प्रणेता र व्याख्याता दिवङ्गत जननेता मदन भण्डारीप्रति श्रद्धाञ्जली व्यक्त गरिरहँदा र जनताको बहुदलीय जनवादलाई अब नयाँ परिस्थितिमा दिशाबोध गर्नसक्ने विचारका रूपमा स्थापित गर्नका लागि माथि उल्लेख गरिएका केही विषयमा व्यवस्थित छलफल र समुचित निष्कर्षमा पुग्नका लागि नेकपा (एमाले) अब अगाडि बढ्नैपर्छ । यो कामको व्यवस्थित थालनीका लागि श्रद्धेय नेताहरूप्रति श्रद्धाञ्जली व्यक्त गर्ने चौधौँ स्मृति दिवसले प्रारम्भ गरोस् । हामी चाहन्छौँ- विचार प्रस्तोता कमरेडहरूले आफ्ना प्रस्तुतिमा यिनै विषयलाई सम्बोधन गर्नुहोस् । यसो गरेर जनताको बहुदलीय जनवादलाई सैद्धान्तिक लफ्फाजीका साथ तिरस्कार गरी हिंसात्मक बाटो समातेका माओवादीहरूलाई समेत इमानदारीपूर्वक र स्पष्टताका साथ स्वीकार गर्दै अगाडि आउन सहयोग पुऱ्याओस् । जबजकै अन्तरतत्त्व भन्न मिल्ने कतिपय विषयलाई लिएर पनि नयाँ आवरण दिने उनीहरूका व्यवहारलाई समेत सच्याउन सहयोग पुगोस् ।

*हामीलाई मार्गदर्शन गर्ने विचारलाई समृद्ध बनाउने कामको थालनी यही स्मृति दिवसबाट सुरु होस् । श्रद्धेय जननेता मदन भण्डारी र जीवराज आश्रितप्रति हार्दिक श्रद्धाञ्जली !* ■

***कस्तो हुनुपर्छ आगामी बजेट ?***

***' भरतमोहन अधिकारी***

अन्तरिम सरकारले आर्थिक वर्ष २०६४/६५ का लागि बजेट ल्याउने तयारी गरिरहेको छ । यो बजेट कस्तो हुनुपर्छ भन्ने विषयमा प्रवेश गर्नुअघि गत आर्थिक वर्षको बजेटको समीक्षा गर्नु उपयुक्त हुन्छ । आगामी दिनका लागि बजेट निर्माण गर्दा अहिलेको बजेटको उचित र वस्तुनिस्ट समीक्षा गर्न सकियो भने मात्र ठीक निष्कर्षमा पुग्न सकिन्छ ।

**विगतको बजेटको समीक्षा**

०६३ वैशाख ११ गते राजा ज्ञानेन्द्रले जनताका सामु घुँडा टेकेपछि प्रतिनिधिसभा पुनःस्थापना भयो र राजनीतिक फाँटमा नेपाली जनताले आफ्ना निम्ति आफैँ संविधान निर्माण गर्ने बाटो खुल्यो । त्यसबखत हाम्रो पार्टी नेकपा (एमाले) ले सार्वजनिक रूपमा भनेको थियो- अहिले देशको अर्थतन्त्र अत्यन्तै नाजुक छ । यो अर्थतन्त्रलाई राजा ज्ञानेन्द्रको हुकुमी शासनले तहसनहस पारेको छ । यस्तो अर्थतन्त्रलाई ध्यान दिएर आर्थिक सुधारका कार्यक्रम ल्याउनुपर्छ । यो किन पनि जरुरी छ भने हामीले आन्दोलनमा समावेशी लोकतन्त्र ल्याउँछौँ भनेका छौँ । त्यसको एउटा अभिन्न अङ्ग समावेशी अर्थतन्त्र हो । यसले गाउँका किसान, महिला, आदिवासी, जनजाति, दलित, सुकुम्वासी, कमैया, भूमिहीन, पछाडि परेका क्षेत्रलगायत कमजोर वर्गलाई समेट्नुपर्छ, जसले निरङ्कुशतालाई परास्त गर्नका लागि नारा बुलन्द गरेका छन्, तिनीहरूका लागि पनि लोकतन्त्रको बजेटले सन्देश दिनुपर्छ । त्यसका लागि सरकारले कार्यक्रम ल्याउनुपर्छ । यी सबै कुरालाई समेटेर समावेशी खालको बजेट आउनुपर्छ । त्यति मात्र होइन, हामीले त्यतिबेला स्पष्ट रूपमा भनेका थियौँ- अहिले धराशायी अर्थतन्त्रलाई सुधार गर्नुका सँगसँगै यसलाई समावेशी बनाएर देशका सर्म्पूण तह र तप्काका जनताको हक-हितको संरक्षण गर्ने गरी लोकतन्त्रको सन्देश दिनुपर्छ । अर्को भाषामा भन्ने हो भने लोकतन्त्रको न्यानो घाम देशका कुनाकाप्चा, हरेक गाउँ र टोलसम्म पुर्‍याउन सक्ने बजेट आउनुपर्छ । हामीले पत्रकार सम्मेलन गरेर आफ्ना कुराहरू सार्वजनिक गरेका थियौँ ।

सरकारले संसद्मा अर्थतन्त्रसम्बन्धी श्वेतपत्र ल्यायो । त्यही श्वेतपत्रलाई आधार बनाएर नेकपा (एमाले) संसदीय विभागका तर्फबाट मैले आर्थिक विषयमा सार्वजनिक महत्त्वको प्रस्ताव प्रस्तुत गरेको थिएँ । त्यस प्रस्तावमा हामीले यिनै कुराहरूलाई जोड दिएका थियौँ । बजेटले तीन कुरामा जोड दिनुपर्छ भन्ने हाम्रो मान्यता थियो । पहिलो, आउने बजेट समावेशी अर्थतन्त्र निर्माण गर्ने दिशामा अघि बढ्नुपर्छ । महिला, दलित, किसान, मजदुर, कमैया, हलीजस्ता कमजोर वर्गका लागि आर्थिक राहत दिने कार्यक्रम आउनुपर्छ । देशको अर्थतन्त्र धराशायी भइरहेको छ । यसलाई ठीक बाटोमा ल्याउन बजेट आउनुपर्छ । लोकतन्त्रको आन्दोलनबाट नेपाली जनताले विश्वसामु सम्मान र इज्जत कमाए । यसका आधारमा सारा विश्वले नेपाली जनतालाई सम्मान गरेको छ र खुला हृदयबाट नेपाली जनतालाई सहयोग गर्न चाहिरहेको छ । त्यो भावनालाई बुझेर हामीले अरू देशहरूले गरेजस्तै ध्वस्त भौतिक संरचनाहरूको पुनःनिर्माण गर्न र धराशायी अर्थतन्त्रलाई उभो लगाउनका लागि अन्तर्राष्ट्रिय सहयोग जुटाउन यस बजेटले पहल गरोस् भनेर सार्वजनिक महत्त्वको प्रस्ताव राखेका थियौँ ।

जनआन्दोलनको सफलतापश्चात् मुलुकमा सात पार्टीको सरकार बन्यो । अर्थमन्त्री नेपाली काङ्ग्रेसको हुनुभयो । उहाँले हाम्रो पार्टीले सार्वजनिक रूपमा व्यक्त गरेका र संसद्मा उठाएका कुरालाई वेवास्ता गरेर बजेट ल्याउनुभयो, जुन बजेटले जनआन्दोलनको भावनालाई मुखरित गर्न सकेन । यसले देशको अर्थतन्त्र डुबेको छ भन्नेतर्फ चिन्ता जाहेर गर्न सकेन । यस्तो बजेट आयो, जसमा न लोकतन्त्रको भावना अभिव्यक्त भयो न डुबेको अर्थतन्त्रलाई अघि बढाउने कुनै सोच आयो, न त त्यस्ता कार्यक्रमहरू नै ल्याइयो । ठीक ०४८/४९ सालमा नेपाली काङ्ग्रेसको एकल सरकारले ल्याएकै ढाँचामा बजेट आयो । त्यसको परिणाम के भयो, हामीले देखेका छौँ । अर्थमन्त्रीले लोकतन्त्रको राप र तापमा हाम्रो आर्थिक वृद्धि पाँच प्रतिशत हुन्छ भन्नुभयो । सबैले त्यो आशा पनि राखेका थिए । तर, पाँच प्रतिशतको आर्थिक वृद्धि हुनका लागि तदनुरूपको नीति-कार्यक्रम आउनुपर्थ्यो । आर्थिक वृद्धिदर लोकतन्त्रको भाषणले मात्र बढ्ने कुरा होइन । बजेटको मध्यावधि समीक्षामा अर्थ मन्त्रालयले आर्थिक वृद्धि पाँच प्रतिशत होइन तीन दशमलव आठ प्रतिशत रहने भयो भन्यो । यस वर्षको ११ महिनासम्म आइपुग्दा त अढाइ प्रतिशतभन्दा बढी आर्थिक वृद्धि नहुने करिबकरिब निश्चित देखिएको छ । लोकतन्त्र बहालीअघिको अवस्थाभन्दा मुलुकको अर्थतन्त्र एक विन्दु पनि अघि बढ्न सकेको छैन । बरु, अर्थतन्त्रको अवस्था अझै चिन्ताजनक भएको छ ।

अहिलेको अर्थिक वृद्धि दुई दशमलव पाँच प्रतिशतले बढ्दै गएका जनताका आवश्यकतालाई धान्नसमेत मुस्किल छ । कुल खर्च ८२ अर्ब ६९ करोड १४ लाख रुपियाँमध्ये ५६ अर्ब ८४ करोड ८८ लाख रुपियाँ छ भने पुँजीगत खर्च केवल १६ अर्ब ६८ करोड ६६ लाख रुपियाँ मात्र छ । सावाँ भुक्तानी नौ अर्ब छ करोड ६० लाख छ । यस वर्ष बजेटमा उल्लेख भएको बाहेक सात अर्ब २९ करोडभन्दा बढी रकम गैरबजेटरी निकासाका रूपमा खर्च भएको छ । शान्तिकालमा पनि साधारण खर्चमा कमी आएको छैन । सडक निर्माणमा यो वर्ष विनियोजन गरिएको कुल बजेटमध्ये फागुन मसान्तसम्ममा ४७ प्रतिशत मात्र खर्च भएको छ । कुल सरकारी खर्चमध्ये विकास खर्च २० प्रतिशत मात्र भयो । दुःखद पाटो के छ भने विकास खर्च गतवर्षको

तुलनामा अझै घटेको छ। २१ वैशाख ०६४ सम्म सरकारसँग झन्डै १५ अर्ब रुपियाँ नगद मौज्दात छ। अर्थमन्त्रालय यत्रो रकम नगद राखेर बसिरहेको छ। बजेट कार्यक्रमको कार्यान्वयन पक्ष फितलो भएकाले एसियाली विकास बैङ्कमा आठ अर्ब रुपियाँ र विश्व ब्याङ्कमा चार अर्ब रुपियाँ थाती रहेको छ। गाउँ र सहर दुवै क्षेत्रमा शिक्षा, स्वास्थ्य, खानेपानी, सडक, सिँचाइ, जलविद्युत्लगायतका क्षेत्रमा लगानीको खाँचो छ। अर्कातर्फ त्यति ठूलो रकम खर्च हुनसकेको छैन। सरकारले आफूसँग भएकै रकम खर्च गर्न सकिरहेको छैन भने दातृ राष्ट्र र निकायहरूले अरू पैसा कसरी दिन्छन् ? लोकतन्त्र बहालीपछि नेपालको इतिहासमा सबैभन्दा बलियो सरकार छ। राम्रा काम गर्नका लागि कसैले रोकटोक नगर्ने अवस्था छ। मुलुकभित्र मात्र होइन, बाहिर पनि उत्साह छ। तर विडम्बना ! यस्तो अनुकूल अवस्थामा पनि कुनै राम्रो काम हुन सकेन, भएको पैसा खर्च भएन। यसभन्दा लाजमर्दो स्थिति के हुनसक्छ ?

नेपालमा कृषिको अवस्था ज्यादै खस्केको छ। विगत १० वर्षमा यसवर्ष कृषि उत्पादनको अवस्था सबभन्दा कमजोर रह्यो। यस वर्ष कृषि क्षेत्रको उत्पादन शून्य दशमलव दुई प्रतिशत मात्र रहने भयो। कृषि क्षेत्रमा भारतले आफ्ना किसानहरूलाई सिँचाइ, कृषि औजार, बीउविजन, रासायनिक मल, विद्युत् र कृषि कर्जामा ठूलो रकम अनुदान दिइरहेको छ। तर, हामीकहाँ भने अनुदान पहिलेदेखि नै खारेज गरिएको छ। यसले गर्दा नेपाली कृषकलाई न धान खेतीमा सहयोग मिल्छ न त अन्य बालीमा नै। कृषि क्षेत्रमा विकास गर्नका लागि हाम्रा किसानहरूलाई पनि अनुदान दिनुपर्छ। नत्र भने भारतीय कृषि उत्पादनसँग हाम्रा कृषि उपजले प्रतिस्पर्धा गर्न सक्दैनन् भनेर हामीले निरन्तर भनिरहेका छौँ। तर, हाम्रो कुराको कुनै सुनुवाइ भएन। अरू केही उपाय नलागेर बाध्यतावश जीविकोपार्जनका लागि मान्छे कृषिमा संलग्न छन्। होइन भने नेपालमा कृषि पेसा कुनै आकर्षणको पेसा नै रहेन। हामी कृषिलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड भन्छौँ। कृषिले कुल ग्राार्हस्थ्य उत्पादनमा ३९ प्रतिशत योगदान दिन्छ, ८० प्रतिशत घरपरिवारको मुख्य पेसा कृषि नै हो र कुल श्रमशक्तिमध्ये ५६ दशमलव पाँच प्रतिशत श्रमशक्ति यसैमा संलग्न छ। जीवनको यस्तो महत्त्वपूर्ण क्षेत्रमा यो एक वर्षमा सरकारले कुनै ध्यान दिएन। कृषि क्षेत्रमा ज्यादै न्यून रकम विनियोजन भयो, त्यो पनि खर्च भएन। पुँजीगत खर्चका रूपमा बजेटमा कृषि क्षेत्रलाई ८६ करोड ७५ लाख विनियोजन गरिएकोमा विगत आठ महिनामा सात करोड ७० लाख रुपियाँ मात्र खर्च भएको छ। बजेटमा विनियोजन भएको रकमको १० प्रतिशत पनि खर्च हुँदैन भने कृषि क्षेत्रको बेहाल नभएर अरू के हुन्छ ?

हामीकहाँ भएका अधिकांश उद्योगहरू बेहाल अवस्थामा छन्, उनीहरूले प्रतिस्पर्धा गर्न सकिरहेका छैनन्। मैदा, चिनी, जुटजस्ता उद्योगहरू डुबिरहेका छन्। रोजगारी सिर्जनामा महत्त्वपूर्ण योगदान दिने उद्योगहरूलाई किन वास्ता गरिएको छैन ? यसरी बेरोजगारी घट्न सक्छ ?

सरकारले लगानी गर्ने कुनै कार्यक्रम ल्याएन र ठूला लगानीका कुनै कार्यक्रम आएनन्। लगानीयोग्य वातावरणको अभावमा स्वदेशी पुँजी पलायन भइरहेको छ। बैङ्कको तरलता बढेको छ। भारतमा बचतमा व्याजदर आठ-नौ प्रतिशत छ भने हामीकहाँ चार-चार दशमलव पाँच प्रतिशत मात्र व्याजदर छ, जसले गर्दा हाम्रो पुँजी भारतलगायतका मुलुकहरूमा पलायन भइरहेको। महँगी सात/आठ प्रतिशत रहेको छ। यस वर्ष दाल १८ दशमलव तीन प्रतिशत, फलफूल तथा तरकारी नौ दशमलव दुई प्रतिशत र मरमसलामा २९ दशमलव नौ प्रतिशतले मूल्य बढेको छ। अन्य वस्तुहरूको मूल्य पनि उच्चदरमा बढेको छ। जनता महँगीको मारमा परेका छन्। वैदेशिक व्यापारको अवस्था ज्यादै खराब देखिएको छ। मुलुकको आयात-निर्यात दुवै ऋणात्मक रहेको छ। गत वर्षको पहिलो आठ महिनामा १३.३ प्रतिशतले बढेको कुल निर्यात यो वर्ष ६ दशमलव छ प्रतिशले घटेको छ। भारततर्फको निर्यात गत वर्ष २० दशमलव पाँच प्रतिशतले बढेकोमा यस वर्ष दशमलव चार प्रतिशतले घटेको छ। अन्य मुलुकतर्फको निर्यात सात प्रतिशतले घटेको छ। तयारी पोसाक, ऊनी गलैँचा, पस्मिना, हस्तकलाका सामान, छालाजस्ता नेपालका प्रमुख वस्तुको निर्यात घटेको छ। गत वर्ष २६ दशमलव तीन प्रतिशतले बढेको कुल आयात यसवर्ष एक दशमलव एक प्रतिशतले घटेको छ। रेमिट्यान्स आयका कारण उपभोग्य वस्तुहरूको आयात बढेको भए पनि औद्योगिक क्षेत्रको कच्चावस्तुको आयात घटेको छ। यसले रोजगारी घटाएको छ। वार्षिक एक सय १३ अर्ब ९६ करोड रुपियाँभन्दा बढीको व्यापार घाटा घटाउन सरकारले कुनै कदम चालेको छैन। अझ निर्यातमा आएको उच्च गिरावटले वैदेशिक व्यापार घाटा बढ्ने भएको छ। रेमिट्यान्स आयले गर्दा १२ महिनाको आयात धान्न सक्ने अवस्था छ।

साँच्चै भन्ने हो भने विगत एक वर्षमा सबैभन्दा असफल भएको क्षेत्र भनेको अर्थतन्त्र नै हो। राजनीतिक फाँटमा हामी लड्दैपड्दै हिँडिरहेका छौँ। तर, अर्थतन्त्र भने धराशायी अवस्थामा पुगेको छ। अहिले संविधानसभापछि केही होला भन्ने आशाा मात्र बाँकी छ। नत्र अर्थतन्त्र डुबेको अवस्थामा छ। यस विषयमा

चिन्ता लिने कि नलिने ? आठै पार्टीका नेता, खासगरी प्रधानमन्त्रीले यस विषयमा गम्भीरतापूर्वक सोच्न कि नसोच्ने ? प्रधानमन्त्रीले चासो लिई जुन रूपमा नेपालको अर्थतन्त्र धराशायी भएको छ, यसलाई माथि उकास्नका लागि गम्भीरतार्पूक सोच्ने बेला आएको छ । नयाँ बजेट बनाउन गइरहेको वर्तमान अवस्थामा यो महत्त्वपूर्ण कुरा हो । एउटा कुरा निश्चित हो- हिजो हामीबाट गल्ती भयो । तर, त्यो आरोप-प्रत्यारोपको विषय होइन । अब यसलाई कसरी सपार्ने भन्ने विषयमा केन्द्रित हुनुपर्छ ।

**आगामी बजेटका सम्बन्धमा**

आगामी वर्षका लागि चालू खर्च ९० अर्ब र पुँजीगत खर्च ६९ अर्ब गरी कुल एक खर्ब ५९ करोड रुपैँयाको बजेट ल्याउने गरी अर्थमन्त्रालय र योजना आयोगले गरेको तयारीको वर्तमान अवस्था हेर्दा विगत एक वर्षको समीक्षा अनुरूप अगाडि बढेको देखिँदैन । आठ पार्टीले तयार पारेका सहमति पत्र र नेपालको अन्तरिम संविधान-०६३ मा मुलुकको अर्थतन्त्र सम्बन्धमा गरेका प्रतिबद्धताहरूलाई नै आगामी बजेटको आधार बनाउनुपर्छ । गत वर्ष त्यस्तै आधारमा बजेट नबनाउँदा त्रुटि भयो । त्यसकारण थालनी त्यहीँबाट गर्नुपर्छ । अहिले अन्तरिम संविधानमा आठ पार्टीको प्रतिबद्धता छ- सामन्ती शोषणका सबै रूपहरूको अन्त्य गर्ने र वैज्ञानिक भूमिसुधार लागू गर्ने । तिनै कुरालाई कार्यान्वयन गर्ने पक्षमा बजेट आउनुपर्छ । भूमिसुधारको कार्यक्रम कार्यान्वयन गर्न भूमिसुधार आयोग गठन गर्ने प्रतिबद्धता बजेटमा आउनुपर्छ । सुकुम्वासी, कमैया, हलिया, गोठालाहरूका समस्या समाधान गर्न सुकुम्वासी, कमैयालाई उत्पादनको साधनका रूपमा भूमि उपलब्ध गराउन प्रतिबद्धता आउनुपर्छ । अहिले पनि अर्थतन्त्रलाई इमानदारीपूर्वक सञ्चालन गर्ने हो भने सात प्रतिशतको आर्थिक वृद्धि हासिल गर्न सकिन्छ । उक्त आर्थिक वृद्धि हासिल गर्न कृषि, उद्योग र व्यवसायका क्षेत्रमा सुस्पष्ट लगानी नीति हुनुपर्छ । नेपालको कृषिलाई टेवा दिनका लागि दीर्घकालीन कृषि सुधारको कार्यक्रम आउनुपर्छ । तर, तत्कालै गर्नुपर्ने कुराका लागि भूमिसुधार आयोग बन्नुपर्छ । सिँचाइ, कृषि सडकलगायतका कृषि क्षेत्रमा लगानी व्यापक रूपले बढाउनुपर्छ । मलखाद, बीउबिजन, कृषि औजार र कृषि कर्जामा अनुदान दिनुपर्छ । हामी भारतका किसानहरूसँग प्रतिस्पर्धा गर्न सक्ने किसिमले जानुपर्छ । त्यसैगरी सडक, विद्युत्, सञ्चारजस्ता आधारभूत पूर्वाधारको विकासमा ध्यान दिनुपर्छ । पाँचै विकास क्षेत्रमा कम्तीमा तीन-चार अर्बका एकएकवटा ठूला योजना ल्याउनुपर्छ । त्यसले लगानीलाई बढावा दिन्छ । लगानी विशेषगरी चार क्षेत्रबाट वृद्धि हुनसक्छ । पहिलो, अहिले पनि नेपालको पुनःनिर्माण, पुनःस्थापनालगायतका कार्यमा मित्रराष्ट्र र दातृ निकायहरू सहयोग गर्न तयार छन् । उनीहरूको सहयोगलाई एकत्रित गरी पुनःनिर्माण र पुनःस्थापनाका कार्य गर्न सकिन्छ । दोस्रो, निजी क्षेत्रलाई प्रोत्साहन गर्नुपर्छ, वैदेशिक लगानीलाई प्रोत्साहन गर्नुपर्छ । त्यो प्रोत्साहन गर्ने भनेको सडक, जलविद्युत्, ठूला हवाईमैदान, फास्ट ट्र्याक रोड र सुरुङ मार्गहरू निर्माण गर्नु हो । यसले रोजगारीलाई बढाउँछ । अर्थतन्त्रमा गति ल्याउँछ र आर्थिक क्रियाकलाव बढाउन मद्दत गर्छ । त्यसकारण लगानी बढाउने योजनाका साथ बजेट आउनुपर्छ ।

आगामी बजेटले ध्यान दिनुपर्ने अर्को क्षेत्र हो- उद्योग । हाम्रा उद्योगहरू सङ्कटग्रस्त छन् । ती उद्योगलाई कसरी मद्दत गर्न सकिन्छ ? त्यस कुरामा ध्यान दिनुपर्छ । सरकारले मौद्रिक र वित्तीय नीतिमा आवश्यक परिवर्तन गरी मैदा, चिनी, जुट, कपडालगायतका उद्योगलाई कसरी प्रोत्साहित गर्न सकिन्छ ? त्यस अनुसार बजेट आउनुपर्छ । अहिलेको बखत कर्णालीलगायतका हिमाली क्षेत्रमा विकासको गति ल्याउन जडीबुटी सङ्कलन र प्रशोधन गर्ने काम सहकारीमार्फत अघि बढाउनुपर्छ । सरकारले आफ्नै पहलमा कर्णाली अञ्चलका पाँच जिल्ला तथा हिमाली जिल्लाहरूमा २५-३० करोड रुपियाँ विनियोजन गरी सहकारी संस्था खडा गर्नुपर्छ । सहकारीमार्फत जडीबुटी र फलफूल सङ्कलन र प्रशोधनका काम गर्न सकिन्छ । यस्ता कुरामा सरकारले ध्यान दिनुपर्छ ।

अब आठ पार्टीको सहमतिबाट स्थानीय निकाय गठन हुन गइरहेका छन् । गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूलाई अधिकतम परिचालन गरी विकास निर्माणका काम अघि बढाउनुपर्छ । हामीले पोहोर पनि भनेका थियौँ र अहिले पनि जोड दिन चाहन्छौँ- हरेक गाविसलाई २५ लाख रुपियाँ विकास निर्माणका कार्यमा लगाउन दिनुपर्छ । त्यही अनुपातमा नगर र जिल्लालाई पनि दिनुपर्छ । स्थानीय निकायको अग्रसरतामा अधिकतम जनसहभागिता जुटाई स्थानीयस्तरका विकासका काम अघि बढाइयो भने यसले अर्थतन्त्रमा गति ल्याउँछ र लोकतन्त्रको प्रभाव गाउँगाउँमा पुग्छ ।

महँगी अत्यधिक बढिरहेको छ । ०६१ सालमा म अर्थमन्त्री हुँदा कर्मचारीहरूको तलव सुविधा वृद्धि गर्न आयोग गठन गरेको थिएँ । प्रतिवेदनका आधारमा २५ प्रतिशतले तलब वृद्धि घोषणा मैले गरेको थिएँ । २० प्रतिशत महँगी भत्ता तत्कालै थप गर्ने र प्रतिवेदन अनुरूप तलव वृद्धिमा समायोजन गर्ने कुरा भएको थियो ।

त्यो कुरा त्यतिकै थाँती छ। अहिलेको बजेटले कर्मचारीको तलब वृद्धि गर्नुपर्छ। मजदुर वर्गलाई महँगीबाट राहत दिने कार्यक्रम ल्याउनुपर्छ।

आधारभूत जनसमुदाय, महिला, आदिवासी, जनजाति, दलित, कमैया र पछाडि परेका वर्गका लागि बजेटले जनतालाई अनुभूति दिलाउने खालका विशेष कार्यक्रमहरू ल्याउनुपर्छ। यसले दुईवटा काम गर्छ। एक, जनतालाई राहत पुऱ्याउँछ र यी जनतामा लोकतन्त्रप्रति स्नेह र माया बढ्छ। यसबाट जनतालाई लोकतन्त्रमा समेट्न सकिन्छ। दोस्रो, यसले आर्थिक क्रियाकलापमा वृद्धि गराउँछ। शिक्षा, स्वास्थ्य, खानेपानीजस्ता गाउँको विकासमा लगानी बढाउने र गाउँका कमजोर वर्गलाई स्वरोजगार सिर्जना हुने कार्यक्रम आउनुपर्छ। हामीले गरिबीको रेखामुनि रहेका जनताको आर्थिक जीवनस्तर उठाउने भनिरहेका छौँ। यसपटकको बजेटमा गरिब जनताको उद्धारका लागि प्याकेज कार्यक्रम ल्याउनुपर्छ। सँगसँगै गरिबीको रेखामुनि को छ, कुन क्षेत्र, जिल्ला, गाउँ र टोलको पुरुष हो कि महिला, त्यसको सम्पूर्ण जानकारी लिई तथ्याङ्क सङ्कलन गरेर तिनीहरूलाई परिचयपत्र दिने व्यवस्था हुनुपर्छ। त्यसका आधारमा सरकारले गरिबहरूको उद्धार गर्ने कार्यक्रम ल्याउनुपर्छ।

लोकतन्त्र बहालीपछि अहिलेसम्म हामी सङ्क्रमणकालबाट गुज्रिरहेका छौँ। मङ्सिरमा हुने संविधानसभाको निर्वाचनका लागि बजेट विनियोजन गर्नुपर्छ। त्यो संविधानसभाको निर्वाचनमा शान्तिपूर्ण र सहज ढङ्गले जनताले उत्साहपूर्वक रूपमा भाग लिने वातावरण बनोस् भन्नका लागि पनि आर्थिक क्षेत्रमा परिवर्तन जरुरी छ। गाउँघरमा विकास निर्माणको लहर ल्याउन सकियो भने कमजोर वर्गलाई आर्थिक राहतका कार्यक्रम ल्याउन सकेमा त्यसले संविधानसभा निर्वाचनका लागि अनुकूल वातावरण बनाउँछ। यो गएको एक वर्ष देशमा अराजकता, अशान्ति र अन्योल बढेर विश्वासको वातावरण हराउँदै जानुका कारणहरूमध्ये एउटा महत्त्वपूर्ण कारण अर्थतन्त्रलाई समावेशी खालको बनाउन नसक्नु पनि एक हो। बजेटबाट आमजनताको हितमा कुनै काम हुन सकेनन्। त्यसले गर्दा पनि अराजकता मच्चिएको हो। यसबाट शिक्षा लिएर यस वर्ष संविधानसभाको निर्वाचन गर्नुपर्छ। यो नेपालको इतिहासमा पहिलो घटना हो र संविधान निर्माण गर्न नेपाली जनताले पाएको ठूलो मौका हो। यसका लागि देशमा शान्ति-सुरक्षा, अमनचैन र उत्साहको वातावरण चाहिन्छ। त्यस्तो वातावरण निर्माण गर्ने बजेटका रूपमा यो बजेट आउनुपर्छ। अन्तरिम सरकारले यो युगीन दायित्व बुझ्न जरुरी छ।

**छलफलको आवश्यकता**

आठ दलको सरकार बने पनि बजेट बन्दा सत्ता साझेदार दलहरूबीच कुनै छलफल नहुनु दुःखद कुरा हो। नेपाली काङ्ग्रेसका अर्थमन्त्रीले अरू दलहरूसँग छलफल र सरसल्लाह नै गर्नुहुन्न। नेकपा (एमाले) का तर्फबाट हामीले गत वर्ष पनि अर्थमन्त्रीलाई यो कुरा भनेका थियौँ। त्यति मात्र होइन, हामीले सार्वजनिक रूपमा पनि आफ्ना धारणाहरू राख्यौँ। अझै आर्थिक क्षेत्रका सङ्गठित संस्था-उद्योग वाणिज्य महासङ्घ, च्याम्बर अफ कमर्स, उद्योग परिसङ्घजस्ता संस्थाहरूलाई राख्यौँ र लोकतन्त्र बहाल भएपछिका आठ पार्टीहरू संविधानसभाको निर्वाचनसम्मका लागि मात्र होइन, आउने १०/१५ वर्षसम्म एक भएर चल्नुपर्छ भन्ने पार्टीको सोच अगाडि सार्दै आफ्ना विचारहरू व्यक्त गऱ्यौँ। देशको आर्थिक, सामाजिक, सांस्कृतिकलगायत हरेक क्षेत्रमा आमूल परिवर्तन गरिएन भने कुनै बेला पनि लोकतन्त्र खतरामा पर्नसक्छ। त्यस दृष्टिले आर्थिक फाँटमा साझा कार्यक्रम बनाउनुपर्छ र १०/१५ वर्षे योजना निर्माण गरी कार्यक्रम लागू गर्ने प्रतिबद्धता गर्नुपर्छ। हामी यो कुरा अझै पनि दोहोऱ्याउन चाहन्छौँ। यस कुरामा विश्व समुदायबाट पनि ठूलो सहयोग हुन्छ। हामी मिलेर अघि बढ्यौँ भने १५ वर्षमा नेपालको काँचुली फेर्न सक्छौँ। आउने दिनमा पनि यसतर्फ पहल गर्ने सोच हामीले बनाएका छौँ।

जापान, अमेरिका, चीन, युरोपियन युनियनलगायतका मन्त्री र विभिन्न संस्थाका प्रतिनिधिहरूलाई भेट्दा उनीहरूलाई पनि नेपालको लोकतान्त्रिक आन्दोलनले अचम्मित पारेको मैले पाएँ। त्यसबाट के देखिन्छ भने नेपालप्रति उनीहरूको सम्मान र सहयोग गर्ने चाहना बढेको छ। नेपालले केही कार्यक्रम देओस्, हामी त्यसमा सहयोग गर्न चाहन्छौँ भन्ने उनीहरूको भनाइ छ। मैले अर्थमन्त्रीलाई भेटेर भनेँ- 'पहल गर्नुस्, आठ पार्टीको बैठक बोलाउनुस्, हामी साथ दिन्छौँ। ठूला कार्यक्रम तयार पारेर हाम्रा मित्रराष्ट्र र दातृसंस्थाहरूसँग अनुदान सहयोग र दीर्घकालीन ऋण लिएर त्यस्ता कार्यक्रममा लगानी गरौँ। यसका लागि अहिले ठूलो सम्भावना छ। हाम्रा सहयोगी मित्रराष्ट्र र दातृ निकायहरूबीच सम्मेलन गरौँ।' त्यो कुरा मैले सयौँ चोटिभन्दा पनि उहाँले मान्नुभएन। आठ पार्टीसँग मिलेर लोकतन्त्र बहाल गर्दा र आठ पार्टीको सरकार हुँदा पनि नेपाली काङ्ग्रेसको मानसिकता एकल सरकारको जस्तो छ। सबैभन्दा महत्त्वपूर्ण कुरा सहकार्यको

संस्कृति नै आउन सकेको छैन । नेपाली काङ्ग्रेस अरूसँग मिलेर हिँड्नै चाहँदैन । नेपाली काङ्ग्रेससँग मिलेर हिँड्नु भनेको उनीहरूको मातहतमा हिँड्नु हो भन्ने उनीहरूको मानसिकता छ । सहकार्यको संस्कृतिलाई नेपाली काङ्ग्रेसले आत्मसात गर्न सकेको छैन । अर्थमन्त्रीको चिन्तन र सोच ०४८/४९ सालमा जे थियो, अहिले पनि त्यही छ । यसले समस्या बनाएको छ । मलाई लाग्छ- अबको नयाँ बजेटले एक वर्षको आर्थिक क्रियाकलाप र उहाँले लिएका नीति, कार्यक्रम र बजेट सञ्चालनबाट भएको असफलता कमीकमजोरी आत्मसात् गर्नुपर्छ । अब नेपालमा समावेशी र लोककल्याणकारी अर्थतन्त्र मात्र चल्न सक्छ, जसमा राज्य, सहकारी र निजी क्षेत्रको भूमिका महत्त्वपूर्ण हुन्छ भन्ने कुरालाई आत्मसात् गर्नुपर्छ ।

**(कुराकानीमा आधारित)** ▰

**सार्वजनिक महत्वको प्रस्ताव**

अहिले देशको आर्थिक स्थिति ज्यादै नाजुक रहेको तथ्य अर्थतन्त्रको वर्तमान अवस्थासम्बन्धी श्वेतपत्र-०६३ बाट समेत प्रस्ट हुन्छ । कुन ग्रार्हस्थ उत्पादनको वृद्धिदर जनसङ्ख्या वृद्धिको तुलनामा ऋणात्मक हुन पुगेको छ । राजस्व सङ्कलनको वृद्धिदर ऋणात्मक हुनु र बेथितीसहित फजुल र अनुत्पादक खर्च बढाइनाले गर्दा सरकारको वित्तीय स्थिति डामाडोलको अवस्थामा छ। गाउँघरमा विकास कार्य अवरुद्ध छ। उद्योगधन्दाहरू चल्न सकिरहेका छैनन्। मुलुकको यथार्थ के हो भने अर्थतन्त्रको अवस्था र जनताको जनजीवन जीविकाको समस्या श्वेतपत्रमा उल्लेख गरेभन्दा अरू विकराल छ। उपेक्षित वर्ग र क्षेत्रमा गरिबीको सघनता बढेको छ । हुने र नहुनेको खाडल उच्च हुन पुगेको छ । बेरोजगारी समस्या गम्भीर छ । क्रियाशील श्रम शक्तिको रूपमा रहेका युवकयुवतीहरूको ठूलो पङ्क्ति देशबाट पलायन हुन बाध्य भइरहेका छन् । हाम्रो विगतको आर्थिक स्रोत र हामीले अवलम्बन गरेका आर्थिक नीतिहरूसमेतका कारण मुलुकमा द्वन्द्व बढी त्यसले राजनीतिक सङ्कटसमेत बढाएको छ। असमावेशी र विभेदकारी नीति र संस्थागत परिपाटीका कारण विपन्न र उपेक्षित वर्गका क्षेत्र समानुपातिक रूपमा आर्थिक अवसर र लाभ पाउनबाट वञ्चित रहेको अवस्था छ । हामीले जनआन्दोलनका क्रममा राज्यको पुन:संरचना गर्दै समावेशी लोकतान्त्रिक पारिपाटी सुरु गर्नेतर्फ अघि बढ्ने बाचा गऱ्यौं । मुलुकको राजनीतिक एजेन्डासँगै आर्थिक नीतिलाई एकाकार गर्दै अगाडि बढ्नु आवश्यक छ। यसका लागि वर्तमान सरकारले तत्काल निम्नानुसार कदम चाल्नु जरुरी भएको छ :

(क) राजाको निरङ्कुश सत्ताका बखत भएका आर्थिक अनियमितताको छानबिन गरी यथार्थ तस्बिर संसद् र राष्ट्रका सामु राख्ने । राष्ट्रको सम्पत्तिमा ब्रम्हलुट मच्चाउनेमाथि कडा कारबाही गर्ने ।

(ख) दरबार, सेना, प्रहरीलगायत सुरक्षा खर्चमा भारी कटौती गर्ने । वचत र संसद् प्रक्रियामा नआउने र औचित्यहीन सहयोग कोषहरू खारेज गर्ने। अनुत्पादक फजुल खर्च व्यापक रूपमा कटौती गर्ने। खर्चमा मितव्ययीता ल्याउने, कार्ययोजना संसद्मा पेस गर्ने । बचतको ठूलो हिस्सा विकास निर्माणको काममा लाग्ने गरी वित्त नीति अवलम्बन गर्ने। शाही सत्ताको बेला अवलम्बन गरिएको कर र भन्सार नीतिको समेत तत्काल पुनरावलोकन गरी सच्चाउने काम सुरु गर्ने ।

(ग) परिवर्तित अवस्थामा हामीले गरेका बाचा अनुरूप विगतका आर्थिक चिन्तन, सोच र नीतिमा आधारभूत परिवर्तन ल्याउने । यसका लागि आर्थिक नीतिमा पुनरावलोकन गर्न र यसो गर्दा आर्थिक नीतिले सिर्जना गरेको वितरण द्वन्द्वका कारकहरू पत्ता लगाई सुधार गर्ने । अग्रगामी सुधारलाई आर्थिक नीतिको मुख्य आधार बनाउने । सँगै हाम्रो प्राथमिकता र आवश्यकताका आधारमा मात्र विदेशी सहायता लिने परिपाटी थालिने कुराको घोषणा गर्ने ।

(घ) नियतवश ब्याङ्कको ऋण नतिर्नेमाथि कडा कारबाही गर्ने ।

(ङ) जनसमुदाय, ग्रामीण क्षेत्र, सुकुम्वासी, कमैया, भूमिहीन, पछाडि परेका जनजाति क्षेत्रले अत्यधिक आर्थिक लाभ र अवसरहरू पाउने कुरा सुनिश्चित हुने गरी क्षेत्र नीति र कार्यक्रममा परिवर्तन र सुधार गर्ने ।

(च) ग्रामीण क्षेत्रमा आर्थिक क्रियाकलापहरू बढाएर लोकतन्त्रको उज्यालो गाउँघरमा पुऱ्याउन स्थानीय निकायको सहयोग, जनसहभागितामा आफ्नो गाउँ आफैं बनाऔं कार्यक्रमलाई व्यापक रूपमा विस्तार गरी प्रभावकारी ढङ्गले सञ्चालन गर्ने, त्यसका लागि स्थानीय तहमा राजनीतिक पार्टीहरू समावेश भएको उपभोक्ता समूहमार्फत गाउँघरमा बाटो, खानेपानी, स्कुल, साना सिँचाइ, स्वास्थ्य चौकी, ग्रामीण विद्युतीकरण,

वृक्षारोपणलगायतका कार्यक्रमलाई गतिका साथ अगाडि बढाउने । यस कार्यमा गैरसरकारी सङ्घसंस्थालाई व्यापक रूपमा संलग्न र परिचालन गर्ने ।

(छ) मूल्य नियन्त्रण र सुलभ आपूर्ति व्यवस्थाको कार्ययोजना बनाई लागू गर्ने र जनतालाई राहत दिने ।

(ज) भ्रष्टाचार नियन्त्रण, ढिलासुस्तीको अन्त्य गर्ने, आर्थिक सेवा, सुविधा निर्वाध रूपमा आमजनताले समयबद्ध रूपमा प्राप्त गर्न सक्ने व्यवस्था मिलाउने । यस क्रममा साना-ठूला लगानी प्रबन्धन हुने वातावरणसमेत तयार गर्ने ।

(झ) मित्रराष्ट्र, दातृ संस्थाको बैठकको आयोजना गरी द्वन्द्वपीडितका लागि राहत र नष्ट भएका भौतिक संरचनाको पुनःनिर्माण गर्दै विकास कार्यलाई गति दिनसक्ने गरी प्रस्ताव तयार गर्ने र सहयोगका लागि अनुरोध गर्ने । यसका लागि राजनीतिक पार्टीहरू, संसद्, विभिन्न सङ्घसंस्थाहरू, परामर्श गर्ने, पर्याप्त गृहकार्य गर्ने, राहत र पुनःनिर्माणको कार्यको लागि उपयुक्त संस्थागत संयन्त्रको निर्माणतर्फ पनि अविलम्ब कदम चाल्ने । मुलुकलाई आर्थिक सङ्कटबाट जोगाउन र न्याय सेवाबाट आर्थिक नीति अघि बढाउन उपयुक्त कदम तत्कालै चाल्नुपर्ने आवश्यक भएको हुँदा सार्वजनिक महत्त्वको प्रस्ताव पेस गरेको छु ।

(यो सार्वजनिक महत्त्वको प्रस्ताव पुनःस्थापित प्रतिनिधिसभाको चौधौँ बैठकमा माननीय भरतमोहन अधिकारीले राख्नुभएको थियो ।)

***ट्रेड युनियनका रूपमा माओवादीको अवतरणपछिका दृश्य***

***' विष्णु रिमाल***

२०६३ जेठ ६ गते बारामा डाबर नेपाललाई माओवादीहरूले जवरजस्ती बन्द गराए । उनीहरूको माग के थियो, सुरुमा प्रस्ट भएन, 'दुई करोड चन्दा मागेका कारण त्यसलाई बन्द गर्न बाध्य भएको' भन्ने व्यवस्थापन पक्षको भनाइ छापामा आयो । केही दिनपछि घटनाले नाटकीय मोड लियो, माओवादीले 'आफूले होइन, ट्रेड युनियनले कारखाना बन्द गराएको' खुलासा गर्‍यो । अर्कातिर नेकपा (माओवादी) को 'जनयुद्ध' को सह-उत्पादनका रूपमा जन्मिएको अखिल नेपाल ट्रेड युनियन महासङ्घले (जसको सामाजिक छवि धम्की र जोरजबरजस्तीबाट व्यवसाय बन्द गर्ने समूहका रूपमा स्थापित थियो र झन्डै चार वर्षसम्म 'फ्याक्स युनियन' का नाममा व्यवसायीहरू चर्चा गर्थे) चन्दा मागेको नभई वर्षौंदेखि शोषणमा परेका मजदुरहरूले स्वतःस्फूर्त रूपमा गरेको 'लेवोर एक्सन' का रूपमा यसलाई प्रचारित गर्‍यो । हप्तादिनभित्रको गतिविधि नियाल्ने हो भने नेकपा (माओवादी), उनीहरूको 'ट्रेड युनियन' र व्यवसायीबीचको 'लभ र हेट' को सम्बन्धमा तरहतरहका वयानबाजीहरू प्रचारमा आए । र, अन्त्यमा 'ठेकेदारीमा काम गर्ने, अस्थायी र दैनिक ज्यालादारीलाई स्थायी गर्ने र तलब बढाउनुपर्ने' मागमा यो थिग्रियो ।

माओवादीले यसपटकको जोरजबरजस्तीलाई ट्रेड युनियनको काँधमा फालिदियो र अन्तर्य जेसुकै भएता पनि 'स्थायी-अस्थायी तथा ज्यालावृद्धि' आदि श्रमिकहरूबीच लोकप्रिय मागमा उसले आफ्नो 'एक्सन' लाई 'फ्युजन' गरिदियो । लोकतन्त्र स्थापनालगत्तै ट्रेड युनियनका रूपमा माओवादी अवतरणको यो अवधिलाई पहिलो चरण मान्न सकिन्छ, जतिबेला ह्वात्त कारखानामा पस्ने र 'जनसेनाको भरणपोषण' को तर्कदेखि 'दुई राज्यको सिद्धान्त' को वकालत गर्दै चन्दा असुली कार्य जारी राखिएको थियो । पथलैया-सिमरा करिडोरका उद्योग बन्द गर्दा होस् वा पोखरा या विराटनगर सबै ठाउँमा उस्तैउस्तै विधि अपनाइयो । यो गञ्जागोल धेरै चलेन, खुला वातावरण उनीहरूका लागि यस अर्थमा सहयोगी बन्न सकेन ।

साउन लाग्दा नलाग्दै उनीहरूको गतिविधिको बाहिरी आवरण फेरियो । तर, 'त्रासको छायाँमा सङ्गठन विस्तार गर्ने' मूल विधि भने फेरिएन । उनीहरूले बारा-पर्सा, पोखरा, वुटवल र विराटनगरमा युनियनकर्मीमाथिको साङ्घातिक हमलालाई निरन्तरता दिए । 'न्यूनतम तलब पाँच हजार, सात हजार, १० हजार, सबैलाई स्थायी नियुक्ति आदि इत्यादि प्रचारात्मक नाराको सहारा माओवादी युनियनले लियो । कार्यथलोमा आफ्नो पाउ अडाउन क्रान्तिकारी ध्रुवीकरणको नारा उछालियो भने यही निहुँमा विभिन्न युनियनभित्रका केही 'विकाउ तत्त्व' लाई फसाउन ढडिया थाप्ने काम गर्‍यो । श्रम आन्दोलनमा जमेका युनियनहरूविरुद्धको मनोवैज्ञानिक, प्राविधिक र शारीरिक आक्रमण समेत सुरु गरियो ।

'...आफूलाई आधिकारिक भनी विदेशी एनजीओ र आईएनजीओबाट मजदुरका नाममा डलर ल्याएर ... पुँजीपतिहरूसँग मजदुरविरोधी साँठगाँठ गर्ने ... उनीहरूका विरुद्ध सशक्त आन्दोलन सुरुवात गर्नुपर्छ'- उनीहरूले आफ्नो मुखपत्रमा नै लेखेर मूलधारका ट्रेड युनियनविरुद्ध नयाँ 'युद्ध' को घोषणा गरे । 'फुटाउ र

शासन गर' को नीति अनुरूप सुरुमा उनीहरूले 'आक्रमणको तारो जिफन्टलाई बनाउने, एनटीयूसीलाई फुस्लाउने र डिकोन्टलाई तर्साउने मात्र' को नीति लिए । भदौ २६ गते बसेको अखिल नेपाल ट्रेड युनियन महासङ्घको विशेष केन्द्रीय कमाण्डले निर्णय गरेर सर्कुलर नै जारी गऱ्यो '... एक महिनाभित्र एक लाख सदस्यता वितरण गर्ने निर्णय भएको छ, जसको रणनीतिक लक्ष्य र उद्देश्य चार महिनाभित्रमा जिफन्ट 'बढार्ने' निर्णय भएको छ ।'

यद्यपि, उपल्लो तहका नेताहरूको भेटमा 'हामीलाई तपाईंहरूले आतङ्कारी भन्नुभयो, आफूलाई आधिकारिक भनी हामीलाई हेप्नुभयो' भन्दै चित्त दुखाउने र आफूहरूलाई 'मान्यता दिन र सँगै लैजान' आग्रह गरेता पनि व्यवहारमा 'विशेष केन्द्रीय कमान्ड' को निर्णयमा उल्लेख गरेजस्तै नै देशव्यापी रूपमा जिफन्ट 'बढार्ने' गतिविधिलाई निन्तरता दिइयो । असोज ३० गते काठमाडौँको नेपाल वायु सेवा निगमको मुख्यालयअगाडि जिफन्टका वरिष्ठ नेताहरूमाथि आक्रमण, त्यही समयमा कोसी अञ्चल अध्यक्षमाथि आक्रमण, कात्तिक ५ गते होटल मल्लका जिफन्टका नेताहरूमाथिको साङ्घातिक आक्रमण, मङ्सीर १८ गते जिफन्टका संस्थापक नेतामाथिको दुर्व्यवहार... यस्ता घटनाका केही उदाहरणहरू मात्र हुन् । अपहरण, युनियन कार्यालय तोडफोड र जबरजस्ती कार्यालय कब्जा, आफूले भनेजस्तै कागजमा सही गर्न नमाने आधिकारिक युनियन र व्यवस्थापनबीच भएका सम्झौताका विरुद्ध 'अर्को मागपत्र, अर्को हडताल र जस्तो भए पनि व्यवसायीसँग नयाँ कागज गर्ने' जस्ता गतिविधि अखिल नेपाल ट्रेड युनियन महासङ्घका नाममा आमरूपमा हुनपुग्यो । प्रतिष्ठानको युनियनलाई निस्तेज पारी श्रमिकहरूलाई नियन्त्रण गर्न डब्लूटीका नाममा 'ब्यारेक' मा थुपारिएका 'नयाँ रिक्रुट र पूर्वमिलिसियाहरू' को जत्था 'भनेको बेलामा चाहेको ठाउँमा' हुली ताण्डव मच्चाउने समेतका काम भयो । जिफन्टका साथीहरूले सयौँको सङ्ख्यामा भएका यस्ता 'आक्रमण' लाई सामना गरे ।

यस्ता घटनाहरू आमरूपमा देशव्यापी रूपमा भएको भएता पनि कुख्यात हुन पुगेका खास घटनालाई नेकपा (माओवादी) ले 'एकाध घटना' का रूपमा टार्न खाज्यो । अध्यक्ष प्रचण्डले त सिङ्गो माओवादी पार्टी लागेर 'यस्तै' विधिद्वारा जम्मा गरेको 'ट्रेड युनियन महासङ्घ' को महाधिवेशनको उद्घाटनमा जम्मा गरिएको भीडलाई सम्बोधन गर्दा '...मार्क्सले पेरिस कम्युनका बेला अवमूल्यन गरेजस्तै ... आफूले पनि कम आँकेर क. लालध्वजसँग कुराकानी गरेको ...' भन्दै अझै उचाले । मिडियाको आँखामा यो 'जिफन्ट र माओवादीबीचको शक्तिसङ्घर्ष' मात्र थियो । हुनसक्छ, कतिपय युनियनकर्मीहरूले पनि यस्ता घटनाहरू 'दुई-वाम सङ्गठनबीचको अस्तित्वका लागि भइरहेको रस्साकस्सी' मात्र भन्ठानेका थियो कि !

यो सिलसिलामा नयाँ मोड वाईसीएलको स्थापनासँगै आयो । अब कारखाना र बस्तीहरूमा आफ्नो आदेश नमान्ने श्रमिकलाई ठटाउन माओवादी पार्टीमा 'रिजर्भ आर्मी' तयार थियो । नेकपा (माओवादी) को सबैभन्दा 'उपद्रवी' यो जत्थाको अवतरणसँगै आखिर त्यही भयो, जसलाई 'जङ्गलमा लागिरहेको डढेलोबाट आफूचाहिँ बचिन्छ कि' भन्ने भ्रममा रहेका केही युनियनकर्मीहरूले अनुमान गरेका पनि थिएनन् । फागुन १२ गते तीनवटै महासङ्घमा आबद्ध गलैँचा क्षेत्रको ट्रेड युनियन सङ्घका नेता-कार्यकर्ताहरूमाथि आक्रमण भयो । त्यसमा पनि ट्रेड युनियन काङ्ग्रेसका केही मित्रहरू धुस्नु चुटिए । मे दिवस मनाउन हिँडेका नौ ट्रेड युनियनका कार्यकर्ताहरू मेडियाकै सामु ठटाइए । सबैभन्दा पछिल्लो उद्दण्डता त त्यतिखेर देखियो, जब वाईसीएलको 'ब्याकफोर्स' मा काठमाडौँका क्यासिनो मजदुरहरू फेरि एकचोटि पिटिए । त्यसको विरोध गर्ने क्यासिनो रोयलका १४ जना श्रमिक नेताहरूलाई साहूसँगै मिलेर कामबाट हटाउने नोटिस जारी गरियो । कामबाट हटाइएकाहरूलाई अखिल नेपाल ट्रेड युनियन माहसङ्घको होटल युनियनले 'कुण्डले, मण्डले, लोफर, आवारा, गुन्डा' भन्दै तिनीहरूबाट वाक्क भएर साहूले निकालेको भन्ने प्रेस विज्ञप्ति नै निकाल्यो । तर यो ७२ घण्टा पनि टिकेन, यसपटक यो मुद्दा पार्टी र मजदुर सङ्गठनमा मात्र सीमित रहेन- श्रममन्त्री, गृहमन्त्री र प्रधानमन्त्रीको समेत चासोको विषय बन्यो ।

यसरी एक वर्षको अवधिमा माओवादीले श्रम क्षेत्रमा गरेको 'लगानी' को अडिट गर्ने हो भने वासलात ऋणात्मक मात्र होइन, टाटउल्टाइतर्फ हेलिएको देखिन्छ ।

वैचारिक, सैद्धान्तिक र अर्थराजनीतिक हिसाबमा पनि यो सङ्गठन द्विविधा र विरोधाभासको भुमरीमा रङ्गमङ्गिइरहेको देखिन्छ । पहिलो कुरा त ट्रेड युनियन कस्तो सङ्गठन हो भन्नेमा नै माओवादीहरूमा ठूलो अन्योल देखिन्छ । ट्रेड युनियन र पार्टी तथा ट्रेड युनियन र राजनीतिबीचको अन्तरसम्बन्धमा अस्पष्टता रहेकै कारण उनीहरू ट्रेड युनियनजस्ता जनसङ्गठनहरू 'सार र रूप' दुवै पार्टीभन्दा पृथक् हुन नहुने मत राख्छन् । यदि 'सदस्यता- पार्टी सदस्यलाई मात्रै, कमिटी- पार्टी कमिटीजस्तै' हुने हो भने पृथक् सङ्गठनको

आवश्यकता किन पर्‍यो ? भन्नेमा उनीहरू पूर्णतः अन्योलमा देखिन्छन् । विश्वका चर्चित क्रान्तिकारी ट्रेड युनियनहरू (उदाहरणका लागि दक्षिण अफ्रिकी कोसाटु, ब्राजिलको कुट, दक्षिण कोरियाको केसीटीयू र फिलिपिन्सको केएमयूलाई लिन सकिन्छ) ले विकसित गरेको ट्रेड युनियन र पार्टी तथा ट्रेड युनियन र राजनीतिबीचको सम्बन्धबाट पनि उनीहरू बेखवर नै देखिन्छन् । उनीहरूको सीधा हिसाबकिताब छ- 'माओवादी समर्थक सबै क्रान्तिकारी र त्यसभन्दा पृथक् सबै 'वर्ग समन्वयवादी, अर्थवादी' कम्तीमा पनि ट्रेड युनियनवादी !' यसले उनीहरू श्रमको संसारमा आएको परिवर्तनबारे अनभिज्ञ रहँदै शास्त्रीय मार्क्सवादी रचनामा आधारित परम्परागत मान्यतामा मात्र रुमल्लिरहेका छन् कि भन्ने निष्कर्षमा पुर्‍याउँछ ।

विश्वव्यापीकरणको लहरसँगै उत्पादनको थलो (साइट अफ प्रडक्सन) विश्वस्तरमा नै छरिएको छ । 'ऊ' बेलामा जस्तो एकै थलोमा 'आफ्नो चिहान खन्ने' जगेडा सिपाहीलाई पुँजीवादी उत्पादन प्रणालीले पाल्न छाडेको छ, त्यसले विश्वलाई नै आफ्नो कारखाना बनाएको छ । 'अदृश्य' मालिकले विश्वको एउटा कुनामा बसेर गरेको एउटै निर्णयबाट विश्वभरि छरिएर काममा दलिइरहेका सबै श्रमिकहरूको भाग्य-भविष्य मिनेटभरमै छिनोफानो हुन्छ । अदक्ष हुन् कि पीएचडी गरेका उच्चदक्ष श्रमिकहरू हुन्, उनीहरूको श्रमको मोल उँधोतिरको प्रतिस्पर्धा (घटाघट) मा तय हुनथालेको छ । आजका श्रमिक दिशाहीन बटुवाका रूपमा आफ्नो श्रम लिलाम गर्न चौबाटोमा खडा हुन बाध्य छन् । कामको कुनै निश्चितता नभएकाले आज गरेको काम सकिनासाथ अर्को काममा हात हाल्न खुट्टा उचालेर ऊ श्रमको क्रेताको खोजीमा चारै दिशा आँखा डुलाउन विवश छ । 'ऊ' बेला ठूलो डफ्फामा रहेका श्रमिकहरूबीच रहेका स्वाँठ सर्वहारा (लुम्पेन प्रोलेटरियट) क्रान्तिका बाधक थिए भने अहिले श्रमको व्यापक अनौपचारीकरणले सिङ्गो श्रमिक वर्गमाथि हावी हुँदै आएको 'स्वाँठपन (लुम्पेनाइजेसन) को प्रक्रिया' आजको श्रम आन्दोलनमा डरलाग्दो चुनौती बनिरहेको छ । यसरी समसामयिक श्रमको संसारमा धेरै कुरा प्रतिष्ठानभित्रका श्रमिकको बलमा होइन, 'बजारका शक्ति' द्वारा निर्धारण हुन थालेको छ । 'उपभोक्ताको अधिकारसँग कुनै साइनो-सम्बन्ध नै नभएको होटल तथा रेष्टुराँमा द्विपक्षीय रूपमा घोषणा गरिएको १० प्रतिशत सेवाशुल्कका विरुद्ध सर्वोच्च अदालतमा हालिएको मुद्दा' लाई यस सन्दर्भमा नेपाली उदाहरणका रूपमा लिन सकिएला ।

आजको श्रम सम्बन्धमा 'आर्थिक प्रक्रिया प्रमुख र प्रतिष्ठानहरूको भौतिक अवस्थिति गौण' हुन पुगेको छ । उत्पादन प्रक्रियाको हिसाबले श्रम क्षेत्रको प्रकृति 'सङ्गठित र असङ्गठित, औपचारिक र अनौपचारिक, देशीय र अन्तरदेशीय गरी विभाजित हुन पुगेको छ भने श्रम-नियमित (स्थायी-अस्थायी) र अनियमित (करार, दैनिक ज्यालादारी, घरआधारित-आउटसोर्स, मौसमी, पार्टटाइम आदि) गरी मूल दुई श्रेणीमा बाँडिएको छ, जहाँ 'एउटालाई चोट लाग्दा सबैलाई दुख्छ' भन्ने श्रमिकहरूको विश्वव्यापी सामूहिकताको 'मन्त्र' लाई निजी जीवनयापनका लागि आपसी घाँटी काटाकाटको प्रतिस्पर्धाले विस्थापित गरिरहेको छ । यस्तो अवस्थामा 'ऊ' बेलाको जस्तो 'हार्नलाई हत्कडी र जित्नलाई सारा संसार' को कोरा नारा या वर्तमान समयमा माओवादीले प्रचार गर्ने गरेको 'पाँच हजार, सात हजार, १० हजार' को हचुवा तलबी 'तुरूप' बाट सामाजिक रूपान्तरणको महायज्ञमा सिङ्गो श्रमशक्तिलाई सङ्गठित रूपमा सामेल गर्न कसरी सम्भव हुन्छ ? के यस्तो नारामा श्रमिकलाई उराल्दा अरूहरूलाई आरोप लगाएजस्तै 'अर्थवादी' होइँदैन ?

व्यक्तिवादी उपभोक्तवादी चिन्तनमा परिवर्तन कसरी गर्ने र सानो सङ्ख्याका स्थायी श्रमिकबीचमा मात्रै सङ्गठन गरी बढी हेपिएका शोषितहरूप्रतिको जारी उपेक्षाभावलाई कसरी तोड्ने ? यसका लागि कस्तो श्रम सम्बन्धको सिद्धान्तको पक्षपोषण गर्ने भन्नेमा पनि हाम्रा माओवादी कामरेडहरू अलमलमा नै परेको देखिन्छ । मोटामोटी रूपमा श्रम सम्बन्धका चार प्रकारका 'सिद्धान्त' हरू प्रचलनमा रहेको पाइन्छ । पहिलो, वर्गीय मुक्तिको सिद्धान्त- 'शास्त्रीय मार्क्सवादी अवधारणा अनुरूप उद्यमी (बुर्जुवा, पुँजीपति वर्गको अर्थमा) र श्रमिक भनेका 'बाघ र बाख्रा' हुन् । पहिलो वर्गको निषेधबिना दास्रोको मुक्ति सम्भव छैन ।' दोस्रो, उत्पीडितहरूको मुक्तिको सिद्धान्त- 'पाउलो फ्रेरीका अनुसार, उत्पीडकले गरेको अत्याचारको भूत उत्पीडितहरूको दिमागबाट नहटेसम्म उनीहरूको मुक्ति सम्भव छैन । यसका लागि पीडकले पीडितको कुरा सुन्नैपर्छ र उसले नै उत्पीडितसँग सम्झौता गर्नुपर्छ ।' तेस्रो, पारस्परिक सहयोगात्मक सिद्धान्त- 'जहाँ उत्पादन प्रक्रियामा पुँजी लगानी गर्ने र श्रम लगानी गर्नेबीच सापेक्षित सहकार्य हुन्छ । जर्मनीको कोडिटरमिनेसन वा पश्चिम युरोपका देशहरूमा विभिन्न नाममा चिनिएका कल्याणकारी राज्य प्रणाली अन्तर्गतका श्रम सम्बन्धका मोडेलहरू ।' र चौथो, आत्मसमर्पणवादी सिद्धान्त- जहाँ चर्का कुरा गरेर श्रमिकहरूलाई उराल्ने र आफ्नो निजी लाभमा बिकेका श्रमिक नेताले उद्यमीका इसारामा सदस्यलाई नियन्त्रण गर्ने ।' विडम्बना, लोकतन्त्र स्थापनापछिका दिनहरूमा अखिल नेपाल ट्रेड युनियन महासङ्घका नाममा भएका अधिकांश गतिविधिहरूलाई नियाल्दा यसले

'पहिलो सिद्धान्त (बाघ-बाखा) बाट प्रतिष्ठानमा पस्ने र चौथो सिद्धान्त अनुसार सम्झौता गर्ने' गरेको देखिन्छ ।

अन्त्यमा, वर्गसङ्घर्षबारे संक्षिप्त टिप्पणी गरौँ । माओवादीहरूले अरूलाई वर्ग समन्वयवादी भनिरहँदा उनीहरूको अर्थमा 'वर्गसङ्घर्ष' के हो भन्ने स्पष्ट छैन । डाङ्डाङ्-डुङ्डुङ्लाई 'वर्गसङ्घर्ष' नठान्ने हो भने ( दुःखको कुरा वामपन्थी स्कुलिङ्का कतिपय 'पण्डित' हरू यस्तै ठान्छन् !) माओवादी १० वर्षे 'जनयुद्ध' ले वर्गसङ्घर्षको औचित्यमाथि नै प्रश्न खडा गरिदिएको छ । एक जना नेपाली विद्वान्का अनुसार, नेपालमा अब 'वर्गसङ्घर्ष' कि 'जनआन्दोलन' को बहस सुरु भइसकेको छ। आठदलीय गठबन्धन सरकारले, जहाँ माओवादीले आफूलाई काङ्ग्रेससरह 'फाइनलमा पुगेको खेलाडी' ठान्छ, नयाँ नेपाली राज्यको समाज व्यवस्था 'वर्ग आधारित' होइन, 'जाति, जनजाति, क्षेत्र र लिङ्ग आधारित' हुने सङ्केत गरिसकेको छ । निश्चय नै आर्थिक शोषणको अन्त्यलाई सामाजिक रूपान्तरणको आधार मानिरहँदा सामाजिक उत्पीडनका तीन पक्षहरू-लैङ्गिक, जाति-जनजातीय र क्षेत्रीयलाई उपेक्षा गर्नैसकिन्न । त्यसो भए 'विचार कि पहिचान (इडियोलोज कि आइडेन्टीटी ?)' को हालको बहसमा यदाकदा 'क्रान्तिको नयाँनयाँ प्रयोग गरी सफलता प्राप्त गरिरहेको' दाबी गर्ने नेकपा (माओवादी) र यसको छुच्चो सङ्गठन अखिल नेपाल ट्रेड युनियन महासङ्घको जवाफ के छ ? र, उसले खुला आकाशमुनि अवतरण भएपछि गरेका गतिविधिसँग के साइनो छ ?

## महासचिवद्वारा भारत भ्रमण

काठमाडौं । नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको नेतृत्वमा पार्टीको एक प्रतिनिधिमण्डलले भारतको साताव्यापी भ्रमण गरेको छ । भ्रमणका क्रममा भारतीय उच्च राजनीतिक नेतृत्वसँग भेटघाट र कुराकानी भएको थियो । प्रतिनिधिमण्डलमा पार्टीका स्थायी समिति सदस्यद्वय केपी ओली र भरतमोहन अधिकारी सहभागी हुनुहुन्थ्यो ।

भ्रमणका क्रममा महासचिव नेपालसहितको प्रतिनिधिमण्डल र भारतीय प्रधानमन्त्री डा. मनमोहन सिंहबीच सम्पन्न वार्तालाई निकै महत्वका साथ लिइएको छ । सेभेन रेसकोसस्थित प्रधानमन्त्री निवासमा उहाँहरुबीच एक घण्टा कुराकानी भएको थियो । नेपालमा विकसित पछिल्लो राजनीतिक घटनाक्रमका साथै शान्ति प्रक्रिया, संविधानसभाको निर्वाचन र नेपाल-भारत सहयोगका विविध पक्षका बारेमा सविस्तार कुराकानी भएको बताइएको छ। शान्ति प्रक्रियालाई सघाउन आफ्नो देश तयार रहेको जानकारी दिँदै प्रधानमन्त्री डा. सिंहले नेपालमा छिटो संविधानसभाको निर्वाचन भएर नयाँ संविधान बन्नुपर्नेमा जोड दिनुभएको थियो । उहाँले नेपालको तराईमा उत्पन्न समस्याका बारेमा चासो राख्नुभएको थियो ।

भेटका क्रममा महासचिव नेपालले विगतमा नेपालको लोकतान्त्रिक आन्दोलनमा भारतले पुऱ्याएको सहयोगका लागि धन्यवाद दिँदै आगामी दिनमा पनि सहयोगको अपेक्षा गर्नुभएको थियो। लोकतन्त्र स्थापनापछि भारतीय जनता र सरकारप्रति आभार प्रकट गर्न आफू भारत आएको बताउँदै महासचिव नेपालले दिगो शान्ति, अग्रगमन र विकासका लागि भारतीय सहयोग चाहिने बताउनुभएको थियो ।

प्रत्युत्तरमा प्रधानमन्त्री डा. सिंहले नेपालमा सात दलबीच विगतमा विकसित समझदारीबाट नेपालले प्रगति हासिल गर्न सकेको स्मरण गर्दै त्यसलाई निन्तरता दिनुपर्नेमा जोड दिनुभयो । माओवादीलाई शान्तिपूर्ण राजनीतिक मूलधारमा ल्याउन मिलेर काम गर्ने लोकतान्त्रिक दलहरुबीच समझदारी कायम रहनुपर्ने उहाँको सुझाव थियो ।

अहिले आठ दलको नेताका रूपमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सरकारको नेतृत्व गरे पनि मुलुकलाई अघि लैजानका लागि महासचिव नेपालको महत्त्वपूर्ण भूमिका हुने उल्लेख गर्दै प्रधानमन्त्री डा. सिंहले त्यसका लागि महासचिव नेपालबाट ठोस योगदान हुने विश्वास आफूले गरेको बताउनुभयो । महासचिव नेपालले नेपालको दिगो विकास र अग्रगमनका लागि भारतबाट सकारात्मक सहयोगको अपेक्षा व्यक्त गर्नुभएको थियो । नेपाली जनताका सबै निर्णय मान्न आफ्नो देश तयार रहेको जानकारी प्रधानमन्त्री डा. सिंहले दिनुभएको थियो ।

महासचिव नेपालले भारतीय प्रधानमन्त्री सिंहसँग भुटानी शरणार्थीलाई स्वदेश फिर्ता गराउनका लागि सहयोग गर्न भारतसमक्ष अनुरोध गर्नुभएको थियो । भेटका क्रममा महासचिव नेपालले 'भुटानी शरणार्थीलाई ससम्मान स्वदेश फर्काउनुपर्छ, आउँदा जुन बाटो आएका छन्, उनीहरू त्यही बाटो फर्किन किन नपाउने ? भुटानी शरणार्थी समस्यालाई मानवीय रूपमा हेर्नुपर्छ' भन्नुभएको थियो । ससम्मान स्वदेश फिर्ती सुनिश्चित

गरिएपछि मात्रै तेस्रो मुलुक जाने विकल्पबारे छलफल गर्नुपर्ने उहाँको धारणा थियो । प्रधानमन्त्री सिंहले भने यसबारे सार्क शिखर सम्मेलनका बेला नेपालका प्रधानमन्त्रीसँग कुराकानी भएको र कसरी सहयोग गर्न सकिन्छ भन्नेमा आफूले विचार गर्ने बताउनुभयो ।

नेपाल-भारतबीच सम्पन्न बहुचर्चित महाकाली सन्धिको कार्यान्वयनका बारेमा पनि उहाँहरूबीच कुराकानी भएको थियो । निकै विवादका बीच पारित महाकाली सन्धिलाई कार्यान्वयन गर्न भारत सरकारले अहिलेसम्म कुनै पहल गरेको छैन ।

प्रतिनिधिमण्डलले भारतीय काङ्ग्रेस (आई) का अध्यक्ष सोनिया गान्धी, पूर्वप्रधानमन्त्रीद्वय अटलविहारी बाजपेयी र इन्दरकुमार गुजराल, भारतीय जनता पार्टीका अध्यक्ष राजनाथ सिंह, विपक्षी नेता लालकृष्ण अडवाणी, भारतीय जनता पार्टीका तर्फबाट राज्यसभामा विपक्षी दलका नेता जसवन्त सिंह, विदेशमन्त्री प्रणव मुखर्जी, गृहमन्त्री शिवराज पाटिल, भारतीय कम्युनिस्ट पार्टीका महासचिव एवी बर्धन, फर्वार्ड ब्लकका महासचिव देवव्रत विश्वास, भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का पोलिटब्युरो सदस्य स्वदेश भट्टाचार्य, जनता दल युनाइटेडका अध्यक्ष शरद यादव, आरजेडीका अध्यक्ष तथा रेलमन्त्री लालुप्रसाद यादव, भारतीय विदेशसचिव शिवशंकर मेनन, प्रधानमन्त्रीका विदेश सल्लाहकार तथा नेपालका लागि पूर्वभारतीय राजदूत श्यामशरणलगायतसँग भेट गर्नुभएको थियो । उहाँको सम्मानमा भारतीय उद्योगपतिहरुले विशेष कार्यक्रम आयोजना गरेका थिए । महासचिव नेपाल अखिल भारत नेपाली स्वतन्त्र विद्यार्थी युनियनद्वारा दिल्लीमा आयोजित कार्यक्रममा पनि सहभागी हुनुभएको थियो । पूर्वप्रधानमन्त्रीद्वय चन्द्रशेखर र वीपी सिंह विरामी भएकाले महासचिव नेपालले उहाँहरुको स्वास्थ्यलाभको कामना गर्नुभएको थियो । महासचिव नेपालसहितको टोलीले उपचारका लागि दिल्लीमा रहनुभएकी सांसद तथा पार्टीकी केन्द्रीय सदस्य विद्यादेवी भण्डारीको स्वास्थ्यस्थितिको जानकारी लिँदै स्वास्थ्यलाभको कामना गर्नुभएको थियो ।

महासचिव नेपाल भारतको सिमलामा आयोजित दक्षिण एसियाली सांसदहरूको सम्मेलनमा भाग लिने क्रममा जेठ १७ गते भारततर्फ जानुभएको थियो । भ्रमण दलमा सहभागी स्थायी समिति सदस्य ओली पनि सोही दिन जानुभएको थियो भने अर्का नेता अधिकारी जेठ २० गते त्यसतर्फ जानुभएको थियो ।

सिमलामा रहँदा उहाँको भारतीय तल्लो सदन लोकसभाका सभामुख सोमनाथ चटर्जी, विदेशमन्त्री प्रणव मुखर्जी, हिमाञ्चल प्रदेशका मुख्यमन्त्री वीरभद्र सिंहलगायतसँग भेट भएको थियो। महासचिव नेपालले विशिष्ट अतिथिका रूपमा सम्मेलनलाई सम्बोधन गर्नुका साथै सार्क क्षेत्रका राजनीतिज्ञ, पत्रकार, कूटनीतिज्ञ र अधिकारकर्मीहरूसँग पनि भेट गर्नुभएको थियो ।

■

***सङ्घीय संरचनाका लागि केही प्रस्तावहरू***

***' धर्मराज पौडेल***

२०६३ मा सम्पन्न ऐतिहासिक महान् जनआन्दोलनको सफलतापछि जनआन्दोलनबाट प्राप्त भएका उपलब्धिहरूलाई संस्थागत गर्ने प्रक्रियामा अहिले हाम्रो देश अघि बढिरहेको छ । यो क्रममा आमनिर्वाचनको माध्यमबाट संविधानसभाको गठन गरेपछि तुरुन्तै गर्ने हाम्रो राष्ट्रिय कार्यसूची भनेको लोकतान्त्रिक गणतन्त्र स्थापनाको सुनिश्चिततासँगै नेपाललाई सङ्घीय राष्ट्र बनाउन स्थानीय प्रान्तीय राज्यको संरचनात्मक स्वरूप निर्माण गर्ने हो । त्यसका लागि राज्यको पुनःसंरचना वा स्वरूप निर्धारण र समावेशी लोकतन्त्रको स्थापना किन र के प्राप्तिका लागि गर्ने भन्नेबारेमा स्पष्ट हुन जरुरी छ ।

**उद्देश्य**

१. सार्वभौमसत्ता, राजकीयसत्ता र शासनाधिकार नेपाली जनतामा सुनिश्चित गर्ने ।
२. सामन्ती राजतन्त्र र त्यसका आर्थिक, सामाजिक र सांस्कृतिक आधारहरूलाई समाप्त पार्ने ।
३. नेपाललाई अखण्ड, अभिभाज्य र सार्वभौमसत्ता सम्पन्न सङ्घीय राज्य राष्ट्रका रूपमा सुदृढ गर्ने ।
४. न्याय, समानता र स्वतन्त्रताको नीतिका आधारमा लोकतन्त्रलाई सवल बनाउने र राज्य सञ्चालनमा जनताको भूमिकालाई प्रभावकारी बनाउने ।
५. आर्थिक-सामाजिक विकासमा विद्यमान क्षेत्रीय असन्तुलन कम गर्दै जाने र सबै भूक्षेत्रमा बसोवास गर्ने जनतालाई विकासको समान अवसर र आधार प्रदान गर्ने ।

६. नेपाली समाजको विशेषता र विशिष्टताका आधारमा राज्यको पुनःसंरचना गर्ने र राज्यमा पछि परेका सबै वर्ग वा समुदायको प्रतिनिधित्व र सहभागितालाई सुनिश्चित बनाउने ।
७. नेपाली समाजमा विद्यमान वर्गीय, लैङ्गिक, जातीय, भाषिक, सांस्कृतिक, सामुदायिक र क्षेत्रीय विभेद र द्वन्द्वको समस्यालाई समाधान गरी समतामूलक समाजको निर्माण गर्ने ।
८. १२ वर्षदेखिको माओवादी विद्रोहको शान्तिपूर्ण समाधानको बाटो पत्ता लगाउने र भविष्यमा फेरि कसैले त्यस प्रकारको बाटो अवलम्बन गर्नु नपरोस् भन्ने सुनिश्चितताको आधार तयार गर्ने ।
९. लोकतान्त्रीकरण र समावेशीकरणको नीतिका आधारमा राज्यका सबै अङ्गहरूको पुनःगठन गर्ने ।
१०. साम्राज्यवादी र नवउपनिवेशवादी शोषण र हस्तक्षेपबाट मुक्त राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने ।
११. शिक्षा, स्वास्थ्य र रोजगारजस्ता आधारभूत सवालहरूमा जनताप्रति पूर्ण उत्तरदायी भएको लोककल्याणकारी राज्यव्यवस्थाको निर्माण गर्ने ।
१२. शान्तिपूर्ण जनआन्दोलनका माध्यमबाट नेपाली समाजको आमूल परिवर्तनलाई सार्थक बनाउने, र
१३. शोषणरहित, शान्त, सुन्दर, समृद्ध र समुन्नत राष्ट्रका रूपमा नेपालको विकास गर्ने ।

अतः लोकतान्त्रीकरणको प्रक्रियालाई द्रुतगतिमा निरन्तर अग्रगामी पथमा लैजान र विकेन्द्रीकरणको सिद्धान्त अवलम्बन गरी लोकतन्त्रका अधिकतम लाभहरू नेपालीहरूले हासिल गर्नका लागि राज्यको पुनःसंरचना गर्ने वा सङ्घीय राज्यको स्वरूप निर्धारण गर्ने कार्य अविलम्ब गर्नुपर्नेछ । भावी संविधानसभाबाट यो ऐतिहासिक कार्य पूरा हुने आशा अहिले नेपाली जनताले लिइरहेका छन् ।

**आधार**

सङ्घीय राज्यको नयाँ स्वरूप निर्धारण गर्दा केही महत्त्वपूर्ण आधारहरूलाई विशेष ध्यान दिनैपर्दछ । 'सङ्घात्मकतामा आधारित शासनको ढाँचा तीन तहको हुने तर प्रदेशको सङ्ख्या कम भएको अवस्थामा भने तहगत ढाँचा बढाउनुपर्ने, एउटा बहुजातीय केन्द्रीय वा सङ्घीय संरचना हुने, केन्द्रभन्दा मुनि नेपाली विशेषता अनुरूपका विधायिकी अधिकारसहितका बहुजातीय प्रदेशहरू रहने' भन्दै एमालेले भौगोलिक अवस्थिति जनसङ्ख्या र जातिगत बसोवासको अवस्था, मातृभाषा र भाषाको प्रयोगको अवस्था, सांस्कृतिक सम्मिलनको अवस्था, प्रशासनिक सुगमता, आर्थिक-सामाजिक अन्तरसम्बन्ध, साधनस्रोतको उपलब्धता र ऐतिहासिकताजस्ता पक्षलाई आधार बनाउने, जातीय समुदायका सघन बसोवास, भाषिक सघनता र विशिष्ट सांस्कृतिक क्षेत्रहरूलाई सकेसम्म एउटै राजनीतिक र प्रशासनिक एकाइमा आवद्ध गर्ने गरी राजनीतिक एकाइसहितको प्रशासनिक ढाँचा निर्माण गर्ने नीति अघि सारेको छ । यी आधारमा नेकपा (एमाले) ले तय गरेको यो नीति अहिलेसम्म राजनीतिक सतहमा देखापरेका वा विभिन्न राजनीतिक पार्टीहरूले अघि सारेका नीतिहरूमध्ये सर्वश्रेष्ठ छ । उक्त नीतिका आधारमा यथासम्भव प्रदेश वा प्रान्तको सङ्ख्या थोरै र शासनको ढाँचा तीनदेखि बढीमा चार तहसम्मको हुनुपर्छ भन्ने लाग्छ ।

**केन्द्रीय तहमा सङ्घीय शासनको स्वरूप र राष्ट्राध्यक्ष**

हालको पाँच विकास क्षेत्र र १४ अञ्चलको वर्गीकरण खारेज गरी उक्त नीतिगत आधारमा आठवटा प्रान्तीय राज्यको वर्गीकरण गरी तिनलाई सङ्घीय शासन प्रणालीमा सङ्गठित गर्दै केन्द्रमा सङ्घीय सरकार कायम गर्नुपर्छ । सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक र प्रादेशिक स्वायत्ततामा आधारित अखण्ड, अविभाज्य र सार्वभौमसत्ता सम्पन्न राज्य राष्ट्रका रूपमा रहनेछ । हालका 'राजा' र उनका आफन्तका सबै पद खारेज गरी राष्ट्रप्रमुख वा राष्ट्राध्यक्षको उत्तरदायित्व बहन गर्न 'राष्ट्रपति' पद सिर्जना गर्नुपर्छ । राष्ट्रपतिको चुनाव गर्दा वालिगमतबाट चुन्ने हो भने कार्यकारिणी अधिकार राष्ट्रपतिमा रहने हुन्छ तर तोकिएका जनप्रतिनिधिहरूबाट मात्र मतदान गरी चुन्ने हो भने कार्यकारिणी अधिकार प्रधानमन्त्री र मन्त्रिपरिषद्मा रहने हुन्छ । हाम्रो देशमा पछिल्लो तरिका ठीक हुनसक्छ कि अघिल्लो ? तर, बालिगमतका आधारमा प्रधानमन्त्री चुन्ने र कार्यकारिणी अधिकार यस्तो प्रधानमन्त्री र मन्त्रिपरिषद्मा रहनुभन्दा बालिगमतका आधारमा राष्ट्रपति चुन्ने र यसरी चुनिएको राष्ट्रपतिमा कार्यकारिणी अधिकार रहने र राष्ट्रपतिले प्रधानमन्त्री मनोनयन गर्ने प्रचलन पनि कतिपय देशहरूमा रहेको छ । राष्ट्रपतिले आफ्नो कर्तव्य र अधिकारको दुरूपयोग गरी राष्ट्र र जनतालाई नोक्सान पुऱ्याएमा उसलाई पदमुक्त गरी नयाँ चुनावको मार्ग खोल्ने अधिकार व्यवस्थापिका वा प्रतिनिधिसभामा सदैव सुरक्षित रहिरहनुपर्छ ।

शक्ति पृथकीकरणको सिद्धान्त अनुसार सङ्घीय राज्यका तीन सर्वोच्च अङ्गहरू क्रमशः व्यवस्थापिका, कार्यकारिणी र न्यायपालिकाका रूपमा प्रतिनिधिसभा, नेपाल सरकार (मन्त्रिपरिषद्) तथा राष्ट्रियसभा र सर्वोच्च अदालत रहनेछ ।

**प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को अधिकार र दायित्व**

प्रधानमन्त्री देशभरिको बालिगमतबाट प्रत्यक्ष चुन्नुपर्छ भन्ने कुरा पनि उठिरहेको छ। तर, त्यस्तो निर्वाचित व्यक्तिलाई संसद्ले नियन्त्रण गर्न कठिन हुन्छ। किनभने, सबै सांसदहरूको कुल मतभन्दा बढी मत प्रधानमन्त्रीले प्राप्त गर्नसक्छ, उसलाई प्रत्याह्वान गर्न जनताबाहेक जनप्रतिनिधिबाट नमिल्न सक्छ। जनताले कुन विधिबाट प्रत्याह्वान गर्ने भन्ने विधि जटिल हुन्छ। अतः संसद्ले कार्यकारी अधिकार रहने प्रधानमन्त्री र मन्त्रिपरिषद्लाई नियन्त्रण र सन्तुलन गर्न सक्नुपर्छ अनि मात्र शक्तिपृथकीकरणको महत्त्व रहनेछ। तसर्थ, संसद्बाट कार्यकारी अधिकारवाला प्रधानमन्त्री चुन्ने र प्रधानमन्त्रीले मन्त्रिपरिषद् गठन गर्ने, यसो गर्दा समावेशी चरित्र र स्वरूपको सर्वपक्षीय राष्ट्रिय सहमतिको सरकार संसद्को सीट सङ्ख्याको निश्चित अनुपातमा गठन गर्ने परिपाटीलाई कम्तीमा एक-डेढ दशकसम्म लागू गर्नु बढी उपयुक्त हुनेछ। आफ्नो कर्तव्य र अधिकार दुरूपयोग गरी राष्ट्र र जनतालाई नोक्सान पुऱ्याएमा प्रधानमन्त्रीलाई पनि पदमुक्त गरी अर्को प्रधानमन्त्री चयन गर्ने अधिकार संसद्मा सुरक्षित भइरहनु पर्दछ। यस्तो अङ्कुश भयो भने मात्र लोकतन्त्रमा पुनः निरङ्कुश तन्त्र र तानाशाही प्रवृत्ति जन्मने खतरा रहँदैन। नेपाल सरकारको अधीनमा नेपाली सेना र सशस्त्र प्रहरीलगायत राज्यका अन्य सबै अङ्गहरू सञ्चालित हुनुपर्छ। तर, जनपद प्रहरीको सङ्गठनलाई विकेन्द्रीकृत गरेर प्रान्तीय सरकारको अधीनमा सञ्चालन गर्नुपर्छ।

नेकपा (एमाले) ले प्रस्तावित गरे अनुसार नै केन्द्र वा सङ्घीय सरकारसँग राष्ट्रिय सुरक्षा, परराष्ट्र सम्बन्ध, केन्द्रीय ब्याङ्क, मौद्रिक तथा वित्तीय नीति, हवाईउडान, रेल्वे यातायात, प्रमुख राष्ट्रिय राजमार्गहरू, केन्द्रीय विश्वविद्यालय, मानव अधिकार र मौलिक अधिकारको संरक्षण, सर्वोच्च अदालत, भन्सार राजस्व, ठूला जलविद्युत् आयोजना, बहुप्रान्तीय प्राकृतिक सम्पदाहरूको बाँडफाँट र प्रान्तीय विवादहरूको समाधान गर्ने अधिकार र त्यस अन्तर्गतका नागरिकप्रतिका दायित्वहरू निहित रहनुपर्छ।

**व्यवस्थापिका**

सङ्घीय संसद् वा व्यवस्थापिका तल्लो र माथिल्लो गरी दुई सदनात्मक हुनुपर्छ। दुवै सदनको गठन प्रक्रिया बढी वैज्ञानिक र सरल बनाउनुपर्छ।

**तल्लो सदन**

तल्लो सदन बालिगमतका आधारमा प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिहरूबाट हुनुपर्छ र यसलाई प्रतिनिधिसभा भन्नुपर्छ। यो प्रतिनिधिसभाको निर्वाचन बहुमतीय प्रणालीमा होइन, समानुपातिक निर्वाचन प्रणालीमा हुनुपर्छ भन्ने माग आमजनताले उठाउँदै आएको हुँदा बहुमतीय प्रणाली हटाउनुपर्छ। प्रतिनिधिसभाको सदस्य सङ्ख्या एक सय ९९ भन्दा बढाउनु हुन्न। समानुपातिक निर्वाचन प्रणाली अपनाउँदा स्थानीय भौगोलिक निर्वाचन क्षेत्रभित्रको स्थानीयता, समावेशी चरित्र र स्वरूपलाई अवलम्वन गर्ने कुरामा ध्यान दिनुपर्दछ। यदि समानुपातिक प्रणाली नअपनाउने र बहुमतीय प्रणली नै अपनाउने हो भनेचाहिँ जनसङ्ख्याको अनुपात सदस्य सङ्ख्या कायम गर्दा राजधानीबाहेक पहाडी प्रदेशको ३८ जिल्लाबाट जनसङ्ख्या एक लाख १० हजार बराबर एक प्रतिनिधि, हिमाली प्रदेशका १६ जिल्लाबाट जनसङ्ख्या ७५ हजार बराबर एक प्रतिनिधि र राजधानी काठमाडौँ तथा तराई प्रदेशका २१ जिल्लाबाट जनसङ्ख्या एक लाख ४५ हजार बराबर एक प्रतिनिधिको अनुपातमा निर्वाचन गर्नु उपयुक्त हुन्छ। यसो भयो भने मात्र प्रत्येक जनगणनापछि सत्तासीन पार्टीले आफ्नो अनुकूल हुने गरी बेढङ्ग र तर्कहीन ढङ्गले निर्वाचन क्षेत्रको पुनःनिर्धारण गर्ने खतराबाट जनता मुक्त हुन्छन्। अर्को कुरा प्रशासनिक जिल्लाको जनसङ्ख्या जति कम भए पनि निश्चित क्षेत्रफल भएका कारण प्रत्येक जिल्लाबाट एक जना र सात हजार वर्ग किमि क्षेत्रफल भएको जिल्लाबाट थप एक जना सदस्य निर्वाचित हुने तथा तराईका जिल्लाहरूमा पनि एक निर्वाचन क्षेत्रमा कम्तीमा चार सय वर्ग किमि क्षेत्रफल हुनैपर्ने कानुनी बन्दोवस्त हुनुपर्छ।

**माथिल्लो सदन**

माथिल्लो सदन राष्ट्रियसभामा छ वर्षको कार्यकाल हुने गरी ७७ सदस्य हुने र यसमा जातीय प्रतिनिधित्वलाई जोड दिने कानुनी बन्दोवस्त हुनुपर्छ। प्रस्तावित आठ प्रान्तका विधानसभाबाट चार/चार जनाका दरले ३२ जनामध्ये तीन/तीन वर्षमा दुई/दुई जना एकल सङ्क्रमणीय आधारमा निर्वाचन गरी पठाउनुपर्छ। यसरी नै प्रस्तावित ३० उपप्रान्तबाट एक/एक जना गरी ३० सदस्यहरूमध्ये तीन/तीन वर्षमा १५ जना १५ वटा उपप्रान्तबाट निर्वाचित गरी पठाउनुपर्छ। यसरी नै प्रतिनिधिसभाबाट पनि १५ जना सदस्यहरूमध्ये दुई/दुई वर्षमा पाँच/पाँच जना सदस्यहरू एकल सङ्क्रमणीय आधारमा निर्वाचित गरी पठाउनुपर्छ। सबै ७७ जना सदस्यहरू प्रथमपटक निर्वाचित गरी गोलाप्रथाबाट अवधि तोक्ने र त्यसपछिदेखि

उपरोक्तबमोजिम आवधिक निर्वाचन भइरहने व्यवस्था गर्नुपर्छ। जातीय प्रतिनिधिका अतिरिक्त वर्गीय, लिङ्गीय र विशेषज्ञीय आधारमा ४० वर्षमाथिका अनुभवी व्यक्तिहरू मात्र उम्मेदवार बनाउने प्रावधान हुनुपर्छ। दुवै सदनका सदस्यहरूमाथि निर्वाचन गर्ने जनता वा मतदाताहरू वा सम्बन्धित राजनीतिक पार्टीहरूको उचित सन्तुलन र नियन्त्रण कायम रहने गरी व्यावहारिक ढङ्गले प्रत्याह्वान गर्ने प्रावधान पनि संविधान र कानुनमा हुनुपर्छ।

**सर्वोच्च अदालत**

न्यायपालिकाका रूपमा सर्वोच्च अदालतको स्वरूप यथावत् रहे पनि त्यसको गठन बढी वैज्ञानिक र लोकतान्त्रिक किसिमको हुनुपर्छ भने न्याय क्षेत्र चुस्तदुरुस्त, छिटोछरितो र न्याय सम्पादन गर्नसक्ने बनाउन, विकृति र विसङ्गतिमुक्त बनाउन व्यवस्थापन पक्षमा आमूल सुधार गर्न आवश्यक छ। प्रस्तावित प्रान्तीय उच्च अदालत, उपप्रान्तीय पुनरावेदन अदालत र ग्राम तथा नगर अदालतहरूलाई सङ्घीय सर्वोच्च अदालतले आवश्यक निर्देशन जारी गर्दछ भने आधारभूत तहका अदालतहरूबाट हुने न्याय सम्पादनमा चित्त नबुझे सम्बन्धित पक्षलाई सर्वोच्च अदालतसम्म पुनरावेदन गर्न पाउने अधिकारको सुनिश्चिता कानुनद्वारा निरूपण गर्नुपर्छ।

**प्रान्तीय तहमा शासनसत्ताको स्वरूप**

प्रान्तीय तहका सङ्ख्या आठभन्दा बढी गर्नु हुन्न। किनभने, आर्थिक व्ययभार बढी भई प्रान्तीय राज्य टाट पल्टने र केन्द्रले सबै भार वहन गर्ने खतराजन्य स्थिति उत्पन्न हुन नदिन विकेन्द्रीकरणको स्वावलम्वन हुने पक्षलाई प्रोत्साहित र परावलम्बी हुने पक्षलाई निरुत्साहित गर्न र ती प्रान्तीय राज्यहरूबीच समष्ठिगत विकासमा स्वस्थ प्रतिस्पर्धाका साथ उन्नति गर्न उक्त आठ सङ्ख्या उपयुक्त हुन सक्छ।

**अधिकार**

नेकपा (एमाले) ले प्रस्तावित गरे अनुसार नै प्रान्तीय तहमा नेपाली विशेषता अनुरूपका विधायिकी अधिकारसहितका बहुजातीय प्रदेशहरू हुनेछन्। यो तहमा विधानसभा, अदालत, व्यापार उद्योग तथा श्रम व्यवस्था, मझौला राजमार्ग/सडक, जङ्गल, जल तथा जमिनको व्यवस्थापन र उपभोग, शिक्षा र स्वास्थ्यको प्रबन्ध, रोजगार प्रवर्द्धन, पर्यटन विकासजस्ता अधिकारहरू र त्यस अन्तर्गतका नागरिक दायित्वहरू निहित रहनुपर्छ।

**समानुपात**

हाम्रो देशको क्षेत्रफल एक लाख ४७ हजार एक सय ८१ वर्ग किमि र जनसङ्ख्या ०५८ को जनगणना अनुसार दुई करोड ३१ लाख ५१ हजार चार सय २३ रहेको छ। कर्णाली प्रान्तबाहेक हिमाली प्रदेशबाट विधानसभा सदस्यका लागि जनसङ्ख्या ३३ हजार बराबर एक प्रतिनिधि, पहाडी प्रदेश जिल्लामा जनसङ्ख्या ६६ हजार बराबर एक प्रतिनिधि एवम् राजधानी काठमाडौं र तराई प्रदेशका जिल्लामा जनसङ्ख्या ९९ हजार बराबर एक प्रतिनिधिको अनुपात उपयुक्त हुन्छ। विकट कर्णाली प्रान्तका लागि जनसङ्ख्या २२ हजार बराबर एक प्रतिनिधि हुने र क्षेत्रफल पाँच हजार वर्ग किमिभन्दा बढी क्षेत्रफल भएको जिल्लामा थप एक जनप्रतिनिधि हुनुपर्दछ। निर्वाचन क्षेत्र र बहुमतीय निर्वाचन प्रणाली कायम भएमा उक्त नीति उपयुक्त हुन्छ तर समानुपातिक निर्वाचन प्रणालीमा यो हुन पनि सक्छ र नहुन पनि सक्छ।

**शक्ति पृथकीकरण**

यो तहमा पनि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार प्रान्तीय राज्यका तीन उच्च अङ्गहरूको रूपमा प्रान्तीय राज्य सरकार, विधानसभा र अदालत रहने छन्। स्थानीय जनसङ्ख्याको आधार प्रतिनिधित्वको अनुपातमा फरक प्रान्तको फरक सङ्ख्यामा विधानसभाका सदस्यहरूको सङ्ख्या कायम हुनुपर्छ। विधानसभामा स्पष्ट बहुमत वा समर्थन प्राप्त विधायक वा संसदीय दलको नेतालाई कार्यपालिकाको काम गर्न मुख्यमन्त्रीका रूपमा राज्यपालले नियुक्त गर्ने र मुख्यमन्त्रीले मन्त्रिपरिषद् गठन गर्ने व्यवस्था हुन्छ। सङ्घीय प्रतिनिधिका रूपमा राष्ट्रपतिले राज्यपालको नियुक्ति गर्दछन्। प्रान्तीय राज्यभित्र विधानसभाले निर्माण गरेको कानुन लागू हुनेछ। सङ्घीय कानुनसित प्रतिकुल हुने गरी विधानसभाले कानुन बनाउँदैन। प्रान्तीय राज्य सरकारको अधीनमा उसका अङ्गहरू रहन्छन्।

हाम्रो अल्पविकसित देशको भौगोलिक, क्षेत्रफलीय र जनसाङ्ख्यिक समानतालाई ख्याल गर्दै आर्थिक अन्तरसम्बन्धहरू जातीय, सांस्कृतिक, धार्मिक तथा सामाजिक अन्तरसम्बन्धहरू, असमानता, वर्गीय विभेद, अति पिछडिएको भूगोल, ऐतिहासिक पक्ष तथा राजनीतिक एवम् मनोवैज्ञानिक अन्तरसम्बन्ध, विभिन्न विद्वान्हरूका अवधारणाहरू, पार्टीका अवधारणाहरूको अध्ययनसमेतलाई ध्यानमा राख्दा आठ प्रान्तको प्रस्ताव

उपयुक्त हुने देखिन्छ। प्रस्तावित प्रान्तीय राज्यहरूमा सप्तकोसी प्रान्त, मिथिला प्रान्त, सुनकोसी प्रान्त, बुद्धभूमि प्रान्त, धौलागिरि प्रान्त, राप्ती प्रान्त, कर्णाली प्रान्त र महाकाली प्रान्त हुन्। यी प्रान्तीय राज्यहरू बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक चरित्र आत्मसात् गरिरहेको नेपाली समाजको विशेषता प्रतिविम्बित गर्ने स्वायत्त र स्वशासित प्रान्त हुनेछन्।

**प्रस्तावित प्रान्त/उपप्रान्तहरू**

**उपप्रान्तीय सरकार**

उक्त आठ प्रान्तका छुट्टाछुट्टै अधीनमा रहने गरी साविकका दुईदेखि चार जिल्लालाई परस्परमा मिलाएर ३० वटा भौगोलिक क्षेत्र उपप्रान्त हुने गरी मुलुकलाई नयाँ स्वरूपमा वर्गीकरण गरिएको छ। दिवङ्गत डा. हर्क गुरुङले प्रस्तावित गर्नुभएको २५ जिल्लाको नयाँ नेपालको धारणाबाट बढी प्रभावित भएर यी ३० वटा उपप्रान्तहरूको सोच अघि सारिएको हो। यहाँ प्रायःजसो डा. गुरुङले प्रस्तावित गरेका नामहरू नै यथावत् उल्लेख गरिएको छ। यो तहमा पनि जननिर्वाचित स्थानीय सरकार हुनुपर्दछ। यस तहबाट राष्ट्रिय सभामा एक जना स्थानीय बासिन्दालाई निर्वाचित गरी पठाउने प्रस्ताव छ। यी प्रस्तावित नयाँ ३० उपप्रान्तहरूमा साविकका ७५ जिल्लाहरूको वर्गीकरण निम्नानुसार प्रस्तावित गरिएको छ।

१. सप्तकोसी प्रान्तको कञ्चनजङ्घा उपप्रान्तमा ताप्लेजुङ र पाँचथर, कन्काईमा इलाम र झापा, विजयपुरमा मोरङ र सुनसरी, अरूणमा धनकुटा, तेह्रथुम र सङ्खुवासभा, हलेसीमा भोजपुर र खोटाङ र सगरमाथामा ओखलढुङ्गा र सोलुखुम्बु रहेका छन्।

२. मिथिला प्रान्तको चौदण्डीमा उदयपुर, सप्तरी र सिराहा, कमलामा धनुषा, महोत्तरी, सिन्धुली र सर्लाही रहेका छन्।

३. सुनकोसी प्रान्तको गौरीशङ्करमा दोलखा र रामेछाप, इन्द्रावतीमा सिन्धुपाल्चोक र काभ्रे, त्रिशूलीमा धादिङ, रसुवा र नुवाकोट र वाग्मतीमा काठमाडौँ, भक्तपुर र ललितपुर रहेका छन्।

४. बुद्धभूमि प्रान्तको सिम्रौनमा रौतहट, बारा र पर्सा, नारायणीमा मकवानपुर, चितवन र नवलपरासी, श्रीनगरमा पाल्पा, रूपन्देही र कपिलवस्तु रहेका छन्।

५. धौलागिरि प्रान्तको गोर्खाभूमिमा गोर्खा र लमजुङ, अन्नपूर्णमा तनहुँ, कास्की र स्याङ्जा, मुक्तिनाथमा मुस्ताङ, मनाङ र कालीगण्डकमा म्याग्दी, पर्वत र बाग्लुङ रहेका छन्।

६. राप्ती प्रान्तको झिमरुकमा गुल्मी, अर्घाखाँची र प्यूठान, दाङमा रोल्पा, दाङ र सल्यान, सुर्खेतमा सुर्खेत र दैलेख एवम् बबईमा बाँके र बर्दिया रहेका छन्।

७. कर्णाली प्रान्तको डोल्पामा डोल्पा, जुम्ला र कालीकोट, रारामा हुम्ला र मुगु एवम् भेरीमा रुकुम र जाजरकोट रहेका छन्।

८. यसरी नै महाकाली प्रान्तको मालिकामा अछाम र बाजुरा, सैपालमा बझाङ र डोटी, व्यासमा दार्चुला, बैतडी र डडेलधुरा तथा मोहनामा कञ्चनपुर र कैलाली रहेका छन्।

**ग्राम तथा नगर सरकार**

यस्तै आधारभूत तहमा ग्रामपालिकाका रूपमा ग्रामसरकार र नगरपालिकाका रूपमा नगर सरकार निर्वाचित गर्नुपर्दछ। साविकका तीन हजार नौ सय १४ गाविस क्षेत्रलाई घटाएर वा गाभेर करिब एक हजार पाँच सय सङ्ख्यामा नबढाई ग्रामपालिका गठन गर्नुपर्छ। यसको सचिव कम्तीमा पनि शाखा अधिकृत स्तरको हुनुपर्छ। नागरिकताको प्रमाणपत्र समेत ग्रामसरकार र नगरसरकारले दिनेलगायतका अहिले जिल्ला तहबाट भइरहेका कतिपय सेवा र सुविधाहरू पनि यो आधारभूत तहको सरकारले जनतालाई प्रदान गर्न पाउनुपर्छ। साविकका ५८ नगरपालिका क्षेत्रको अतिरिक्त थप नगरपालिकाहरू गठन गर्न न्यूनतम मापदण्ड पुगेका नगरोन्मुख गाउँ विकास क्षेत्रहरूलाई संयोजन गरी नगरपालिका सङ्ख्या करिब एक सय ७० सम्म वृद्धि गर्नुपर्छ। यो तहको स्थानीय सरकारले आफ्नो भौगोलिक क्षेत्रमा स्थानीय सडक तथा नगर/कुलोको निर्माण र संरक्षण गर्ने, ग्यास, जलविद्युत् र जलआपूर्ति गर्ने, सरसफाइ, स्थानीय योजनाहरू, स्थानीय कर, सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको प्रबन्ध, सार्वजनिक यातायातका साथै प्राकृतिक स्रोत र साधनको व्यवस्थापन गर्ने अधिकार प्रयोग गर्न पाउनुपर्छ।

**उपसंहार**

केन्द्रको सङ्घीय सरकार तथा स्थानीय प्रान्तको राज्यसरकार र उपप्रान्तीय सरकार एवम् ग्राम तथा नगरसरकारबीचका अन्तरसम्बन्धहरू आपसी सहयोगात्मक र परिपूरक किसिमका हुनुपर्छ। सबै स्थानीय सरकारहरूमा कार्यकारिणीलाई नियन्त्रण र सन्तुलनका लागि शक्ति पृथकीकरणको सिद्धान्त अनुसार

व्यवस्थापिका र न्यायपालिकाका पृथक् अङ्गहरू अनिवार्य हुनुपर्छ। ग्राम र नगर तहका न्यायालयहरूमा आवश्यकता अनुसार जुरी-कचहरीको परिपाटीलाई कानुनसम्मत ढङ्गले आधुनिकीकरणका साथ लागू गर्नुपर्छ। यी सरकारहरूको अधिकारको सवाल मात्र होइन, उत्तरदायित्व पनि जवाफदेहीपूर्ण बनाइनुपर्छ। सबै तहहरूमा बहुदलीय प्रतिस्पर्धाद्वारा जनताबाट निर्वाचित भएर जिम्मेवारी बहन गर्ने परिपाटी स्थापित गर्नुपर्छ भने कर्तव्यच्यूत हुने प्रत्येक जनप्रतिनिधिलाई प्रत्याह्वान वा नियन्त्रण गर्ने उपयुक्त अङ्कुशसहितको अधिकार स्थानीय मतदाता, जनता र सम्बन्धित राजनीतिक पार्टीमा छुट्टाछुट्टै रहनुपर्दछ। अनि मात्र जनप्रतिनिधि छाडा नभईकन नियन्त्रित र सन्तुलित ढङ्गले कार्य गर्न अग्रसर हुनेछन् र वास्तविक लोककल्याणकारी राज्य राष्ट्रका रूपमा नेपालले आफूलाई वैज्ञानिक ढङ्गले रूपान्तरण गरेर अन्य आधुनिक र विकसित राष्ट्रहरूको दाँजोमा पुऱ्याउन सक्नेछ।

**सन्दर्भ सामग्री**


१. नेकपा (एमाले) केन्द्रीय कमिटी, राज्यको पुनःसंरचनासम्बन्धी एमालेको अवधारणा, कात्तिक २०६३।
२. विभिन्न समसामयिक पत्रपत्रिका र फुटकर लेखहरू।
३. डा. हर्क गुरुङ : विकेन्द्रीकरणको जुक्ति २५ जिल्लाको नयाँ नेपाल, नेपालको सन्दर्भमा राज्यको पुनःसंरचना, सामना प्रकाशन, सं. सीताराम तामाङ।
४. गोविन्द नेउपाने, बहुजातीय सङ्घात्मक राज्य र समावेशी लोकतान्त्रिक शासन प्रणाली ऐऐ।
५. डा. पीताम्बर शर्मा, नेपालको प्रादेशिक वर्गीकरण आधार र परिणति, नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन, सं. मेरिडेसन र प्रत्युस वन्त।
६. डा. हर्क गुरुङ : राष्ट्रिय र जनजाति ऐऐ।
७. शङ्कर पोखरेल, प्रादेशिक संरचनाका आधार र प्रस्तावित प्रदेश, एक्काइसौं शताब्दी, कात्तिक २०६३
८. धर्मराज पौडेल, नेपाल राज्यको पुनःसंरचना : एक सुझाव, मङ्सिर २०६३।


(पौडेल नेकपा (एमाले) कोसी अञ्चल समन्वय कमिटीका सदस्य तथा जिविस धनकुटाका पूर्वसभापति हुनुहुन्छ।)

## *इतिहासको विहङ्गम यात्रा र पुग्नुपर्ने लक्ष्य*

*' वाचस्पति देवकोटा*

२००७ फागुन ७ गते राष्ट्रका नाममा राजा त्रिभुवनले गणतन्त्रात्मक शासन विधान निर्माण गर्न संविधानसभाको चुनाव गराउने घोषणा गरे। साथै, राणा-काङ्ग्रेस संयुक्त मन्त्रिमण्डल पनि बनाए। तत्कालैदेखि नै राजा त्यस घोषणाको उल्टो विविध व्यक्ति र शक्तिहरूसँग संविधानसभाको चुनाव बिथोल्ने, लम्ब्याउने दाउपेचमा लाग्न थाले भने राणा-काङ्ग्रेस मन्त्रिमण्डलमा पनि तानातान हुन थाल्यो। पार्टीहरू सरकारमा जाने दाउपेचमा रहे भने राजा पार्टीहरूबीच चलखेल गर्न लागे। यसैबीच, राजा भएको मुलुकमा केको संविधानसभा ? एउटा मुलुक भनेको एउटा जङ्गल हो, जहाँ एउटै मात्र सिंह हुन्छ, जो सार्वभौम हुन्छ, शक्तिशाली हुन्छ र अरू बाँकी सबै उसैका अधीनस्थ हुन्छन्। संविधानसभाको चुनावले त जनता सार्वभौम र शक्तिसम्पन्न हुन्छन्, जसले राजालाई सहँदैनन्, स्वीकार्दैनन्। त्यसकारण कि राजा कि त जनताको सार्वभौमसत्ता (संविधानसभा) स्वीकार्नुपर्छ। दुवै सार्वभौम शक्ति सँगै रहन, चल्न, काम गर्न सक्तैनन्। त्यसैले दुइटामध्ये एउटा रोज्नुपर्दा राजा भएको मुलुकमा संविधानसभा नै रहनुहुन्न भन्ने खालका व्यक्तिलाई रोजीरोजी, खोजीखोजी राजाले प्रोत्साहन दिन, बढावा दिन लागे। यसरी ००८ देखि ०१४ सालको अवधि बित्यो।

यस अवधिमा नेपाली काङ्ग्रेस, राष्ट्रिय काङ्ग्रेस, प्रजापरिषद्, संयुक्त प्रजातन्त्र पार्टी, राष्ट्रिय प्रजापार्टी, गोरखा परिषद्का कतिपय नेताहरूलाई संविधानसभा होइन, संसद्का लागि चुनाव भनेर राजी गराई सरकारमा सामेल गराइएको थियो भने पटक-पटक गरी पालैपालो पार्टीहरूलाई सरकारमा राख्ने, केही समयपछि बदनाम गराएर सरकारबाट फाल्ने गर्थे राजाले। त्यतिखेर नेपालमा कम्युनिस्ट पार्टी एउटै थियो, जो सरकारमा गएको थिएन। सरकार चलाउन सरकारमा जाने होइन, प्रतिक्रियावादी सत्ता समूल नष्ट नगरी हुँदैन, सरकारमा जानुहुन्न नै भन्ने मान्यता राख्थ्यो। सङ्घर्ष, फेरि सङ्घर्ष, फेरि पनि सङ्घर्ष नै हो भन्थ्यो नेकपाले।

नेपालको राष्ट्रिय राजनीतिमा त्यो ००७ देखि ०१४ सालसम्मको अवधि भनेको अत्यन्त तरल, अस्थिर र अधीर अवस्था थियो। त्यो त्यहीबेला थियो, जबकि प्रजातन्त्र प्राप्तिपछिको पहिलो प्रधानमन्त्री मोहनशमशेर नै

थिए- त्यहाँ बीपी, गणेशमान आदि काङ्ग्रेसका मन्त्रीहरू थिए। राजा-काङ्ग्रेस संयुक्त मन्त्रिमण्डल हुनाले राणा र काङ्ग्रेसका मन्त्रीहरू थिए। मातृकाप्रसाद कोइराला नेपाली काङ्ग्रेसका सभापति थिए। त्यो राणा-काङ्ग्रेस संयुक्त सरकारले अन्तरिम शासन विधान बनाएर सरकार चलाउने र त्यसै सरकारले संविधानसभाको चुनाव गराउनुपर्थ्यो, जसका लागि त्यो सरकार बनेको थियो। जसै संविधानसभाको चुनावबाट ध्यान मोडिएर सरकारमा कसले नेतृत्व गर्ने, कोको सरकारमा बस्ने आदि कुरामा नै विवाद बढ्न थाल्यो र राणा-काङ्ग्रेस संयुक्त सरकार होइन, पार्टीको सरकार, एकल सरकारजस्ता नारा अघि आउन थाले र बीपी, गणेशमानहरूले राजीनामा दिएर मोहनशमशेरको नेतृत्वमा राणा सरकार एकलौटी भयो। मोहनशमशेर राजीनामा दिन बाध्य भएर त्यस ठाउँमा काङ्ग्रेसका सभापति मातृका सरकार बनाउन पुगे। राष्ट्रिय काङ्ग्रेसका डिल्लीरमण, प्रजापरिषद्का टङ्कप्रसादहरू पनि मातृकाको नेतृत्वमा सरकारमा सामेल भए। यसपछि पनि संविधानसभाको चुनाव गर्ने कुरा ओझेलमा पर्‍यो। 'संविधानसभाका लागि कि संसद्का लागि चुनाव ?' भन्ने बहस चर्केर गयो साथै मातृका र बीपीबीच पनि त्यो विवाद पुग्यो, सभापति र प्रधानमन्त्री एउटै व्यक्ति हुनुहुन्न भन्ने रूपमा त्यो विवाद चर्केर मातृकाले सभापतिबाट राजीनामा दिए। अर्कै राष्ट्रिय प्रजा पार्टी नामको नयाँ पार्टी खोलेर त्यसको सभापति बने मातृका, जसलाई राजाले प्रधानमन्त्रीको निम्तो दिए। फेरि पनि प्रजा पार्टीको सभापतिका रूपमा मातृका प्रधानमन्त्री बनेपछि संविधानसभाको त चुनाव नै पर हुँदै गयो। उता राजा हरेक पार्टीभित्र आफ्नो चलखेल चलाउँदै गए। मातृका, टङ्कप्रसाद, केआई सिंहहरू सुनियोजित शैलीमा प्रधानमन्त्री बनाइए। एउटा कमजोर र बदनाम भएपछि अर्को, अर्को बदनाम भएपछि अर्को गर्दै पार्टीहरूलाई बदनाम बनाएर सत्ताको लोभमा नेताहरूलाई फुटाउन, जुधाउन र ००७ सालको घोषणाविपरीत संविधानसभाको चुनाव टार्न थालेपछि राजासँग पार्टीहरू सावधान र सतर्क हुँदै आपसमा छलफल गरेर चुनाव गराइछाड्न भद्र अवज्ञा आन्दोलन मङ्सिर ०१४ मा आरम्भ भयो। तत्कालीन परिस्थितिमा संविधानसभाको चुनाव गर्न राजालाई अल्टिमेटम दिएर भद्रअवज्ञा आन्दोलनले व्यापक रूप लिँदै किसान, महिला, विद्यार्थी युवा जगत्मा त्यो विस्तार हुन थाल्यो। स्कुल, कलेज, बजार, अफिसहरूमा सत्याग्रह गर्ने, धर्ना गर्ने कार्यक्रमहरू कार्यान्वयन हुनथाले।

राजनीतिक पार्टीहरू त्यसबेला अहिलेजस्ता सचेत, सङ्गठित, सक्रिय र विस्तारित थिएनन्। तैपनि, हरेक पार्टीले सिंहदरबार, चारखाल अड्डा, सर्वोच्च अदालत, जो रानीपोखरीको दक्षिणी किनारमा थियो, को भागबण्डा गरेर ती अड्डाहरूमा विद्यार्थी, किसान, युवा, महिलाहरूका निम्ति ठाउँ किटान गरी पार्टीहरूको जिम्मा दिइयो। त्यतिखेर पनि कम्युनिस्ट पार्टीबाहेक अन्य पार्टीहरू वार्ता गर्न नारायणहिटी बोलाइन्थे। आन्दोलनमा कम्युनिस्टहरूलाई एक्ल्याउन, दमन गर्न अन्यलाई सकेसम्म वार्ताबाटै केही दिएजस्तो गरी फर्काउने प्रयास गरिन्थ्यो। त्यस्तो प्रयास धेरै भयो तर पनि आन्दोलन स्थगित भएन। कार्यक्रम अघि बढ्यो। मङ्सिरमा हुने स्कुलका जाँच रोकिए। स्कुले विद्यार्थीहरू आन्दोलित भए। पुसमा आन्दोलनले उचाइ लियो। आन्दोलनकारी र धर्नाकारीहरूमाथि चिसो पानीको फोहोराले त्यो ठण्डी याममा निथ्रुक्कै पार्ने गरी हान्दा पनि आन्दोलनकारी विचलित हुँदैनथे। फोहोराले भिजेका आन्दोलनकारीहरूलाई धर्नाबाट उठाएर लरी-ट्रकहरूमा खाँदेर लेले, थानकोट, पनौती, बनेपा पुर्‍याउँदा पनि आन्दोलनकारीहरू त्यही सडकमा सुतेर ती बाहन रित्तो फर्काउन नदिई त्यसैमा बसेर फर्कन्थे। यस्ता आन्दोलनमा कम्युनिस्ट पार्टीको भागमा परेका ठाउँमा विशेष चर्को दमन र ज्यादती गर्ने निर्देशन दिइन्थ्यो र विशेष बल प्रयोग गरिन्थ्यो। आन्दोलनले क्रमशः उचाइ लिइरहेको अवस्थामा माघको अन्ततिर राजाले पुनः कम्युनिस्ट पार्टीबाहेकका अन्य पार्टीका नेताहरूलाई बोलाएर छलफल गरी ०१५ फागुन ७ गतेदेखि विभिन्न चरणमा संसद्का लागि आमचुनाव गर्ने तिथिमिति तय गरेर घोषणा गरे। तत्काल नेपाली काङ्ग्रेसका सुवर्णशमशेरको अध्यक्षतामा राष्ट्रिय काङ्ग्रेस, गोरखा परिषद्, प्रजापरिषद् आदि पार्टीहरूका प्रतिनिधिलाई र राजाका मान्छेलाई राखेर मन्त्रिपरिषद् बनाइयो, जसको काम चुनाव गराउने भयो। त्यतिखेर कम्युनिस्ट पार्टीमा कमरेड पुष्पलाल र केशरजङ्ग रायमाझी गरी दुई गुट स्पष्ट देखिन्थे। कमरेड पुष्पलाल उपत्यकाका नेवार समुदायका मान्छे भए पनि 'श्रेष्ठ' समेत नलेखी जात, थर र सम्प्रदायभन्दा माथि उठेको अति मिहिनेती, अध्ययनशील, कार्यकर्ता पङ्क्तिबीच प्रिय, जनस्तरका सरल नेता हुनुहुन्थ्यो। उहाँ सर्वसुलभ नेता तथा सङ्गठक हुनुहुन्थ्यो। उहाँको घर थिएन तापनि छिटोछिटो डेरा सरे पनि सबै कार्यकर्ता र जनतासँग पहुँचमा बस्नुहुन्थ्यो। डेरा सधैं थाहा हुन्थ्यो। उहाँ स्पष्ट रूपमै संविधानसभा पक्षधर हुनुहुन्थ्यो। उहाँ भन्ने गर्नुहुन्थ्यो कि राजालाई एक्ल्याउने, अन्य राजनीतिक शक्ति र व्यक्तिहरूलाई समेट्ने सवालमा वर्तमान राजनीतिक मध्यवर्ती शक्ति नेपाली काङ्ग्रेस हो। त्यसले यस कामको विशेष पहल र नेतृत्व गर्नुपर्छ। हामीले काङ्ग्रेसलाई साथ दिनुपर्छ। तर, रायमाझी पक्षधरहरू

यसको ठीक विपरीत थिए। अन्यमनष्कझैँ भएर आन्दोलनकेन्द्रित नहुने, व्यक्तिमुखी भएर सकेसम्म आन्दोलनबाट परपर हुन्थे। त्यतिखेर कम्युनिस्ट पार्टी सानो थियो। आन्दोलन शान्तिपूर्ण भए पनि त्यसमा पनि सकेसम्म लाग्न नखोज्ने, लागे पनि दृढतापूर्वक नलाग्ने, राजा कवि, गीतकार भोलि कम्युनिस्टकै सरकार आए पनि सम्मानित भएर बाँच्न जीवन धान्न सक्नेजस्ता अप्रासङ्गिक कुरा गरेर हिँड्थे। कमरेड पुष्पलालका कुरा उत्साहप्रद, क्रान्तिकारी, अत्यन्त जोशिला हुन्थे भने रायमाझीका कुरा भने भएको जाँगर र जोश पनि सेलाउने खालका हुन्थे। कार्यकर्ता र जनता कमरेड पुष्पलालका पक्षका तर्फबाट प्रभावित भएर आन्दोलित थिए। आन्दोलन उठिरहेका बेलामा संविधानसभाको चुनावको केन्द्रविन्दुमा सङ्गठित हुँदै गइरहेका शक्तिहरूलाई फुटाउन राजाले कम्युनिस्टबाहेक अन्य पार्टीहरूका नेताहरू बोलाएर उनीहरूका सहमतिमा ०१५ फागुन ७ देखि विभिन्न चरणमा संसद्का लागि चुनाव गर्ने घोषणा गरे। तर, कम्युनिस्ट पार्टीले कमरेड पुष्पलालको अगुवाइमा संविधानसभाको चुनावको नारामा सङ्गठित भइरहेको शक्ति र जनभावना प्रतिकूल जनताको आन्दोलनमाथि धोका भएको विज्ञप्ति निकालेर यस्तो धोकापूर्ण सम्झौताको परिणाम पनि नराम्रो र दुःखदायी निस्कने भन्दै उक्त घोषणाका विरुद्ध जनतालाई जागरुक बनाउने काम भयो। साथै, चुनाव संसद्कै लागि हुने भए पनि त्यो राजनीतिक आन्दोलन हुनाले सङ्घर्ष र परिवर्तनमुखी भएर चुनावी मञ्चको प्रयोग गर्दै जनतामा जाने माध्यमलाई राम्ररी उपयोग गर्ने दृष्टिकोण बनायो र कम्युनिस्ट पार्टीले पनि उम्मेदवारी दिने नीति बनायो।

नेपाली काङ्ग्रेस र गोरखा दल, त्यतिबेलाका ठूला पार्टीले आफ्नो अनुकूल बनाएर चरणबद्ध संसदीय चुनावमा पैसा, पद, मसल जेजे प्रयोग गरेर पनि चुनाव जित्ने दाउसहित चुनाव प्रचारमा लागे। व्यक्तिप्रधान पार्टी प्रजापरिषद्, संयुक्त प्रजातन्त्र पार्टी एवम् राष्ट्रिय काङ्ग्रेस र कर्मवीर मण्डलहरू नजितिने चुनाव भनेर सकेसम्म चुनाव नै बिथोल्ने प्रयास गर्दै मन्त्री खाइरहने दाउमा लागे। यसको सक्दो प्रतिरोध युनिभर्सिटी-कलेजमा वार्षिक जाँचसमेत पर सारेर चुनावी अभियानमा जान लागेका विद्यार्थीले नाराजुलुस गर्दै काठमाडौँमा राम्ररी शक्ति प्रदर्शन गरेर देखाइदिए। कर्मवीरको सभामा हस्तक्षेप गरे। गृहमन्त्री डिल्लीरमणको बागबजारस्थित आवास नै क्षतिग्रस्त तुल्याइदिए।

आन्दोलन संविधानसभाबाट संसदीय चुनावतिर मोडिएर सम्झौतामा टुङ्गिएपछि कम्युनिस्ट पार्टीको दोस्रो पुस्ताका क्रान्तिकारी नेताहरूमा एक प्रकारको उदासीनता आयो, हर्ष न विस्मातको। यस्तो संसदीय चुनावमा लाग्नुको के अर्थ ? के परिणति ? संसदीय चुनावलाई सक्रियतापूर्वक उपयोग गरेर भएका कार्यकर्ताहरूको शक्तिवीज जनताबीच राम्ररी उमार्नुपर्छ। दीर्घकालीन ढङ्गले हेर्नुपर्छ, कम्युनिस्ट पार्टीले भविष्यको ख्याल गर्नुपर्छ, नकारात्मक सोच र प्रवृत्ति त्याग्नुपर्छ। यिनै सोचहरूबाट उम्मेदवारी दिने, चुनावी घोषणापत्र तयार पार्ने र पूर्णतया राजनीतिक आन्दोलनका रूपमा चुनावी मञ्च सञ्चालन गर्ने तय भयो। राजनीतिक र वैचारिक दृष्टिकोणले कम्युनिस्ट पार्टीका चुनावी सभा, प्रचार, कार्यकर्ता परिचालन, 'घोषणापत्र' का तुलनात्मक अध्ययन र छलफलहरू साँच्चै नै स्तरीय, प्रभावोत्पादक र शक्तिशाली थिए तर पद, पैसा, बल र गुण्डागर्दीका अघि ती निष्प्रभावी र परिणामविहीन बन्न लागेका थिए। काङ्ग्रेसको चुनाव घोषणाको सार बताउँदै कमरेड पुष्पलालले एउटा 'छोरा न छोरी' लेखिएको जन्तरको उदाहरण दिनुहुन्थ्यो। पार्टीभित्रको अन्तरविरोध अस्वस्थ हुनाले घोषणापत्रको प्रभाव र प्रचार जसरी जनस्तरमा पुग्नुपर्थ्यो, त्यसरी त पुगेन। तर पनि राम्ररी नेता-कार्यकर्ताले मिलेर अभियान सञ्चालन गरेका ठाउँमा चुनाव जितेको, जितुँजितुँ जस्तै निकटतम प्रतिद्वन्द्विता गरेका केही उदाहरण छन्। सङ्घर्ष गरेर आफ्नो सङ्गठन र वर्चस्व राखेका ठाउँहरूमा चुनावमा जित भएका छन् वा निकटतम प्रतिद्वन्द्विता गर्न सफल भएका क्षेत्रहरू हाम्रा अघिल्तिर छन्।

काठमाडौँको चुनाव फागुन ७ कै दिनमा थियो। प्रतिद्वन्द्विता थियो कमरेड पुष्पलाल र गणेशमानबीचमा। चुनाव नजिकिँदै जाँदा टक्कर निकै कडा हुँदै गयो। सबै किसान, युवा, विद्यार्थीहरू, महिलाहरू प्रचारमा रातोदिन खाइनखाई खटेका थिए। प्रचार अभियानले जनचेतनाको स्तर निकै उठेको अनुभूति हुन्थ्यो। दुई हजार मतले हारे पनि काठमाडौँमा वर्गभावना, वैचारिक-राजनीतिक चेतना कम्युनिस्ट पार्टीका पक्षमा निकै बढेको थियो। प्रभावकारी प्रचारले विपक्षीहरूलाई अनावश्यक सतर्क बनाएर भित्रभित्रै धाँधली र भोजभतेर, पैसाको चलखेलबाट पनि ठाउँठाउँमा चुनावी परिणाम प्रभावित हुने गरेको देख्न पाइन्थ्यो। पाटनमा कमरेड तुलसीलालले प्रतिपक्षीलाई हराई विजय पाउनुभयो।

उता पाल्पामा साधनस्रोतसम्पन्न पार्टी महासचिव रायमाझी पराजित हुनुभयो भने साधनस्रोतको अभाव सामना गर्दै कमलराज विजयी भएको उदाहरण देख्न पाइयो। युवा उम्मेदवार मोहनविक्रम, निर्मल लामा,

हिक्मत सिंहहरू भने प्रचारप्रसार र अन्यान्य भौतिक सामग्रीहरूको समेत अभावमा आफ्ना क्षेत्रमा कार्यकर्ता तथा जनता परिचालन गर्नसमेत समस्या अनुभव गर्दै 'संविधानसभा होइन, यो जाबो संसदीय चुनाव जिते पनि के, हारे पनि के भइहाल्ने हो र !' भनेझैँ केवल उम्मेदवारको बिडो धान्न आफ्नो क्षेत्रमा त पुग्नुभयो तर चुनावी अभियानले औपचारिकता मात्रै पनि पाउन सकेन । गोरखा दलका खुकुरी र पैसाले खास ठाउँमा निकै हुँडुलो मच्चियो । जसरी पनि जित्ने सामन्त र तिनको स्वार्थको सेवा गर्नेहरूलाई बाजी जित्ने सुवर्ण अवसर नै प्राप्त भयो त्यो चुनावमा ।

०४६ सालपछिका चुनावहरू हेर्दा ०१५ को चुनाव त ख्यालख्यालजस्तै लाग्थ्यो । ०४६ पछिका चुनाव पनि प्रजातान्त्रिक राजनीतिक वातावरणमा साँच्चै जनमतलाई स्वच्छ र निष्पक्ष निखन नदिई दबाबपूर्ण नै बनाउने प्रयास भएको र जनचेतनाको समुन्नत र समृद्ध अवस्थालाई ख्याल गरिएको झैँ अनुभव गर्न सकिन्नथ्यो नै । जसले गर्दा सांसदहरूको औषधोपचार, अपहरण र बैङ्कक यात्रा त सबैको अनुभूतिमा ताजा नै छन् । ०१५ को चरणबद्ध चुनावमा त एक ठाउँमा चुनाव सकेर अर्को ठाउँमा भोट र प्रचार दुवै गर्दै ठाउँ सर्दै जाँदा साधनस्रोत हुनेले के मात्र गरेनन् र ! नहुनेले भने उम्मेदवारी नै पनि हाप्ने स्थिति आउँदा त गरिब र सम्भ्रान्तले एउटै खालका जुवा खेल्न बसेर 'त्रिबल' खेलेजस्तो लाग्नु स्वाभाविक हो, जसले गर्दा आज आएर समानुपातिक र समावेशी नभनी सुख नपाउने स्थिति सिर्जना भएको छ ।

जेहोस्, ०१५ मा गनन्य प्रतिशत मत र चार सीट मात्र जितेको कम्युनिस्ट पार्टीले भविष्यको बीजका रूपमा त्यो मतलाई उपयोग गर्दै देशभर फैलिने बाटो बनाउन खोज्यो तर ०१७ पुस १ गतेको फौजी काण्डले ल्याएको कालो अन्धकारमय बादलले गर्दा निष्पट्ट अन्धकार चिर्न संयुक्त जनआन्दोलन, विद्यार्थी आन्दोलन, स्वतन्त्र युनियनजस्ता विविध ब्यानरमा अरू सङ्घर्ष, अरू आन्दोलनहरू हुँदै प्रजातन्त्र, लोकतन्त्रजस्ता शब्दावलीमा सहमतिपूर्वक अग्रगामी पाइला सार्दै जनतामा जागरण, सङ्घर्ष र विद्रोहका ज्वारभाटा सिर्जना गर्दै राजतन्त्रलाई कठघरामा उभ्याउने स्थितिमा वाम प्रजातान्त्रिक आन्दोलन विकसित भएको छ । आठ पार्टीहरू मिलीजुली सङ्घीय गणतन्त्रउन्मुख भइरहेका छन् र यथाशीघ्र संविधानसभाको चुनाव निर्धारित मितिमै सम्पन्न गर्न तयार छन् । यदाकदा प्रक्रिया लम्बिने, विवाद छरिने गर्दा सर्वसाधारणमा अविश्वास, आशङ्का, नकारात्मक सन्देश जाने कामले संविधानसभा निर्धारित तिथिमितिमा हुने बारेमा जनतामा विश्वास थेग्रिन पनि राजनीतिक पार्टी र नेताहरू गम्भीर जिम्मेवार भूमिकामा प्रस्तुत हुन सक्नुपर्छ । आपसमा सन्तुलित र सहिष्णु बन्नुपर्ने हुन्छ । जनताको मन जित्नुपर्ने हुन्छ । खासगरी हिजो बन्दुक र हतियारको हिंसात्मक द्वन्द्वका १० वर्ष पूरा गरेका माओवादी मित्रहरूले आफ्ना क्रियाकलाप र व्यवहारलाई ख्याल गर्नुपर्ने हुन्छ । हतियारको धङधङी देखाउने होइन, व्यवहारले जनताको मनहृदय जित्नतिर लाग्नैपर्छ ।

पेरुको मोडल सशस्त्र द्वन्द्व त्यहीँ सङ्कुचित हुनपुगेको र करिब असफलतामै साँघुरिएको दक्षिण अमेरिकामा निकारागुवादेखि चिली, भेनेजुएला, ब्राजिल हुँदै शान्तिपूर्ण आन्दोलनले एक ध्रुवीय अमेरिकी प्रभुत्वलाई हाँक दिएर वाम आन्दोलन विजयी बनिरहेको र विश्वलाई नै नयाँ आर्थिक राजनीतिक विकल्प दिन खोजिएको आजको विश्वमा नेपालका वाम पार्टीहरू आपसी समझदारी र सुझबुझका साथ नयाँ सम्भावनाको खोजीमा लाग्नु जरुरी भइसकेको छ । त्यस निम्ति आ-आफ्ना स्वार्थ र डम्फूका तालमा होइन, बृहत् आन्दोलनको अग्रगमन र ठोस मोडल निर्माण गर्न अग्रसर हुनुपर्ने स्थिति छ ।

दार्शनिकहरूले संसारको व्याख्या मात्र गरे तर प्रमुख कुरा त यसको रूपान्तरण नै हो । मार्क्सको यस उक्तिले पनि इतिहासलाई समाज रूपान्तरणको कडीका रूपमा लिनुपर्ने हुन्छ । ००७ देखि ०३६, ०४६ र ०६२/६३ सम्म आइपुग्दा नेपाली समाजले जबरजस्त रूपान्तरण खोजिरहेको स्पष्ट छ । तर, सत्ता राजनीतिको झिङ्गेदाउमा समाज परिवर्तनको अवश्यम्भावी परिणतिलाई बेवास्ता गरेर स्वयम् सत्तारोहणमा अलमलिइरहने प्रवृत्तिले हामी नेपाली कतै इतिहाससमाथि नै अन्याय त गरिरहेका छैनौँ ? आजको युवा पिँढीले गम्भीर समीक्षा गरिरहेको छ । अब ढिलाढाला नगरी ००७ देखि नै बासी बन्न लागिसकेको संविधानसभाको चुनावलाई छिटोछिटो युद्धस्तरमा नै तयारी गरी समयमै सम्पन्न गर्नुको विकल्प छैन र हुनुहुँदैन पनि ।

सेरेमोनियल नै सही बचेखुचेको राजतन्त्रका हिमायती हौँ भन्नेहरूलाई हामीले भन्नुपर्छ- जनताको सर्वोच्चता र सार्वभौमसत्ताका लागि संविधानसभाको चुनाव अपरिहार्य छ र राजतन्त्रको अन्त्य निश्चित छ । एउटा जङ्गलरूपी मुलुकमा दुइटा सार्वभौम सम्प्रभुतासम्पन्न शक्ति नरहने कुरा हिजोदेखि नै भन्दै आएर आज आफूलाई पर्दाचाहिँ बिर्सन वा बिर्सेझैँ गर्न पाइन्छ ?

अब प्रमुख कुरा, संविधानसभा चुनाव निर्धारित समयमा गर्ने कुरामा काङ्ग्रेसकै नेतृत्वको सरकारले काङ्ग्रेस टुक्रिएको अवस्थामा गराउला र ? भनेर विभिन्न अड्कल र अनुमान लगाइरहेछन्। कतिपय स्वदेशी/विदेशीहरू काङ्ग्रेसलाई आफ्नो हात मजबुत नबनाई चुनाव गर्दा कम्युनिस्टहरूका हातमा सरकार जाने कुरामा सचेत/सावधान गराइरहेका कुरा पनि आइरहेको छ। मुख्य जिम्मेवार मन्त्रालयहरू स्वयम्ले लिने, तयारीमा ध्यान नदिने, समय गुजार्दै जाने गर्दा कतै पुनः ००७ देखि ०१४ सम्मको स्थिति निम्तिने त होइन ?

अब कहिले काङ्ग्रेस एक हुन्छ र संविधानसभाको चुनावको तयारीसहित चुनाव सम्पन्न हुन्छ त ? यो प्रश्नको उत्तर दिने हैसियत केवल प्रधानमन्त्री र काङ्ग्रेस सभापतिसँगै छ। संविधानसभाको चुनावले राजतन्त्रको निर्णयलाई अड्काएको छ र त्यसैले लोकतान्त्रिक गणतन्त्रको सहज र स्वाभाविक निकास, अग्रगमनलाई रोकेको छ, जसलाई तत्काल प्रसस्त गर्नुपर्छ- यो सम्पूर्ण जिम्मेवारीसहित मुलुकको अग्रगमनलाई सहज बनाउन काङ्ग्रेस सभापति एवम् प्रधानमन्त्री समर्थ र सक्षम हुनैपर्छ, नत्र इतिहासको पुनरावृत्ति हुन सक्नेछ।

## महिलाको राष्ट्रिय भेला सम्पन्न

काठमाडौँ। जननेता मदन भण्डारी तथा कुशल सङ्गठक जीवराज आश्रितको चौधौँ स्मृति दिवसको अवसरमा अखिल नेपाल महिला सङ्घ केन्द्रीय समितिको आयोजनामा गत जेठ ५ र ६ गते राष्ट्रिय भेला तथा प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ। नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रमको अध्यक्षता सङ्घकी उपाध्यक्ष गोमा देवकोटाले गर्नुभएको थियो।

उद्घाटनका क्रममा महासचिव नेपालले अनेमसङ्घले हालसम्म राजनीतिक मुद्दालाई सशक्त रूपमा उठाउँदै आएको चर्चा गर्दै महिला विरुद्ध हुने सबै प्रकारका हिंसाका विरुद्ध र सामाजिक परिवर्तनको आन्दोलनको पनि सशक्त नेतृत्व गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा हाल भारतमा उपचार गराइरहनुभएकी सङ्घका अध्यक्ष तथा सांसद विद्यादेवी भण्डारीद्वारा अस्पतालबाट स्वर्गीय नेताहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गरी पठाइएको पत्र सुनाइएको थियो।

सङ्घका महासचिव सीता पौडेलद्वारा सञ्चालित सो कार्यक्रममा स्थायी समिति सदस्य केपी शर्मा ओली, स्थायी समिति सदस्य तथा परराष्ट्रमन्त्री साहना प्रधान, पार्टी केन्द्रीय सदस्य अष्टलक्ष्मी शाक्य र वैकल्पिक केन्द्रीय सदस्य उर्मिला अर्यालले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो भने भेलामा उपस्थित सम्पूर्ण सहभागीहरूलाई स्वागत सङ्घ स्थायी समिति सदस्य गौरा प्रसाईंले गर्नुभएको थियो। दुई दिनसम्म सञ्चालन भएको सो राष्ट्रिय भेला तथा प्रशिक्षणमा ६५ जिल्लाका २ सय ५० जना अगुवा महिला कार्यकर्ताको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा सङ्गठन विभागका प्रमुख विष्णु पौडेलले जनताको बहुदलीय जनवाद र २१ औं शताब्दीको जनवादको भिन्नताबारे, नेकपा (एमाले) का केन्द्रीय सदस्य विष्णु रिमालले महिलावादबारे, अनेमसङ्घ स्थायी समिति सदस्य सुजिता शाक्यले राज्यको पुनःसंरचना र महिला, महिला विभागका सचिव बिन्दा पाण्डेले राज्यका सम्पूर्ण निकायमा ३३ प्रतिशत महिला सहभागिता गराउनका लागि अपनाउनुपर्ने रणनीति र कार्यनीति र सङ्घका उपाध्यक्ष थममाया थापाले सङ्गठनभित्र देखापरेका समस्या र समाधानका उपायहरू, सचिव कल्पना रिजालले संविधानसभा र अनेमसंघको भूमिका विषयमा प्रशिक्षण दिनुभएको थियो।

उक्त दुईदिने भेलाले अनेमसंघकी केन्द्रीय अध्य भण्डारीको स्वास्थ्यलाभको कामनाका साथै समसामयिक विषयहरुमा प्रस्तावहरु पारित गरेको छ।

***बीसौँ शताब्दीका पश्चिम युरोपेली वामपन्थी***

***' राजन भट्टराई***

वैज्ञानिक समाजवादका जननी कार्ल मार्क्सको देहान्त भइसकेको दशक भए पनि सन् '८० र '९० को दशक पश्चिम युरोपमा समाजवादी आन्दोलनको विस्तार र विकासका लागि अत्यन्त महत्त्वपूर्ण समय मानिन्छ। यस समयमा समाजवाद र यसको सैद्धान्तिक, राजनीतिक र आर्थिक आधारहरू र यसलाई प्राप्त गर्ने बाटोका बारेमा जेजति छलफल र बहसहरू भए अनि जुन गतिमा पश्चिमी युरोपका मुलुकहरूमा

समाजवादी राजनीतिक दलहरू स्थापना भए, वास्तवमा युरोपको त्यसयताको समाजवादी आन्दोलन लगभग यसैबाट प्रभावित भइरह्यो भन्दा फरक पर्दैन । त्यतिबेलाका विचारहहरूले जुन गहिराइमा छलफल गरेका थिए र आ-आफ्नो मान्यताको पक्षमा जसरी सैद्धान्तिक आधारहरू खडा गरिदिएका थिए, त्यसले नै विगत एक सय वर्षको युरोपको समाजवादी आन्दोलनका विभिन्न धारहरूलाई निर्देश गरेको पाइन्छ । त्यसबेलाको समाजवादी आन्दोलन मूलतः निम्न तीन प्रकारका प्रस्तावनामा आधारित थियो । **पहिलो**, विद्यमान सामाजिक व्यवस्था अन्यायी छ अर्थात् शोषणमा आधारित छ । **दोस्रो,** वर्तमान पुँजीवादी व्यवस्था चिरस्थायी छैन । किनभने, हरेक समाज व्यवस्थाका आ-आफ्ना चरणहरू हुन्छन् र तिनको चरित्र तत्कालीन आर्थिक र सामाजिक व्यवस्थानुसार तय भएको हुन्छ र त्यो परिवर्तनशील छ । **तेस्रो,** प्रस्ताव भनेको मजदुर वर्ग आधारभूत रूपमा एकै किसिमको हुन्छ र त्यसको सङ्गठित प्रयासले परिवर्तनलाई सहज तुल्याउन सक्छ ।

दोस्रो अन्तर्राष्ट्रिय र सन् १८९१ मा जर्मन समाजवादी पार्टीको स्थापना र यसले मार्क्सवादी विचारलाई अङ्गीकार गरेपछि भने युरोपमा समाजवादी विचारको फैलावटमा उल्लेख्य विकास भएको थियो । सन् १८९५ मा भएको निर्वाचनमा जर्मन समाजवादी पार्टीले प्राप्त गरेको मतबाट प्रभावित भएर एङ्गेल्सले जर्मन समाजवादी पार्टीलाई बधाई दिँदै आफ्नो प्रतिक्रियामा भनेका थिए, जर्मन समाजवादीहरूले निर्वाचनको हतियारलाई यति प्रभावकारी हिसाबले प्रयोग गरिदिए कि जसबाट प्रजातान्त्रिक समाजवादीहरू हजारौँ गुनाका दरले फैलन सके । यो संसारभरका समाजवादीहरूका लागि एउटा उदाहरण बन्न सक्छ । हामी क्रान्तिकारीहरू विद्रोही हौँ र बुझ्नु के पर्छ भने हामी गैरकानुनी लडाइँका लागि होइन, कानुनी लडाइँका लागि अगाडि बढिरहेका छौँ ।

एकातर्फ समाजवादी विचारको फैलावट व्यापक रूपमा आगाडि बढिरहेको थियो भने अर्कोतर्फ यसका सैद्धान्तिक मान्यताहरूका बारेमा चर्को बहस पनि चलिरहेको थियो । तत्कालीन समाजवादी आन्दोलनभित्र प्रमुख रूपमा आन्दोलनका तत्कालिक कामहरू वा कार्यनीतिसँग जोडिएका विषयहरू र दीर्घकालिक उद्देश्य अर्थात् रणनीतिक उद्देश्यलाई कसरी बुझ्ने भन्ने सवालहरू थिए । त्यसैगरी यससँगै जोडिएर वर्तमान असमान व्यवस्थालाई जोगाइराख्ने पक्षहरू के के हुन् ? समाजवादका आधारहरू के के हुन सक्छन् ? यसको प्राप्तिको बाटो कुन हुनुपर्दछ ? अहिलेको पुँजीवाद कतातर्फ उन्मुख भइरहेको छ ? र, के हाल भइरहेका घटनाहरूले आधारभूत रूपमा रणनीतिक महत्त्व राख्छन् ? यी र यससँग जोडिएका विषयहरूमा त्यस समयका विचारकहरू खासगरी फेडरिक एङ्गेल्स, कार्ल काउत्सी, भीआई लेनिन, रोजा लक्जम्बर्ग, एडवार्ड बरन्स्टिनलगायतका बीचमा बहस र विवाद चलेको थियो । दोस्रो अन्तर्राष्ट्रिय र जर्मन समाजवादी पार्टीको इफर्ट कार्यक्रम पारित भएपछि भने विवाद बढेको थियो ।

त्यस्तै पुँजीवाद तत्काल ढल्छ, त्यसपछि कस्तो समाज व्यवस्था कायम गर्ने, आकलन गर्न सकिने भविष्यमा नै पुँजीवाद ढल्नेवाला छैन, यही राज्य व्यवस्थाभित्र तत्कालको राजनीतिक तथा सामाजिक लाभ प्राप्त गर्न आन्दोलनले रणनीति पहिलाउनु पर्छ र हेर्दै जाऔँ, लड्दै जाऔँ, जे त होला भन्ने गरी तीन प्रवृत्ति यस सन्दर्भमा प्रभावी थिए । यसैमा आधारित भएर राजनीतिक नेता तथा विचारकहरूले समाजवाद के हो ? भन्ने प्रश्नमा बहस गरे । कोही, समाजवादलाई अन्तिम लक्ष्य भन्दथे भने कोही समाजवाद भनेको अब लागू गर्ने कार्यक्रम हो भन्दथे । सन् १९१७ को बोल्सेभिक क्रान्तिअघि समाजवादका त्यस्तो कुनै नमुना भौतिक रूपमा देखा परेकै थिएनन्, सबैसँग आकलन र परिकल्पना मात्र थिए । एडवार्ड वर्नस्टिनका अनुसार 'समाजवाद कुनै लक्ष्य होइन, कहिल्यै नसकिने प्रक्रिया हो ।' उनको धारणा थियो, 'नढाँटीकन भन्ने हो भने ममा 'हाम्रो अन्तिम लक्ष्य समाजवाद' भन्नेमा असाध्यै कम चाख वा अनुभूति छ । लक्ष्य जेसुकै होस्, मलाई त्यति चाख छैन, मेरा लागि आन्दोलन नै सबैथोक हो । र, मैले भनेको आन्दोलन समाजको आमगतिशीलता (सामाजिक प्रगति) र यो परिवर्तन ल्याउन सक्ने सङ्गठनसहितको राजनीति तथा आर्थिक आन्दोलन दुवै हो ।' उनी मार्क्सवादी सिद्धान्त र व्यवहारमा रहेको बेमेलको कडा आलोचक थिए ।

इदवार्ड वर्नस्टिनको 'व्यावहारिक माग' प्रति लेनिन र रोजा लक्जम्बर्गको असहमति थिएन । यिनीहरूको असहमति त उनको पुँजीवादको सन्दर्भमा रहेको 'सैद्धान्तिक' मान्यताप्रति थियो । किनभने, यी सबै नेताहरू 'पुँजीवाद' को तत्काल अन्त्यको सम्भावना देख्दै थिए, यद्यपि काउत्स्की भने रोजा, लेनिनहरूको 'पुँजीवादको अन्त्यपछिको समाज व्यवस्था कस्तो बनाउने' भन्ने योजनाका विपरीत 'हेर्दै जाऔँ, गर्दै जाऔँ' भन्ने मतमा थिए । 'निष्क्रिय रणनीति' का रूपमा चिनिएको काउत्स्कीको मान्यता थियो- 'पुँजीवाद त ढल्छ तर त्यसको ठाउँमा 'यस्तो वा उस्तो' समाज व्यवस्थाको परिकल्पना गरिरहनु पर्दैन, त्यो आफैँ हुन्छ । उत्तेजना ठहरिने (

प्रोभोकेसन) हरेक कुरालाई सावधानीपूर्वक हटाउनुपर्छ, विस्तारित आन्दोलनले आफैँले उपयुक्त बाटो पहिल्याउने छ ।'

त्यस्तै आन्दोलनको रूपका बारेमा पनि लगभग सबैको समान मत 'हिंसा सिद्धान्त हुन सक्दैन' भन्नेमा थियो । गैरकानुनी क्रान्तिकारी आन्दोलनमा जोड दिइएका देशहरूमा पनि हिंसाको प्रयोग सिद्धान्तको विषय थिएन । यहाँसम्म कि लेनिनले, जसको छवि 'हिंसात्मक आन्दोलनमा जोड दिने अनुदारवादी' का रूपमा कसैकसैले उल्लेख गरेको पाइन्छ- गैरकानुनी तथा हिंसालाई सिद्धान्तका रूपमा कहिल्यै लिएनन् । सन् १९०४ मा मोन्सेभिकहरूले आफ्ना प्रकाशनमार्फत 'अब मजदुरहरूले राज्यको ब्याङ्कका शाखा तथा शस्त्र भण्डारहरू कब्जा गर्नुपर्छ' भन्ने आह्वान गर्दा विरोध गर्ने लेनिन नै थिए- 'यदि सामाजिक प्रजातन्त्रले सामाजिक क्रान्तिको आह्वान गरेको हो भने यस्ता कामले निश्चित रूपमा क्रान्तिकै बदनाम गर्छ ।' माथि उल्लेख गरेझैँ लेनिनले कानुनी र गैरकानुनी दुवै बाटालाई सामाजिक परिवर्तनको माध्यमका रूपमा स्वीकारे । आमरूपमा के विश्वास गरिन्छ भने मोन्सेभिक र बोल्सेभिकबीचको मुख्य विवाद भनेको सङ्घर्षको तरिकामा नभएर 'कस्तो सङ्गठन बनाउने' भन्नेमा हो । मोन्सेभिकहरू 'खुला' र 'प्रजातान्त्रिक पार्टी' को पक्षमा थिए भने लेनिन 'पेसेवर क्रान्तिकारीहरूको गुप्त सङ्गठनले नै रुसी समाजलाई समाजवादमा पुऱ्याउन सक्छ' भन्ने मान्यतामा थिए । यसरी लेनिन क्रान्तिकारी युद्धको बाटोका प्रवक्ता थिए ।

पहिलो विश्वयुद्धका बेलाझैँ दोस्रो विश्वयुद्धको सुरुको अवस्थामा पनि युरोपियन वामपन्थीहरूका बीच विभाजन देखा पऱ्यो । खासगरी, सन् १९३९ मा जब तत्कालीन सोभियत सङ्घ र जर्मनी अर्थात् स्टालिन र हिटलरका बीच अनाक्रमण सन्धिमा सम्झौता भयो । नाजीवाद र फासीवादलाई प्रमुख दुश्मनका रूपमा चित्रित गर्दै आएका युरोपेली कम्युनिस्टहरू स्टालिनले हिटलरसँग गरेको सम्झौताबाट आश्चर्यचकित भए । त्यति मात्र नभई दोस्रो विश्वयुद्धको सूत्रधार मानिएको नाजीवादका विरुद्ध अन्य पक्षसँग एकताबद्ध भएर अगाडि जानुपर्ने बेलामा उल्टो सोभियत सङ्घको त्यस किसिमको निर्णयबाट पूरै युरोपियन कम्युनिस्टहरूमा एक किसिमको असमन्जस्यता देखापऱ्यो । त्यसभन्दा अगाडि बढेर जब कम्युनिस्ट अन्तर्राष्ट्रियले तात्कालिक युद्धलाई फासीवादी युद्ध नभनी साम्राज्यवादी युद्ध घोषणा गऱ्यो, त्यसको लगत्तै फ्रेन्च र बेलायती कम्युनिस्ट पार्टीहरूले कम्युनिस्ट अन्तर्राष्ट्रियको उक्त घोषणप्रति आफ्नो सहमति प्रकट गरे भने इटालियन कम्युनिस्ट पार्टीले यसको विरोध गऱ्यो ।

परिस्थितिले त्यतिबेला उल्टा खायो, जब स्टालिन र हिटलरका बीचको सम्झौता भएको करिब दुई वर्ष पुग्दा-नपुग्दा सन् १९४१ जूनमा नाजी जर्मन सेनाले सोभियत सङ्घमाथि आक्रमण सुरु गऱ्यो । हिजोसम्मको साम्राज्यवादी युद्ध अब सोभियत सङ्घमाथिको आक्रमणपछि फासीवादी युद्धका रूपमा परिणत भयो । त्यसै वर्षको जुलाई १३ मा स्टालिन र चर्चिलका बीचमा सम्झौता भयो र बेलायत र सोभियत युनियनको गठबन्धन बन्यो । यसपश्चात् मस्कोको औपचारिक निर्देशनबिना नै रातारात युरोपेली कम्युनिस्टहरूले यस समझदारीको स्वागत गर्नपुगे र फासिज्मका विरुद्ध आफ्नो अभियानलाई अगाडि बढाए । त्यसपछि युद्ध नसकिन्जेल युरोपेली कम्युनिस्ट पार्टीहरूले अग्रपङ्क्तिमा रहेर नाजीवादको विरोध गरिरहे । सन् १९४३ मा लेनिनले सन् १९१९ मा गठन गरेको तेस्रो अन्तर्राष्ट्रियको पनि स्टालिनले विघटन गरिदिए र यसपश्चात् युरोपियन कम्युनिस्ट पार्टीहरूले स्वतन्त्रतापूर्वक आफ्ना नीतिहरू तय गर्न पाउने वातावरण बन्यो ।

स्टालिन र हिटलरका बीचको सन्धि र त्यसले पारेको नकारात्मक प्रभावका बाबजुद दोस्रो विश्वयुद्धको समयमा युरोपेली कम्युनिस्टहरूको भूमिका समाजवादीहरूको भन्दा प्रभावकारी रह्यो । खासगरी, सोभियत सङ्घको रक्षाका नाममा र फासिज्मका विरुद्धको भूमिका उल्लेख्य रह्यो । सन् १९४३ देखि १९४६ सम्म सोभियत युनियनको इज्जत धेरै माथि गएको थियो । खासगरी, योजनाबद्ध आर्थिक विकास, सामूहिक नेतृत्व प्रणाली र स्टालिनको नेतृत्वमा भएको नाजीवादविरुद्धको युद्धले समाजवादको प्रतिष्ठालाई धेरै माथि उठाएको थियो । पश्चिम युरोपियन राष्ट्रहरूमा कम्युनिस्ट पार्टीहरू लोकप्रिय आन्दोलनका माध्यमबाट भने केवल अल्बानिया र युगोस्लाभियामा मात्र सत्ता परिवर्तन हुन सक्यो । अन्य मुलुकमा पुँजीवादका विरुद्धको सशक्त आन्दोलन हुन सकेन । युद्धका बेलाको भूमिकाका कारण त्यसपछि पनि कम्युनिस्ट पार्टीहरू गठबन्धन सरकारमा सामेल त भए तर तिनले पुँजीवादी सामाजिक व्यवस्थालाई विस्थापित गरेर समाजवादको स्थापना भने गर्न सकेनन् । उनीहरूको भूमिका पनि केवल पुँजीवादभित्रको सुधारको प्रक्रियालाई अगाडि बढाउने नै रह्यो । यो अवस्था पनि धेरै दिन टिक्न सकेन । खासगरी, अमेरिकाको नेतृत्वमा शीतयुद्धको सुरुवातसँगै कम्युनिस्टविरोधी अभियान सुरु गरियो र जसका कारण हिजोसम्म कम्युनिस्ट पार्टीहरूसँग सहकार्य गर्दै गरेका समाजवादी र मध्यमार्गी पार्टीहरूले कम्युनिस्ट पार्टीहरूसँगको सहकार्य टुटाउन थाले । सन् १९४७ मा मात्र

फ्रान्स, इटाली, नर्वे, बेल्जियम, लक्जम्बर्ग र अस्ट्रियामा कम्युनिस्टहरूलाई गठबन्धन सरकारबाट हटाइयो। कम्युनिस्टहरूको अनुमान थियो कि हिजो फासिज्मका विरुद्ध स्थापित गठबन्धन युद्धपछिको कालमा पनि कायम रहनेछ र त्यसका माध्यमबाट सामाजिक र आर्थिक सुधारको अभियानलाई अगाडि बढाउन सकिनेछ। तर, युद्धपछिको युरोपको अवस्थामा खासगरी अमेरिकाको मार्सल कार्यक्रम, ट्रुम्यान डक्टराइनका नामले परिचित अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानको कम्युनिस्टविरुद्धको जेहाद, बर्लिनको पर्खाल र स्टालिनको नेतृत्वमा पूर्वी युरोपमा स्थापित समाजवादी व्यवस्था र त्यसमाथिको सोभियत नियन्त्रणजस्ता कारणले गर्दा पश्चिम युरोपेली कम्युनिस्ट पार्टीहरूको लोकप्रियतामा ह्रास आउन सुरु भयो। यस अवस्थालाई चिर्नका लागि पश्चिम युरोपेली कम्युनिस्टहरूले जनताको प्रजातन्त्र नामको सामाजिक जनवादीभन्दा क्रान्तिकारी कार्यक्रम अगाडि सारे। तर पनि यसले सिङ्गो जनमतलाई आकर्षित गर्न सकेन।

अर्कोतर्फ, पुँजीवादले भोग्नुपरेको आर्थिक मन्दी अनि पुँजीवादी समाजभित्रबाट जर्मनी र इटालीमा क्रमशः हुर्केको नाजीवाद र फासीवादका कारण उसको प्रतिष्ठा नराम्ररी खस्केको थियो। त्यस्तै समाजवादीहरूको युद्धका बेलाको भूमिका पनि उल्लेख्य रहेन। उनीहरूका बीच युद्धप्रति फरकफरक अवधारणाहरू थिए भने कम्युनिस्ट पार्टीहरूप्रति अविश्वास पनि व्याप्त थियो। तटस्थ रहेका देशहरू स्वीट्जरल्याण्ड, आयरल्यान्ड र स्पेनमा समाजवादीहरू नगन्य मात्रामा थिए भने स्वीडेनमा पहिलो शक्तिका रूपमा भए पनि उनीहरूको भूमिका स्पष्ट थिएन। स्वीडिस समाजवादीहरू आफूलाई युद्धबाट टाढा राख्ने कोसिस गर्दै थिए भने अर्कोतर्फ नाजी जर्मनसँगको आफ्नो व्यापार र व्यावसायिक सम्बन्धलाई पनि कायमै राखेका थिए। स्वीडिस नाजीलाई भन्दा स्वीडिस कम्युनिस्टहरूलाई त्यतिबेला सुरक्षा खतरा बढी थियो। बेलायतको लेबर पार्टी चर्चिलको सरकारमा सामेल भयो भने फ्रान्समा समाजवादी गुल्ले र कम्युनिस्टका बीचको सम्बन्ध त्यति राम्रो थिएन।

**सैद्धान्तिक बहसको अभाव** : १९ औं शताब्दीको अन्तिम दशकमा जब बन्र्स्टीन र उनका समर्थकहरूले संशोधनवादी विचार अगाडि ल्याएका थिए, त्यतिबेला दोस्रो अन्तर्राष्ट्रियका सबै पार्टीहरूले त्यसको विरोध गरेका थिए। तर सन् १९५० को दशकमा जब समाजवादी पार्टीका नेताहरूले नवसंशोधनवादी विचार अगाडि ल्याए, यसको विरोध नभएको मात्र होइन, पार्टीका बहुसङ्ख्यक कार्यकर्ता र समर्थकहरूले यसको समर्थन गरे। समाजवादको आधारभूत पक्ष भनेको व्यक्तिगत पुँजीको अन्त्य हो अर्थात् व्यक्तिगत पुँजीमा टिकेको पुँजीवादी व्यवस्थाको अन्त्य र सामूहिक स्वामित्वमा आधारित समाजवादी व्यवस्थाको स्थापना हो। तर, नवसंशोधनवादी विचारले उत्पादनका साधनमाथिका स्वामित्वलाई महत्त्व दिएन र यसको राष्ट्रियकरण गर्ने कुरालाई पनि कम आँक्यो। उत्पादनका साधनको राष्ट्रियकरणको विषयलाई यसको व्यावहारिकतासँग जोडियो। जस्तो, व्यक्तिको एकाधिपत्यको अन्त्य, संरक्षित रोजगारी, ठूला लगानीका लागि अनुमति, अत्यावश्यक सुविधाहरूको सुनिश्चितताजस्ता गैरसमाजवादी विचारहरू अगाडि सारिए र हिजो समाजवादी र गैरसमाजवादीका बीच रहेको गहिरो खाडललाई पुर्ने काम गरियो। एक बेलायती संशोधनवादी अर्थशास्त्री क्रसल्याण्डका अनुसार अहिलेको पुँजीवाद हिजोको जस्तो एकाधिकारवादी पुँजीवाद होइन। आजको पुँजीवादमा व्यापारिक वर्गले आफ्नो नेतृत्वदायी भूमिका गुमाइसकेको छ, आर्थिक निर्णयहरू औद्योगिक व्यवस्थापकहरूका हातमा गइसकेका छन् भने पूर्ण रोजगारीको व्यवस्थाले सङ्गठित श्रमशक्तिको भूमिका पनि बढाइदिएको छ। यस अवस्थामा उत्पादनका साधनमाथिको स्वामित्वको सवालले पनि त्यति महत्त्व राख्दैन। किनभने, पूर्ण रोजगारीको व्यवस्थाले कामदारहरू बलिया भइसकेका छन्। त्यस्तै साझेदारी लगानी र संयुक्त सेयरको व्यवस्थाले व्यक्तिको एकाधिकारवादी लगानीको प्रक्रियालाई पनि अन्त्य गरिदिएको छ।

यसबेलाको संशोधनवादले कम्युनिस्ट आन्दोलनको मात्र आलोचना गरेन, त्यसले परम्परावादी समाजवादीहरूको पनि आलोचना गर्‍यो र आफूलाई त्यसबाट अलग गर्ने कोसिस गर्‍यो। नवसंशोधनवादी विचारले लगातारको समाजिक विकासको विचारलाई परित्याग गरी पुँजीवाद अन्तर्गतको आर्थिक वृद्धिको पक्षपोषण गर्न थाल्यो। त्यस्तै, सन् १९५० को दशकबाट युरोपका सबै समाजवादी पार्टीहरूले मार्क्सवादलाई आफ्नो कार्यक्रमबाट अलग गरिदिए। त्यस्तै समाजवादीहरूले सन् १९५० र '६० को दशकमा आएका परिवर्तनहरूका बारेमा अवधारणाहरू बाहिर ल्याउन सकेन। जस्तो पोप संस्कृति, औद्योगिक क्षेत्रमा पुनःस्थापित द्वन्द्व, विद्यार्थी आन्दोलनको भूमिका, महिलावाद, काला जातिमा आएको चेतना, समलैङ्गिक अधिकार, तेस्रो विश्वको समस्या, वातावरणीय समस्या, परम्परागत परिवारमा आएका सङ्कट, जात र धर्ममा आएको विखण्डन आदि विषयहरूमा समाजवादीहरूका बीच राजनीतिक र सैद्धान्तिक बहसहरू भएनन्। युरोपेली समाजवादीहरूले वर्तमानमा टिक्नका लागि विगतलाई तिलाञ्जली दिए तर भविष्यप्रति भने अन्धा बने। जेजति सैद्धान्तिक बहसहरू भए, ती पहिलो विश्वयुद्ध अगाडि मात्र भए र जसको अगुवाइ बन्र्स्टीन,

काउत्सी, लेनिन, रोजाजस्ता व्यक्तिहरूले गरेका थिए । त्यसयताको युरोपेली समाजवादी आन्दोलनमा एउटा पनि समाजवादको वैचारिक विषयलाई आधार बनाएर विवेचनायुक्त बहस र छलफल भएनन् ।

अर्कोतर्फ, कम्युनिस्टहरूको खासगरी स्टालिनको मृत्युपछि ख्रुश्चेवद्वारा उनको निन्दाको विषय, सन् १९५६ को हङ्गेरीमाथि सोभियत हस्तक्षेप, बर्लिनको पर्खाल, एकदलीय कम्युनिस्ट व्यवस्था आदि विषयहरू र अमेरिकाको नेतृत्वमा पुँजीवादीहरूको लगातारको विरोध अभियानका कारण उनीहरू क्रमिक रूपमा कमजोर बन्न पुगे । फ्रान्स, फिनल्याण्ड र इटालीबाहेकका मुलुकहरूमा कम्युनिस्ट पार्टीहरूको निर्वाचन परिणाम ज्यादै नकारात्मक रह्यो । यसका बावजुद कम्युनिस्टहरूले समाजवादी पार्टीहरूसँग साझेदारी गरेर सरकारमा सामेल भए भने कतिपय मुलुकमा बाहिरबाट समर्थन पनि दिएका थिए ।

**अन्त्यमा,** मार्क्सले कहिल्यै पनि समाज कसरी पुँजीवादबाट समाजवादमा फड्को मार्छ भन्ने कुरा गम्भीर रूपमा अध्ययन गरेनन् । उनले समाजवादको व्याख्यामा न्यायपूर्ण वितरण प्रणालीको चर्चा मात्र गरेका छन् । जस्तो, योग्यता अनुसारको काम र काम अनुसारको दाम । उनले कहिल्यै पनि समाजवादी समाजको सैद्धान्तिक व्याख्या गरेनन्, समाजवादी समाजको निर्माण कसरी हुनसक्छ ? यस अन्तर्गत बजारको सम्बन्ध कसरी राखिन्छ ? यसमा विचार, संस्कृति, राजनीति, राज्य र परिवारको भूमिका के र कस्तो हुनेछ भन्नेमा पनि खासै व्याख्या गरेनन् । उनलाई विश्वास थियो कि पुँजीवाद लामो समयसम्म टिक्दैन तर उनले भनेनन् कि यसको अन्त्य कसरी वा कुन बाटोबाट हुनेछ । उनले सही व्याख्या गरेका थिए कि पुँजीवादमा पुँजीको केन्द्रीकृत विकास हुनेछ र यसले अन्तर्राष्ट्रिय रूप लिँदै जानेछ, जुन भइरहेको छ । तर, यसको विश्वव्यापी राजनीतिक विस्तार कसरी नियन्त्रण हुनेछ भन्ने कुरामा भने मार्क्स र उनका समर्थकहरू सबै नै चुपचाप रहे ।

नवउदार पुँजीवादी व्यवस्थाले अहिले हामीलाई मन लागेको व्यक्ति वा समूहलाई मतदान गर्ने अधिकार दिएको छ, त्यसैगरी हामीलाई मन लागेको सामान खरिद गर्ने छुट पनि दिएको छ तर काममा भने हामीलाई भने अनुसार मात्र गर्न बाध्य पारिएको छ । समाजवादीहरूले पुँजीवादको यो काममा रहेको नियन्त्रणलाई हटाउन विगत एक सय वर्षदेखि सङ्घर्ष गर्दै आएका छन् । यसमा उनीहरू केही मात्रामा सफल पनि भए । जस अनुसार अहिले कम्तीमा युरोपमा निश्चित घण्टा मात्र काम गरे हुने भएको छ, विगतको शताब्दीको भन्दा र पहिलेको भन्दा स्वाभिमानपूर्वक । तर, प्रजातन्त्रको विस्तार हुँदा, भौतिक रूपमा सुविधा सम्पन्न बन्दा, सामाजिक कल्याणका कार्यक्रमहरू लागू हुँदा तथा विज्ञान र प्रविधिको विकास हुँदा पनि मजदुरहरूले आफ्नो कार्य अवस्थामाथि वा उत्पादनका साधनमाथि आफ्नो नियन्त्रण कायम राख्न भने सकेका छैनन् । पुँजीवादलाई नियन्त्रण गर्ने कुरा अरू केहीलाई नियन्त्रण गर्नेभन्दा गाह्रो विषय हो किनभने पुँजीवाद यस्तो व्यवस्था हो, जसमा धेरैलाई थोरैले नियन्त्रण गरिराखेको हुन्छ । पुँजीवाद आफैँमा कुनै सिद्धान्त होइन, न यो कुनै दर्शन नै हो वा विश्वासको झुण्ड नै हो । मार्क्स र वेभरका अनुसार, यो त उत्पादनको एउटा मोडल हो, एक किसिमको अनौठो मोडेल जहाँ मानवलाई व्यापारजन्य सामग्रीहरूको उत्पादनका लागि सङ्गठित रूपमा लगाइएको हुन्छ ।

**(यो लेख 'समाजवादका सय वर्ष र पश्चिम युरोपेली वामपन्थीहरू' भन्ने प्रोफेसर डोनाल्ड सास्सोनद्वारा लेखिएको पुस्तकको अध्ययनका आधारमा तयार गरिएको हो ।)**

## राज्य र सांस्कृतिक नीति निर्माण

**' अमर गिरी**

सङ्क्रमणकाल भएकाले राज्यले अपनाउनुपर्ने सांस्कृतिक नीतिका बारे अहिले नै धेरै कुरा गर्नु र अपेक्षा राख्नु व्यावहारिक हुनेछैन । सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापनासँगसँगै यस विषयमा ठोस नीति तथा कार्यक्रमहरू तय गरेर अघि बढ्न सकिनेछ तर वर्तमानलाई भविष्यसँग जोड्न आवश्यक छ । वर्तमान तरल परिस्थितिमा सम्भव सांस्कृतिक नीति निर्धारण र कार्यक्रमको कार्यान्वयनले तात्कालिक राजनीतिक अभीष्ट प्राप्तिलाई सहयोग पुऱ्याउनेछ, प्राप्तिपछि सही सांस्कृतिक नीतिका आधारमा सामाजिक-सांस्कृतिक रूपान्तरणका कार्यक्रमहरू निर्धारण गरेर अघि बढ्न पनि सम्भव हुनेछ र त्यसका सकारात्मक परिणामहरू पनि निस्कनेछन् ।

०६२-६३ को ऐतिहासिक जनआन्दोलनपछि राज्यले यस दिशामा केही महत्त्वपूर्ण प्रयत्नहरू गरेको छ । जाति, भाषा, धर्मसम्बन्धी विषयहरू यसभित्र पर्दछन् । नेपाललाई धर्म निरपेक्ष राष्ट्र घोषणा गरिएको छ । नेपालको सांस्कृतिक इतिहासमा यो ऐतिहासिक महत्त्व राख्ने परिघटना हो । धर्मनिरपेक्षताको अभ्यास र

यसका मर्महरूको कार्यान्वयन भनेजस्तो सजिलो छैन तर इतिहासमा प्रथमपटक राज्यले सामन्तवादको सांस्कृतिक औजारलाई भाँचेको छ। नेपालको सामन्तवादको महत्त्वपूर्ण सांस्कृतिक हतियार हिन्दुवाद हो। नेपाललाई हिन्दु अधिराज्य घोषणा गरेर सामन्ती नायकहरूले सामन्ती सत्ताको निरन्तरता चाहेका थिए। नेपाली भाषालाई मात्र राष्ट्रभाषा मान्ने नीति पनि सामन्तवादी सोचसँगै गाँसिएको थियो। राज्यले यस नीतिलाई विस्थापित गर्दै सबै भाषालाई समान महत्त्व प्रदान गरेको छ। जातीय र लैङ्गिक विभेद र उत्पीडनका विरुद्ध पनि राज्यले नयाँ दृष्टिकोणहरू अगाडि सारेको छ। राज्यबाट भएका यी कार्यहरू प्रशंसनीय छन् तर यी अपर्याप्त र अपूर्ण छन्।

राजनीतिक परिवर्तनको स्थायित्व र त्यसका उपलब्धिहरू सांस्कृतिक परिवर्तनसँग अविच्छिन्न रूपमा जोडिएका हुन्छन्। राजनीतिक परिवर्तनको अर्थ मात्र राजनीतिक परिवर्तन होइन, समग्र परिवर्तन हो, जसभित्र आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक सबै पक्षहरू पर्दछन्। राज्यको रूपान्तरणका निम्ति समग्र परिवर्तन अनिवार्य सर्त हो। कुन क्षेत्रको महत्त्व कति, यो बेग्लै विषय हो तर नवीन गन्तव्यका निम्ति समग्र रूपान्तरण अनिवार्य आवश्यकता हो। के कुरा स्पष्ट छ भने यदि राज्य यस सत्यलाई बोध गर्न र त्यस अनुरूप अघि बढ्न चुक्यो भने गन्तव्यसम्म पुग्ने बाटो कष्टकर मात्र हुने छैन धूमिल पनि बन्नेछ।

वर्तमान समयमा सांस्कृतिक क्षेत्रमा राज्यका दुई प्रमुख दायित्वहरू देखिन्छन्, प्रथमतः सामन्तवादी एवम् विकृत पुँजीवादी संस्कृतिविरुद्ध सङ्घर्ष र द्वितीय वैकल्पिक संस्कृतिको निर्माण। राजनीतिक रूपमा सामन्तवादको केन्द्र ढलेको छ तर सांस्कृतिक रूपमा यसका जराहरू अझै पनि बलिया छन्। केन्द्रदेखि दूरदराजका गाउँहरूसम्म यो फैलिएको छ। सिङ्गो राज्यसंयन्त्र यस संस्कृतिबाट प्रदूषित छ। तलदेखि माथिसम्मका राज्यका विभिन्न निकायहरू, श्रव्य दृश्यका क्षेत्रहरू, सांस्कृतिक संस्थाहरू सबैतिर यसलाई अनुभूत गर्न सकिन्छ। पुरानोको अन्त्य र नयाँको स्थापनाका निम्ति यो अत्यन्त जटिल अवस्था हो। यस अवस्थामा सामन्तवादी संस्कृतिका विरुद्ध राज्य कसरी लड्नेछ, यसले हाम्रो लोकतान्त्रिक आन्दोलनको भविष्यसमेतलाई प्रभावित गर्नेछ।

यही कुरा लागू हुन्छ विकृत पुँजीवादी संस्कृतिका सन्दर्भमा पनि। विकृत पुँजीवादी संस्कृतिविरुद्धको सङ्घर्ष जोडिएको छ साम्राज्यवादी वित्तीय स्वार्थहरूविरुद्धको सङ्घर्षसँग। साम्राज्यवादी संस्कृति साम्राज्यवादी आर्थिक र राजनीतिक स्वार्थ र तिनको संवहनसँग जोडिएको छ। यस संस्कृतिका विभिन्न रूपहरू छन्। उत्तरआधुनिकतावादका विभिन्न सांस्कृतिक संस्करणहरूदेखि सुन्दरी प्रतियोगितासम्मका विषयहरू यसभित्र पर्दछन्। यस संस्कृतिको चमकदमक र दुष्प्रभाव राजधानीले मात्र बेहोर्दै छैन, दूरदराजका गाउँहरूमा पनि यसका दुष्प्रभावहरू देखिँदैछन्।

यी दुई संस्कृतिविरुद्धको सङ्घर्षलाई कसरी अगाडि बढाउने र राज्यले यस सन्दर्भमा के गर्ने भन्ने कुरा वैकल्पिक संस्कृतिको निर्माणसँग सम्बन्धित रहेको छ। राज्यले सर्वप्रथम नयाँ संस्कृति निर्माणका निम्ति स्पष्ट नीति बनाउन आवश्यक छ। यस्तो नीति अहिलेसम्म बन्नसकेको देखिँदैन। राज्यले ऐतिहासिक महत्त्व राख्ने केही सांस्कृतिक घोषणा त गऱ्यो तर परिवर्तित सन्दर्भमा राज्यको समग्र सांस्कृतिक नीति के हुने भन्ने विषयमा यो मौन नै बस्यो। यो मौनतालाई कुन रूपमा अर्थ्याउने, गाह्रो छ तर यसले या त राज्य सांस्कृतिक नीति निर्माणमा गम्भीर नरहेको या त यथास्थितिवादी चिन्तनबाट मुक्त हुन नसकेको यथार्थतिर नै सङ्केत गर्दछ। यसकै परिणाम हो राज्यले आफूलाई धर्मनिरपेक्ष घोषणा गरिसक्दा पनि यस मातहतका श्रव्यदृश्य माध्यमहरू नवीन होइन, पुरानै ढङ्गले हिँड्न रुचाइरहेछन्, हामी निरीहजस्तै बनेर ती सब हेरिरहेछौँ। पुरानोसँगका सबै प्रकारका साइनोहरूलाई तोड्ने र नवीनको स्थापना गर्दै हिँड्ने कुरामा यही स्थितिले गम्भीर व्यवधान खडा गरिरहेछ। सांस्कृतिक नीति नहुँदा यस्तो स्थिति उत्पन्न हुनु स्वाभाविक छ।

नयाँ नेपाल निर्माणको कुरा नारा मात्र होइन भने नवीन संस्कृतिको निर्माणतर्फ राज्यले गम्भीर पाइला चाल्न आवश्यक छ। हामी सङ्क्रमणकालमा छौँ अर्थात् आन्दोलनमै छौँ। आन्दोलनको रूप फेरिएको छ तर यो चलिनैरहेको छ। प्रतिक्रियावादीहरू परिस्थितिलाई उल्ट्याउन चाहिरहेछन्, हामी लक्ष्यसम्म पुग्न दृढ सङ्कल्पित छौँ। यो द्वन्द्व बहुआयामिक छ र निश्चित राजनीतिक अभीष्टको प्राप्तिपछि पनि यो भिन्न रूपमा लामो समयसम्म चल्नेछ। सांस्कृतिक क्षेत्रमा नवीन नीतिको निर्माण र त्यसको कार्यान्वयनले हाम्रो आन्दोलनको जगलाई बलियो बनाउनेछ। यसले निश्चित राजनीतिक अभीष्टसम्म पुग्न सहयोग पुऱ्याउनेछ। संस्कृतिको नीति निर्माणको अभिप्रायः संस्थागत हेरफेर वा पुनःसंरचना होइन, यो राज्यले कस्तो संस्कृति निर्माण गर्न चाहन्छ भन्ने विषयसँग सम्बन्धित प्रश्न हो। संस्कृतिले मनुष्य र मनुष्य समाजको वैचारिक

एवम् आत्मिक धारालाई गम्भीरतम रूपमा प्रभावित गर्ने र बदल्ने भएकाले यसको भूमिकालाई अत्यन्त महत्त्व दिइन्छ र राज्यले यसलाई त्यसैगरी लिन्छ ।

आज राज्यले यस सन्दर्भमा गर्ने पहिलो र महत्त्वपूर्ण कार्य भनेको व्यापक सहभागितामूलक अन्तरक्रिया हो । राज्यले यस्तो कार्यको पहल एक निश्चित समितिको निर्माण गरेर गर्न सक्दछ वा संस्कृति मन्त्रालयलाई नै यो जिम्मेवारी प्रदान गर्न पनि सकिन्छ । राजनीतिक दलहरूका आ-आफ्ना सांस्कृतिक नीतिहरू रहेका छन् तर कुनै एक दलको सांस्कृतिक नीति राज्यको सांस्कृतिक नीति बन्न सक्दैन । सिङ्गो नेपाली समाजमा अभूतपूर्व जागरण, नवीन आकाङ्क्षा र उत्साह देखिएको यस ऐतिहासिक घडीमा व्यापक र प्रतिनिधिमूलक सहभागिता र विमर्शका माध्यमबाट राज्यको सांस्कृतिक नीतिको सुस्पष्ट खाका कोर्न सकिन्छ । राज्यको सांस्कृतिक नीतिको आधार नेपाली समाजको एकता र सद्भाव, राष्ट्रिय सम्प्रभुता र अखण्डता, मानवीय गरिमा, स्वतन्त्रता र सामाजिक न्याय, वैज्ञानिक दृष्टिकोण र धर्म निरपेक्षता, समानता, भ्रातृत्व र लोकतन्त्रका मर्महरू रहेछन् र रहनुपर्दछ । सांस्कृतिक नीति निर्धारणका सम्बन्धमा जुन उदासिनता देखिएको छ, यसलाई तोड्न आवश्यक छ । ■

***गणतन्त्रका लागि जनतामाझ संस्कृतिकर्मी***

***' माधव प्रधान***

मेची-महाकाली सांस्कृतिक अभियान २०६४ राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले गण्डकी अञ्चलको लमजुङ जिल्लाबाट थालनी गरी जेठ १० गते सल्यान जिल्लाको शीतलपाटीमा पुगेर मध्यान्तर गरेको छ । त्यसका सङ्क्षिप्त अभियानका झलकहरू यहाँ प्रस्तुत गर्दछु ।

०६४ वैशाख २० गते केन्द्रीय कार्यालय बल्खुमा राष्ट्रिय जनसांस्कृतिक मञ्चका अध्यक्ष विजय सुब्बाको कार्यक्रम सञ्चालन रहेको अभियान टोलीका कलाकारहरूलाई स्थायी समिति सदस्य अमृतकुमार बोहरा, प्रचार विभाग प्रमुख रघुजी पन्त उपस्थित भएको कार्यक्रममा पार्टी महासचिव माधवकुमार नेपालले अबिर लगाउँदै कलाकारहरूलाई अभियान सफल पार्न आह्वान गर्नुहुँदै बिदा गर्नुभयो । मञ्चका पूर्वअध्यक्ष तथा वर्तमान मञ्चका सल्लाहकार जेबी टुहुरे, सल्लाहकार शम्भु राईसहित लोकगायिका कविता आलेको हातबाट फूलमाला ग्रहण गर्दै मेची-महाकाली सांस्कृतिक अभियान टोली कला प्रस्तुत गर्दै संविधानसभाको निर्वाचन हुनुपर्ने र नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्नुपर्ने विचारलाई जनताबीच पुऱ्याउन पश्चिमाञ्चलतर्फ लाग्यौँ ।

लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि एउटा ऐतिहासिक जिम्मेवारी पूरा गर्न राष्ट्रिय जनसांस्कृतिक मञ्च नेपालले अभियान व्यवस्थित गर्न मञ्चका महासचिव माधव प्रधान संयोजक, केन्द्रीय सदस्यहरू राजेश थापा, मधु गुरुङ उपसंयोजक रहेको अभियानमा केन्द्रीय कोषाध्यक्ष चन्द्रलाल केप्छाकीलाई आर्थिक संयोजकको जिम्मेवारी प्रदान गरिएको थियो । यसबाहेक सङ्गीत तथा वाद्यवादन टोलीका संयोजक केन्द्रीय सदस्य आकाश थापा, खानपान तथा बास व्यवस्थापन केन्द्रीय सदस्यहरू नारायण पोखरेल, प्रताप गौतम तोकिएको अभियान टोलीमा कलाकारहरू मीठाराम केसी, माया थापा, अञ्जु आले, मेघराज लुङ्गेली, मदन जर्घा, भगीरथ सुसलिङ, दिवस श्रेष्ठ, शिव रानामगर, मनोज राई, दुर्गा विश्वकर्मा, पूर्णकला विक, ध्रुवराज धिताल, सीता धिताल, किरण थापा, सुष्मा कोइराला, सुलोचना गोपाली, श्रीप्रसाद पोखरेल, सुन्दर भण्डारी, बबिता पुन ढुङ्गाना, कविराज मगर, जितेन्द्र चौधरी, होम सुवेदी, दीपमाला महर्जन, लालबहादुर थापा, लक्ष्मी थापा, मेनका थापा, सुशील दुःखीसहित हास्य कलाकार सपन घिमिरे र प्रल्हाद पाण्डे रहनुभयो । ध्वनि व्यवस्थापनमा जितेन चौधरी, होम सुवेदी रहनुभयो ।

संविधानसभाको चुनाव सम्पन्न गराउन नेपाली जनता लाग्नुपर्दछ र संविधानसभापछि राजतन्त्रको अन्त्य भएको घोषणा गर्दै नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना भएको घोषणा गर्न जनतामाझ लोकतन्त्रका गीतहरू, नृत्यहरू, हास्य नृत्य, प्रहसन, कोसेली पस्कदै अभियान लमजुङ, पर्वत, बाग्लुङ, स्याङ्जा, पाल्पा, नवलपरासी, प्यूठान, दाङ, सल्यान, रोल्पा, रुकुम, कैलाली, बाँके, बर्दिया, सुर्खेत, कञ्चनपुर गरी २१ वटा कार्यक्रम प्रस्तुत गरी जेठ ११ गते काठमाडौँ फर्कियो ।

सांस्कृतिक कार्यक्रममा कलाकारहरूले गणतन्त्र स्थापना गर्ने आह्वान गीत, नृत्य, प्रहसनलगायत लोकदोहोरी प्रस्तुत गर्न सफल रहे । जनवादी र गणतान्त्रिक गीत-सङ्गीत प्रस्तुतिमा बुर्जुवा गीत र नृत्यहरू

प्रस्तुत गर्न कसैलाई पनि अनुमति थिएन । स्थानीय कलाकारहरू बाँके, पाल्पा, रुकुम, कैलाली र सल्यानमा प्रस्तुत दिन सफल रहे र यस अभियानमा श्रोता दर्शकहरू प्रत्येक जिल्लामा पाँच हजार सङ्ख्यामा रहेको र रुकुममा २० हजार सङ्ख्यामा श्रोता दर्शक रहेको अनुमान छ ।

हास्य प्रस्तोता सपन घिमिरे र प्रल्हाद पाण्डेको प्रहसन प्रस्तुति सफल रह्यो भने कार्यक्रममा दलित आन्दोलन, महिला आन्दोलन, सुकुम्वासी समस्या र जनजातिहरूका समस्याबारे वक्ताहरूले स्पष्ट पारेका थिए ।

यस अभियानमा राजसामञ्चको 'गणतन्त्र ल्याउन' गीति चक्का अडियो र सीडी हरेक कार्यक्रमस्थलमा बिक्री वितरण गरी गणतन्त्रका लागि गीत सुन्न र सुनाउन हार्दिक अनुरोध गरियो ।

२१ स्थानमा प्रस्तुत गरिएको कार्यक्रममा कुल दर्शक सङ्ख्या एक लाख ५० हजार पुगेको र यस अभियानलाई सबै जनसमुदायबाट हार्दिक न्यानो माया पाइयो । साथै, आठ दलका जिल्ला नेताहरूले शुभकामना पठाएको र नेकपा (माओवादी) का अञ्चल, जिल्ला, स्थानीय नेतृत्वले यो अभियानलाई पुरस्कार प्रदान गरी अभियान सफलताको कामना गरेका थिए ।

अभियानलाई सफल पार्न नेकपा (एमाले) अञ्चल जिल्ला, गाउँ कमिटीहरूले खाना, बास व्यवस्थासहित यातायातका लागि इन्धन सहयोग पुऱ्याएको यस सफल अभियानलाई राप्ती अञ्चल बस व्यवसायी कृष्ण रेग्मी, दीपक योगी, केशव बस्नेत धन्यवादका पात्र बनेका छन् ।

अभियान निरन्तर चल्नेछ, पूर्वको मेची, कोसी हुँदै जनकपुर, सगरमाथा, नारायणी हुँदै वाग्मती अञ्चलमा आएर भदौ महिनाको अन्तिम साता यो अभियानको समापन गरिने लक्ष्य रहेको छ ।

## महिला सहभागिताका लागि भावी रणनीति

**' विन्दा पाण्डे**

**गौरवमय इतिहास र भरोसायोग्य उपलब्धि**

- १९७४ सिराहामा महिला समितिको गठन गरी महिला आन्दोलनको सङ्गठित पहलको सुरुवात ।
- १९७७ असारमा सतिप्रथाको अन्त्य ।
- १९९३ महिला शिक्षालयको स्थापना ।
- २००४ मा नागरिक आन्दोलनमा सहभागिता र चार जना गिरफ्तार ।
- ००४ साउन २२ गते नेपाल महिला सङ्घको स्थापना ।
- ००४ दरबार स्कुलमा महिलाले पढ्न पाउने व्यवस्था ।
- ००८ सालमा नै निर्वाचनमा भोट हाल्न पाउने अधिकारको माग ।
- ००८ मा नै मताधिकार र उम्मेदवार हुने अधिकार प्राप्त ।
- ०१० सालमा साधना प्रधान जनप्रतिनिधिमा निर्वाचित ।
- ०३७ सालमा अनेमसङ्घको पुनःस्थापना ।
- विषयको पहिचान र सङ्गठनको विस्तार ।
- ०४६ सालको आन्दोलनमा सक्रिय सहभागिता ।
- ०४७ को नयाँ संविधानले आमनिर्वाचनमा कम्तीमा छ प्रतिशत महिला अनिवार्य हुनुपर्ने व्यवस्था ।
- ०५४ सालमा स्थानीय निकायमा २० प्रतिशत महिला अनिवार्य ।
- ०६० मा महिला विभागको गठन र पार्टीभित्र महिला नीति र कार्यक्रमका लागि थप पहल ।
- ०६३ भदौमा सम्पन्न पार्टी केन्द्रीय कमिटीको नवौं बैठकबाट आठ सूत्रीय महिला विषय पारित ।

**गौरवमय इतिहास र भरोसायोग्य उपलब्धि**

- ०३७ सालमा अनेमसङ्घको पुनःस्थापना ।
- विषयको पहिचान र सङ्गठनको विस्तार ।

- ०४६ सालको आन्दोलनमा सक्रिय सहभागिता ।
- ०४७ को नयाँ संविधानले आमनिर्वाचनमा कम्तीमा छ प्रतिशत महिला अनिवार्य हुनुपर्ने व्यवस्था ।
- ०५४ सालमा स्थानीय निकायमा २० प्रतिशत महिला अनिवार्य ।
- ०६० मा महिला विभागको गठन र पार्टीभित्र महिला नीति र कार्यक्रमका लागि थप पहल ।
- ०६३ भदौमा सम्पन्न पार्टी केन्द्रीय कमिटीको नवौं बैठकबाट आठ सूत्रीय महिला विषय पारित ।
- ०६३ को लोकतान्त्रिक आन्दोलनमा उत्साहजनक र अनुकरणीय सहभागिता ।
- ०६३ जेठ १६ गते महिला अधिकारसम्बन्धी संसद्को घोषणा । (आमाका नाममा नागरिकता, एकतिहाइ महिला सहभागिता, विभेदपूर्ण कानुनको खारेजी र महिलाविरुद्ध हिंसाको अन्त्य)
- ०६३ असार २ गते संविधान मस्यौदा समिति महिलाविहीन रूपमा भएको गर्नेविरुद्ध आन्दोलन ।
- समितिमा चार जना महिलाको सहभागिता ।
- मस्यौदा संविधानमा महिला अधिकारका कतिपय कुरा समावेश गर्न सक्षम ।
- १ माघ ०६३ मा अन्तरिम संविधान घोषणा ।
- आमाका नामबाट नागरिकताको सुनिश्चितता ।
- मौलिक हक अन्तर्गत ।
- समान कामका लागि समान पारिश्रमिक ।
- प्रजननसम्बन्धी हक ।
- महिलाविरुद्ध हुने हिंसाजन्य कार्य दण्डनीय ।
- पैतृक सम्पत्तिमा छोराछोरीको समान हक ।
- पछाडि पारिएका समुदायको समानुपातिक समावेशी सिद्धान्तका आधारमा राज्यको संरचनामा सहभागी गराइने ।
- **राज्यको दायित्व अन्तर्गत**
- अन्तर्राष्ट्रिय सन्धि सम्झौताको कार्यान्वयन ।
- सबै विभेदकारी कानुनको अन्त्य गर्ने ।

**अवधारणा, आधार र रणनीति**

| | समावेशी | समानुपातिक | सहभागिता |
|---|---|---|---|
| परिभाषा | अल्पसङ्ख्यामा रहेका र पछाडि पारिएकालाई मूलधारमा समाहित | जसको सङ्ख्या जति छ, त्यही अनुपातमा उपस्थिति | उपस्थितिको अनुपातमा जिम्मेवारी र दायित्व |
| प्रक्रिति | प्रतिनिधित्वमा जोड | सङ्ख्यात्मक समानता | गुणात्मक समानता |
| आधार | सामाजिक, आर्थिक रूपमा पछाडि पारिएका | वर्ग, जाति, क्षेत्र, लिङ्ग आदि । | पहलकदमी र प्रतिस्पर्धा |
| रणनीति | प्रतिनिधित्वमा विशेष योजना र विकासमा अवसर | सामाजिक न्यायका लागि जनसङ्ख्याका आधारमा प्रतिनिधित्व | आवश्यकता आधारित विशेष योजना, क्षमता अनुसार जिम्मेवारी र अवसर |

**नेपाली समाजको विविधताको केही पक्ष**

| भूगोल | क्षेत्रफल | जनसङ्ख्या | विषय | सङ्ख्या | कैफियत |
|---|---|---|---|---|---|
| हिमाल | ३५ | ७.३ | जाति | १०१ | बहुमत कुै जाति छैन |
| पहाड | ४२ | ४४.३ | भाषा | ९२ | नेपाली मातृभाषा हुने ४८.६ प्रतिशत छन्। |
| तराई | २३ | ४८.४ | | | |
| त्यसैले नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक र भौगोलिक विविधता भएका र हरेक हिसाबले अल्पमतले शासन गरेको देशका रूपमा रहँदै आएको छ। | | | | | |

नेकपा (एमाले) को नीति निर्माण र निर्णय प्रक्रियामा महिला सहभागिताको अवस्था

| महाधिवेशन | छैटौँ (२०५४) | | | सातौँ (२०५९ | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | प्रतिशत | जम्मा | महिला | प्रतिशत |
| राष्ट्रिय महाधिवेशन प्रतिनिधि सङ्ख्या | ८५७ | १२१ | १४.२ | १०१० | १५३ | १५.२ |
| केन्द्रीय कमिटी | ५७ | ४ | ७.१ | ६५ | ६ | ९. |
| राष्ट्रिय परिषद् सदस्य | ३७६ | ?? | ?? | ३१८ | १६ | ५.० |
| केन्द्रीय निकायहरू | २४ | ३ | १२.५ | ६२ | ६ | ९.७ |
| केन्द्रीय विभागहरू | ६३ | १ | १.६ | २१० | ३७ | १७.६ |

पार्टीको आधारभूत तहमा महिला सहभागिता

| पार्टीको निकाय | छैटौँ महाधिवेशन-२०६० | | | सातौँ महाधिवेशनपछि | | |
|---|---|---|---|---|---|---|
| | जम्मा | महिला | प्रतिशत | जम्मा | महिला | प्रतिशत |
| सङ्गठित सदस्य | ८१३०० | ५९९५ | ६.६ | ११२५३० | ८०४९ | ७.२ |
| जिल्ला कमिटी सदस्य | १५८२ | ७५ | ४.७ | २०८७ | १११ | ५.३ |
| जिल्ला कमिटी सचिव | | | | ९३ | ० | ० |
| अञ्चल समन्वय | | | | २३१ | १३ | ५.६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| कमिटी | | | | | | |
| अञ्चल कमिटी सचिव | | | | १७ | ० | ० |
| स्रोतः नेकपा (एमाले) केन्द्रीय सङ्गठन विभाग, २०६१ (०६३ को घोषणापछि अधिवेशन भएका जिल्लाहरूमा हाल औसतमा १६ प्रतिशतको हाराहारीमा महिला सहभागिता रहेको छ ।) | | | | | | |

प्रमुख राजनीतिक पार्टीमा महिला सहभागिताको अवस्था

| पार्टीको नाम | | केन्द्रीय कमिटी | | उच्च भनिने जाति | | आदिवासी जनजाति | | नेवार | | दलित | | मधेसी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | म. | % | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. | पु. | म. |
| नेकपा (एमाले) | ६५ | ६ | ९.२३ | ४४ | ४ | ८ | ० | ३ | २ | १ | ० | ३ | ० |
| नेपाली काङ्ग्रेस | ३१ | ३ | ९.६७ | २० | ३ | ३ | ० | ३ | ० | १ | ० | १ | ० |
| नेपाली काङ्ग्रेस (प्र.) | ३३ | ३ | ९.०९ | २० | २ | ७ | ० | २ | ० | ० | ० | २ | १ |
| नेकपा (मा) | ३४ | ३ | ५.८८ | २३ | १ | ५ | ० | १ | १ | १ | ० | १ | ० |
| स्रोतः नेपालमा समावशी प्रजातन्त्र विषयक सम्मेलनमा प्रस्तुत कार्यपत्र, ०६३ | | | | | | | | | | | | | |

पुनःस्थापित संसद्को अवस्था र कम्तीमा एकतिहाइ महिलासहित समानुपातिक सहभागितामा हुनुपर्ने सङ्ख्या

| जनजाति | जम्मा जनसङ्ख्या | जनसङ्ख्या प्रतिशत | पुनःस्थापित संसद | | हुनुपर्ने सङ्ख्या | |
|---|---|---|---|---|---|---|
| | | | पु | म | पु | म |
| पर्वत-खस जात | ७०,२३,२२० | ३०.९ | १२२ | ९ | ६३ | २१ |
| दलित | १६,१६,५९२ | ७.१ | ० | ० | १५ | ५ |
| पहाडे जनजाति | ५०,११,६३१ | २२.० | २८ | ० | ४५ | १५ |
| मधेसी जाति | १२,४५,२३२ | ५.५ | १४ | १ | ११ | ४ |
| मधेसी दलित | ९,०४,९२४ | ४.० | ० | ० | ८ | ३ |
| मधेसी | ३०,६६,०४ | ९.२ | १० | ० | १९ | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| जनजाति | ४ | | | | | |
| मुसलमान | ९,७१,०५६ | ४.३ | ० | ० | ९ | ३ |
| अन्य | | १.८ | २ | ० | ४ | २ |
| जम्मा | २,२७,३६,९३४ | १०० | १९३ | १२ | २०५ | ७१ |
| प्रतिशत | १०० | | ९४.२ | ५.८ | ६५.४ | ३४.६ |

| नि. क्षेत्र | जिल्ला | जिल्ला सङ्ख्या | जम्मा सिट | कम्तीमा महिला |
|---|---|---|---|---|
| १ | तेह्रथुम, सोलुखुम्बु, रसुवा, मनाङ, मुस्ताङ, डोल्पा, कालीकोट, मुगु, जुम्ला, हुम्ला, बाजुरा, दार्चुला, डडेल्धुरा | १४ | १४ | |
| २ | ताप्लेजुङ, पाँचथर, सङ्खुवासभा, धनकुटा, ओखलढुङ्गा, उदयपुर, भोजपुर, खोटाङ, दोलखा, रामेछाप, भक्तपुर, पर्वत, अर्घाखाँची, सल्यान, प्यूठान, रुकुम, रोल्पा, जाजरकोट, अछाम, दैलेख, बैतडी, बझाङ, डोटी । | २४ | ४८ | २४ |
| ३ | इलाम, सिन्धुली, मकवानपुर, नुवाकोट, सिन्धुपाल्चोक, ललितपुर, काभ्रे, धादिङ, कास्की, बाग्लुङ, तनहुँ, स्याङ्जा, गोरखा, गुल्मी, पाल्पा, बाँके, सुर्खेत, बर्दिया, कञ्चनपुर | १९ | ५७ | १९ |
| ४ | महोत्तरी, रौतहट, बारा, पर्सा, चितवन, नवलपरासी, कैलाली, दाङ | ९ | ३६ | ९ |
| ५ | सुनसरी, सिराहा, सप्तरी, सर्लाही, धनुषा, रूपन्देही | ६ | ३० | १२ |
| ६ | झापा | १ | ६ | २ |
| ७ | काठमाडौं, मोरङ | २ | १४ | ६ |
| | जम्मा | ७५ | २५ | ७२ |
| | | | | ३५% |

**महिला आन्दोलनको रणनीतिक लक्ष्य**

- राज्यका हरेक क्षेत्रमा समानुपातिक सहभागिता ।
- नीति निर्माण र साधन स्रोतमाथि समान पहुँच र नियन्त्रण ।
- जेन्डर दृष्टिकोणबाट रणनीतिक आवश्यकताको प्राप्ति (जेन्डर सचेत नीति, कानुन, कार्यक्रम र यिनीहरूको प्रभावकारी कार्यान्वयन) ।
- जेन्डर सचेत सामाजिक सुरक्षा सञ्जालको स्थापना (महिला हिंसाविरुद्ध कानुन, प्रजनन दायित्व र घरेलु श्रमको गणना, वृद्धाश्रम आदि ।)

- जेन्डर भूमिकामा परिवर्तन (उत्पादन, पुनःउत्पादन र सामुदायिक भूमिकामा महिला र पुरुषको समान पहुँच र सहभागिता)

**महिला आन्दोलनको तत्कालीन लक्ष्य**

- राज्यको हरेक क्षेत्रमा कम्तीमा एकतिहाइ महिला सहभागिता र समावेशी राज्य प्रणालीको सुरुवात ।
- क्षमता विकासका लागि क्षेत्र पहिचान र विशेष कार्यक्रम (आवश्यकता, इच्छाशक्ति, क्षमता आधारित अवसर र सहभागिता) ।
- जेन्डर दृष्टिकोणबाट व्यावहारिक आवश्यकता पूरा गर्ने काममा जोड (शिक्षा, स्वास्थ्य, रोजगारीमा थप अवसर र मातृत्व संरक्षण, शिशुस्याहार, जेन्डर सचेत, विकासका पूर्वाधार आदि ।)
- जेन्डर सचेत सहयोग सञ्जालको स्थापना (हिंसाविरुद्ध सेल्टरहरू, परामर्श केन्द्र, पुनःस्थापना केन्द्र)

**लक्ष्य प्राप्तिको बाटो : विशेष कार्यक्रम, कार्यान्वयनका केही तरिकाहरू**

- सङ्ख्यात्मक वृद्धिका लागि आरक्षण वा कोटा प्रणाली ।
- क्षमता विकासका लागि सकारात्मक कार्य (तालिम, प्रशिक्षण आदि)
- अवसरका लागि सकारात्मक विभेद (अवसरका लागि योग्यता, क्षमताका बारेमा लचिलो मापदण्ड, ग्रेस प्रणाली)
- जेन्डर भूमिका, सोच र प्रवृत्ति परिवर्तनका लागि सचेतना कार्यक्रम ।

एकभन्दा बढी निर्वाचन क्षेत्र भएका जिल्लामा हरेक दोस्रो र तीन क्षेत्रमध्ये एक क्षेत्र महिलाका लागि सुनिश्चित गर्ने हो भने ...

**लक्ष्य प्राप्तिको बाटो : सङ्ख्यात्मक विकासका लागि पार्टी संरचनामा कम्तीमा एकतिहाइ महिला सहभागिता**

- एकतिहाइ महिला अनिवार्य गर्ने गरी नियमावलीमा परिवर्तन ।
- प्रमुख जिम्मेवारी दिने काममा सकारात्मक सोच र प्रयास सुरु ।
- लक्ष्यसहितको सदस्य वृद्धि अभियान र प्रावधानमा पुनःविचार (पार्टी, जनसङ्गठन, पेसागत सङ्गठन, सामुदायिक सङ्गठन) ।
- महिलामध्ये पनि श्रमिक, दलित, आदिवासी-जनजाति र न्यून सङ्ख्यामा रहेका समुदायबीचमा कामको फैलावट ।
- नयाँ पिँढीमा कामको विस्तार ।
- पार्टीको हरेक सदस्यको घरमा अनेमसङ्घ अभियान सञ्चालन ।
- कार्यमुखी योजना र पूर्णकालीन महिला कार्यकर्ता ।

**लक्ष्य प्राप्तिको बाटो : गुणात्मक विकासका लागि क्षमता विकासका लागि तालिम प्रशिक्षण**

- राजनीतिक र वैचारिक क्षमता ।
- सङ्गठन विस्तार र परिचालन क्षमता ।
- विषयगत विज्ञताको क्षेत्र पहिचान र सहज वातावरण ।
- विश्लेषण क्षमता र तर्कपूर्ण अभिव्यक्ति कला ।
- लैङ्गिक समानता महिलावादसम्बन्धी अवधारणा स्पष्टता ।
- ज्ञान, सीप र प्रवृत्ति परिवर्तनका लागि तालिम
- छलफल, अन्तरक्रिया, स्टडी सर्कल, प्रशिक्षक प्रशिक्षण, सार्वजनिक अभिव्यक्तिकला आदि ।

**लक्ष्य प्राप्तिको बाटो : गुणात्मक विकासको लागि क्षमता विकासका लागि थप असर**

- ग्रेस प्रणाली (शिक्षा, रोजगारी, स्वास्थ्य, जिम्मेवारी, दायित्व)
- प्रतिनिधित्व र उपस्थिति
- प्रस्तुति र सहभागिता
- जेन्डर भूमिकामा परिवर्तन

- सहयोगी वातावरण
- सकारात्मक र रचनात्मक सुझाव

**लक्ष्य प्राप्तिको बाटो : पार्टीको दायित्व**

**महिलाबीच नियमित काम**

- पार्टीको पुरुष-महिला नेता-कार्यकर्ताबीच तहगत अन्तरक्रिया ।
- महिलासम्बन्धी योजना, कार्यान्वयन र आवधिक मूल्याङ्कन ।
- पितृसत्तात्मक सोच, दृष्टिकोण र व्यवहारमा परिवर्तन ।

**महिला समस्यामा विशेष ध्यान**

- महिलाविरुद्ध हिंसाका बारेमा आचारसंहिता र कार्यान्वयन ।
- प्रजनन् दायित्व, सामाजिक दायित्वका रूपमा स्थापित ।
- सामाजिक र राजनीतिक जीवनमा जेन्डर भूमिका परिवर्तन ।

**लक्ष्य प्राप्तिको बाटो : महिला आन्दोलनको दायित्व**

- आपसी एकता, सामूहिकता, सौहाद्रता, सहयोग र समन्वय ।
- पार्टी जनसङ्गठन ।
- अन्तर जनसङ्गठन ।
- अन्तर महिला सङ्घ ।
- महिला अधिकारवादी सङ्घ
- साधन र स्रोतको पहिचान र परिचालन ।
- साझा विषयको पहिचान र संयुक्त पहलकदमी ।
- योजना चक्र अनुसार गतिविधि (विश्लेषण, योजना, कार्यान्वयन, अनुगमन मूल्याङ्कन र फेरि योजना)

**संविधानसभाका सन्दर्भमा उठाउनुपर्ने केही विषयहरू**

१. संविधानसभामा समानुपातिक सहभागिता ।
२. महिलाको वंशको अधिकार ।
३. राष्ट्रिय महिला आयोगलाई संवैधानिक मान्यता ।
४. महिला न्यून रहेको क्षेत्र (निजामती सेवाको निर्णायक तह) कूटनीतिक सेवा, न्याय सेवा आदि) मा विशेष कार्यक्रम (एफर्मेटिभ एक्सन) ।
५. घरेलु श्रमको गणना र सामाजिक सुरक्षा सञ्चालनमा समावेश ।
६. समानुपातिक लक्ष्यसहित राज्यका हरेक क्षेत्रमा समानुपातिक लक्ष्यसहित कम्तीमा एकतिहाइ महिला सहभागिताको सुनिश्चितता ।
क. सरकार र यस अन्तर्गतको निजामती सुरक्षा सेवालगायतका सबै क्षेत्र ।
ख. संवैधानिक आयोग, निकाय र कूटनीतिक सेवालगायतका क्षेत्र ।
ग. राजनीतिक दलको सिङ्गो संरचना ।
घ. रोजगारीका सबै क्षेत्रलगायत नागरिक समाज ।
ङ. राज्यका अन्य सबै निकाय, क्षेत्रहरू ।

**अन्तमा गर्नैपर्ने कामका बारेमा केही सुझावहरू**

१. अन्तरिम संविधानले सुनिश्चित गरेको पैतृक सम्पत्तिमा छोराछोरीको समान अधिकार हाम्रो पार्टीको विभिन्न तहको नेतृत्व, अनेमसङ्घ र जनसङ्गठनको केन्द्रीय तहको नेतृत्वले अनिवार्य रूपमा लागू गर्न पार्टीले निर्देशन जारी गर्नुपर्ने ।
२. हाम्रो पार्टीको सङ्गठित सदस्यसम्म लागू हुने गरी छुवाछूतविरुद्ध आचारसंहिता बनाएर लागू गर्ने ।
३. महिलाविरुद्ध हुने हिंसा (बहुविवाह, बोक्सी, घरेलु हिंसा, लिङ्गीय दुत्साहन आदि) विरुद्ध आचारसंहिता बनाई लागू गर्ने ।

४. पञ्चायतकालमा भूमिगत र पूर्णकालीन भएर महिला आन्दोलन र पार्टी कामलाई अगाडि बढाउन योगदान गर्ने महिलाहरूको राष्ट्रिय तथा अञ्चल र जिल्लास्तरीय भेला गर्ने ।

*पाठकपत्र*

## खुसी लाग्यो

*प्रधान सम्पादकज्यू*

वर्ष १७ अङ्क ६ वैशाखमा प्रकाशित *नवयुग* पत्रिका पढ्दै जाँदा चिनारी स्तम्भको 'आदर्श आमा देवकी र रम्भा' शीर्षक दिएर कमला पराजुलीले हाम्रा आमाहरूको चर्चा गरेर लेख्नु भएको रहेछ । साथै, घरपरिवारको पनि प्रशंसा गरेको कुरा पढ्दा खुसी लाग्यो । तर, आमाले भन्दा या कमलाजीले टिप्दा के कारणले हो केही त्रुटिहरु पनि देखियो । जन्ममिति १९७९ हुनुपर्नेमा १९८९ भएछ । बुबाको नाम थरिप्रसादको ठाउँमा हरिप्रसाद भएछ । तीन छोरा, तीन छोरी हुनुपर्ने चार छोरी जस्ता गल्ती भएछन् ।

त्यसैगरी हाम्रो परिवार त्यस्तो सम्पूर्ण कुराले पूर्ण हुनसकेको जस्तो लाग्थ्यो । हामीले कति अरूको गुन तिर्न नसकेर बैगुनी पनि भएका हौंला । कतिपय सहयोगी मित्र आफन्तहरूमा कृतज्ञता जाहेर गर्न पनि नसकिरहेको अवस्था हुनसक्ला । आर्थिक अवस्थाका कारण बाध्य भएर सहयोग पऱ्याउनुपर्नेमा त्यो हुन नसकिरहेको परिस्थितिका बाबजुद पनि अरूप्रतिको सकारात्मक दृष्टिकोण रहेकै कारण आमाहरूको यो मिलापको उदाहरणले सबैबाट माया, प्रेरण पाइरहेका छौं । आफ्नो कर्ममा रमाइरहेका छौं ।

अर्को संयोग या रमाइलो पक्ष कमलाजीले यसमा गुरुप्रसाद मैनालीको नासो कथाको सुभद्रा पात्रको प्रसङ्ग जोड्नुभएको रहेछ । हामीले त्यो कथा आमाहरूलाई पनि सुनाएका थियौं । त्यो सुन्दा उहाँहरू रुनुभएको थियो र त्यसैबेला हामीले कुनै प्रकारको नराम्रो व्यवहार नगर्ने अठोट गऱ्यौं । यो कथा हो, हामीबाट त्यस्तो व्यवहार हुनेछैन भनेर सम्झाएका थियौं । यो पत्रिका पनि पढेर सुनायौं, हर्षले गदगद हुनु भई 'ती छोरी कमला' लाई भेटेर धन्यवाद दिने इच्छा गर्नुभएको छ । हामीले तपाईंहरूको चर्चा देशका धेरै महिलाहरूले पढ्ने छन् भन्दा दुवै आमाहरू अरू ठूलो काम गरेर नाम कमाउन नसके पनि मेलमिलापबाट राम्रो गरेछौं भनेर मरीमरी हाँस्नुभयो ।

यो पढेपछि हामी परिवारका अरू सदस्यले कुरा गऱ्यौं । आमाहरूको कथा हामीले लेख्न पर्थ्यो । हामीले गर्न नसके पनि कमला पराजुलीले कुशल छोरीको काम गर्नुभएकोमा हृदयदेखि आभारी हुँदै धन्यवाद दिन चाहन्छौं ।

***- छोराहरू***
***शिव तथा रमेश पौड्याल***

**राम्चे-६, सिन्धुपाल्चोक**

**विश्वविद्यालयमा पहिलो महिला कोषाध्यक्ष**

'सङ्गठनको जिम्मेवारीले मलाई ऊर्जा थप्यो र कम्युनिस्ट पार्टीको आदर्शले मिहिनेत गर्न सिकायो ।' यो भनाइ हो- राजनीतिकर्मी कमरेड सविता अधिकारीको । आधा शताब्दीदेखि सङ्गठनको काममा निरन्तर लागिरहेकी सविता अहिले अखिल नेपाल महिला सङ्घको केन्द्रीय कोषाध्यक्ष हुनुहुन्छ । ६२ वर्ष पार गर्दै गर्दा पनि उहाँको कामप्रतिको लगाव र उत्साह विद्यार्थी अवस्थाकै जस्तो छ ।

सविता अधिकारीको जन्म कोसी अञ्चल अन्तर्गत सुनसरीको धरानमा २००१ असार २१ गते आमा लक्ष्मीकुमारी आचार्य र बुबा लक्ष्मीप्रसाद आचार्यकी माइली छोरीका रूपमा भएको हो । उहाँको खास नाम ओमकुमारी आचार्य हो । उहाँका पाँच दाजुभाइ, एक दिदी र तीन बहिनी हुनुहुन्छ । जमिनदार परिवारकी छोरी भएकाले सानोमा लेखपढ गर्न र खान-लगाउनमा दुःख नभएको उहाँको अनुभव छ ।

उहाँ भन्नुहुन्छ- 'मेरो बुबा शिक्षाप्रति असाध्यै जागरुक हुनुहुन्थ्यो । त्यसैले छोरीलाई पनि राम्रो शिक्षादीक्षा दिनुपर्छ भन्ने उहाँको चाहना थियो ।' उमेर पुगेकी छोरीलाई उपयुक्त केटा खोजेर विवाह गरिदिनुपर्छ, धेरै पढाउनुहुन्न भन्ने आफन्तको भनाइ र सामाजिक मान्यतालाई अस्वीकार गर्ने बुबाको निर्णयले शिक्षाको

अवसर पाएपछि उहाँले ०१८ सालमा धरान महेन्द्र क्याम्पसमा आईए अध्ययन गर्न थाल्नुभयो। घरायसी-पारिवारिक वातावरणले विस्तारै उहाँमा राजनीतिक प्रभाव पर्न थाल्यो। उहाँका काका-ठूलोबुबाका छोराहरू यज्ञपसाद आचार्य, जनार्दन आचार्य र पूर्णप्रसाद आचार्य राजनीतिक कार्यकर्ता भएकाले क्रमशः उहाँलाई राजनीतिक काममा जुट्न प्रेरणा थपिँदै गयो। त्यसपछि उहाँ राजनीतिक गतिविधिहरूमा सामेल हुन थाल्नुभयो। राजनीतिक सहभागिताका क्रममा सुरुमा कम्युनिस्ट र काङ्ग्रेसका बारेमा राम्ररी थाहा नभएको र तत्कालीन अवस्थामा विराटनगर जेलमा थुनिएका दाजु पूर्णप्रसाद आचार्यसँगको भेटघाट र कुराकानीबाट मात्र आफूले कम्युनिस्ट-काङ्ग्रेसका बारेमा कुरा बुझेको उहाँ बताउनुहुन्छ। महेन्द्र क्याम्पस धरानमा आईए र बीए पढ्दा दुई कार्यकाल उहाँ महेन्द्र क्याम्पस धरानको स्ववियु कोषाध्यक्षमा प्रगतिशील प्यानलबाट निर्वाचित हुनुभयो।

धरानबाट बीए उत्तीर्ण गरेपछि उहाँ एमए पढ्न काठमाडौँ आउन खोज्नुभयो। तर, एमए पढ्न आउने सन्दर्भमा भने उहाँलाई सुरुमा घरबाट सजिलै समर्थन प्राप्त भएन। छोरीले धेरै पढेपछि स्तर अनुसारको विवाह गर्ने केटा नपाउने डरले त्यो अहमति भएको थियो रे ! तैपनि, उहाँ घरपरिवारलाई विश्वास दिलाएर एमए पढ्न काठमाडौँ आउन सफल हुनुभयो। त्यतिखेर त्रिभुवन विश्वविद्यालयमा सङ्गठनको काममा जुट्ने महिला कार्यकर्ताको अभाव खड्किएको थियो। त्यसैले अगाडिदेखि नै राजनीतिक आधार तयार पारेर काम गरिरहेकी एक जना सक्रिय कार्यकर्ता थपिनु सङ्गठन र नेतृत्वका लागि खुसीको कुरा थियो। राजनीतिशास्त्र पढ्ने चाहनाले काठमाडौँ आएकी सविता नेपाली विभागमा प्रगतिशील पक्षका कोही विद्यार्थी नभएकाले सङ्गठनका साथीहरूको चाहना र निर्णय अनुसार नेपाली विभागमा भर्ना भएर अध्ययन गर्न थाल्नुभयो। ०२५ सालमा त्रिभुवन विश्वविद्यालयमा गोविन्दमान श्रेष्ठको नेतृत्वमा रहेको स्ववियुमा उहाँ पहिलो निर्वाचित महिला कोषाध्यक्ष हुनुभयो।

सविताका दाजु यज्ञप्रसाद आचार्यको वनारसमा पढ्दादेखि नै कमरेड मनमोहन अधिकारी र भरतमोहन अधिकारीसँग चिनजान थियो। उहाँ पनि त्यतिखेर वामपन्थी राजनीतिमै भएका कारण पछि पनि मनमोहन र भरतमोहन घरमा आइरहनुहुन्थ्यो। उहाँहरूसँगको भेटघाटबाट मिल्ने राजनीतिक प्रभावले पनि सवितालाई थप राजनीतिक ऊर्जा मिलेको थियो। कमरेड मनमोहन र भरतमोहन अधिकारीको सादा-सरल व्यवहार र आदर्शले अझ धेरै आफू प्रभावित भएको उहाँ बताउनुहुन्छ। घरायसी वातावरणले व्यावहारिक रूपमै उहाँमा कम्युनिस्टप्रतिको सकारात्मक सोच थपिँदै गएको थियो। ०२६ सालमा मेघराज आचार्य र पुण्यप्रसाद आचार्यमार्फत उहाँलाई भरतमोहन अधिकारीसँग विवाह गर्ने प्रस्ताव आयो। सोही प्रस्ताव अनुसार उहाँहरूको विवाह भयो।

छोरी पढाउनै अस्वीकार गर्ने नेपाली समाजमा २५-२६ वर्षसम्म विवाह नगरी बस्नु आफैँमा एउटा चुनौती थियो भने त्यसबेला पनि पढाइ, उमेर, आस्था, विचार र स्तर मिल्दो व्यक्ति भेटिनु सविताका लागि असवर नै थियो। आफ्नो विवाहका सन्दर्भमा स्मरण गर्दै उहाँ भन्नुहुन्छ- 'मेरो बुबा जमिनदार भए पनि त्यो समय राजनीतिक रूपले जोखिमयुक्त थियो। अझ कम्युनिस्टहरूका लागि त झन् समस्याग्रस्त थियो। तर पनि, उहाँले गर्वका साथ सबैलाई बताउँदा 'मैले छोरी कम्युनिस्टलाई दिएँ' भन्दै असाध्यै खुसी हुनुभएको थियो। बुवाले पनि कम्युनिस्ट भनेका असल चरित्रयुक्त, आदर्श, इमानदार र मिहिनेती हुन्छन् भन्ने कुरा राम्ररी बुझ्नुभएको थियो। त्यतिखेर दाजु यज्ञप्रसाद पञ्चायतमा लागिसक्नुभएको थियो। यद्यपि, मेरो विवाहबाट उहाँ पनि बेखुसी हुनुभएन।'

विवाहपश्चात्को अवस्थाबारे उहाँ भन्नुहुन्छ- 'विवाहपश्चात् भने मेरो पढाइ र साङ्गठनिक काम रोकिने हो कि भन्ने लागेको थियो। परिवारबाट 'अब पढाइ छाडेर घरमै बसे हुन्छ' भन्ने कुरा आएको थियो। तर पनि, सङ्गठनका साथीहरूसँग परामर्श गरेर घरमा पनि तालमेल मिलाएर परीक्षा दिएँ। परीक्षा सकेर एक वर्ष घरमै गएर बसेँ। विवाहअगाडि कहिल्यै आर्थिक अभाव अनुभूति गरेकी थिइनँ। त्यतिखेर हाम्रो घरको आर्थिक अवस्था नराम्रो थियो। त्यो परिस्थितिमा कमरेड भरतमोहनलाई राजनीतिक काम गर्न सहज बनाउनका लागि मैले आर्थिक उत्पादनका काममा लाग्नैपर्ने थियो। त्यसै अनुसार विकल्पविहीन भएर मैले ०२८ माघदेखि विराटनगरस्थित शिशु निकुञ्जमा पढाउन सुरु गरेँ। ०५० सालमा पेन्सन लिएर अवकाश लिएँ। शिक्षक पेसामा रहँदासम्म म पनि पेसागत सङ्गठन र आन्दोलनमै सहभागी भएँ। तर, जनसङ्गठनमा त्यति सक्रिय हुन सकिनँ। ०४७ सालमा प्रगतिशील महिला सङ्गठन मोरङको अध्यक्ष भएँ। केही समयपछि नेकपा (माले) र नेकपा (मार्क्सवादी) बीच एकीकरण भएपछि म अनेमसङ्घको मोरङ जिल्ला कमिटी सदस्य भएँ। ०४९ सालमा पार्टीको जिल्ला अधिवेशनबाट जिल्ला कमिटीको सदस्य भएँ।'

जिल्ला कमिटी सदस्य भएको केही समयपछि नै कमरेड सविता काठमाडौं आउनुभयो र फेरि सम्पर्कविहीन हुनुभयो । केही समयपछि उहाँको कमरेड अष्टलक्ष्मी शाक्यसँग भेट भयो र अष्टलक्ष्मीले नै 'सम्पर्कविहीन भएर रहनुहुन्न, काममा जुट्नुपर्छ' भनेर अनेमसङ्घको केन्द्रीय कार्यालय सचिवको जिम्मेवारी सम्हाल्न आग्रह गर्नुभयो । पछि उहाँ अनेमसङ्घको चौथो राष्ट्रिय सम्मेलन आयोजक कमिटीको सदस्य हुनुभयो । त्यसपछि हालसम्म उहाँ अनेमसङ्घको केन्द्रीय कमिटीमा र केन्द्रीय फ्र्याक्सनमा हुनुहुन्छ । अहिले उहाँ नेकपा (एमाले) को केन्द्रीय अनुगमन विभागको सदस्य पनि हुनुहुन्छ ।

कमरेड सविता साङ्गठनिक कामको सिलसिलामा हिरासतमा पर्नुभएन । तर, ०२२ सालमा धरानमा डीआईजी नारायणसिंह काण्डविरोधी प्रदर्शनमा उत्रिँदा प्रहरी दमनमा परेर लाठीले लागेको गहिरो चोटचाहिँ अझ पनि छँदैछ । ०४६ पश्चात् भने बेलाबखतमा भएका आन्दोलनमा भने उहाँ परिरहनुभएको छ ।

कमरेड सविताका तीन छोरीहरू छन् । तीनवटै छोरीको विवाह भइसकेको छ । जेजस्तो अवस्थाको सामना गर्नुपरे पनि छोरीहरूको पढाइ भने गुणस्तरीय ढङ्गले राम्ररी पूरा गर्न पाएकाले अहिले तीनवटै छोरीहरू आफ्नै खुट्टामा उभिएका छन् । बुढेकालको साहरा छोरा हो भन्ने धारणा उहाँमा कहिल्यै आएन । अवसर पाए भने छोरीले पनि छोराले झैँ अझ ज्यादा नै गर्न सक्छन् भन्ने उहाँको विश्वास छ । आफैँ उत्पादनमा सहभागी भएर अनेक पारिवारिक तालमेल मिलाउँदै खर्च जुटाए पनि छोरीहरूलाई राम्रो शिक्षादीक्षा दिन पाएकोमा उहाँ सन्तुष्ट हुनुहुन्छ । उहाँहरूलाई छोरीहरूको कुनै चिन्ता छैन । बरु, छोरीहरू नै अब तपाईंहरू धेरै दुःख नगर्नु हामी पनि सहयोग गर्छौं भन्ने भएका छन् भन्दै उहाँ सन्तोष प्रकट गर्नुहुन्छ ।

०३२ देखि ०४० सालसम्म कमरेड भरतमोहनले पनि पेसाका रूपमा 'ल फर्म' चलाउनुभयो । तर, उहाँको राजनीतिक गतिशीलतामा कुनै फरक परेन । किनभने, उहाँले राजनीति र पेसा मात्र सम्हाल्दा भयो, पारिवारिक दायित्व बहन गर्नुपरेन । तर, महिला भएकाले कमरेड सविताले भने पेसा र घरायसी-पारिवारिक दायित्व पनि लिनुपऱ्यो, जसले गर्दा उहाँले खास समयमा राजनीतिक कामलाई निरन्तरता दिन सक्नुभएन । जे भए पनि आफू महिला भएकाले नै ज्यादा पारिवारिक जिम्मेवारीले थिचेर साङ्गठनिक कार्यमा गतिरोध आएको उहाँको अनुभव छ । अझ एउटी महिला राजनीतिक कार्यकर्ताले त नेतासँग विवाह गर्दा त्यसै पनि आफ्नो दायित्व र क्षमतालाई ओझेलमा राखेर पतिकै लागि विशेष सम्झौता गर्नुपर्ने अवस्थाको पनि अनुभव उहाँको छ । आफू मात्र होइन, नेतासँग विवाह भएका अधिकांश महिला कार्यकर्ताको यही अवस्था उहाँले देख्नुभएको छ । तर, आफूभित्र प्रतिबद्धता र चाहना रहेसम्म समय फर्कन्छ, काम गर्ने मौका आउँछ भनेझैँ लामो समयको अन्तरालपश्चात् पुनः उहाँले सङ्गठनको काममा निरन्तरता दिन थाल्नुभएको छ । यही निरन्तरताले आफूलाई ऊर्जा थपेको उहाँको अनुभूति छ ।

तर पनि, आफूमा भएको क्षमता र लगनशीलता अनुसार आफूले उचित जिम्मेवारी र अवसर नपाएको उहाँको ठम्याइ छ । कहिलेकाहीँ उहाँलाई लाग्छ- 'यदि म यो समाजमा छोरा भएर जन्मेकी भए पक्कै पनि यसभन्दा विशेष अवसर पाउने थिएँ होला । तर, छोरी भएका कारण नै सधैँ पछाडि पारिएको हो कि ? त्यही भएर मेरो उचित मूल्याङ्कन नभएको हो कि ?' यद्यपि, आफूले सके जति र अवसर पाए जति राम्ररी काम गरेकोमा उहाँ खुसी हुनुहुन्छ र अझ पनि सकुन्जेल गरिरहने चाहना व्यक्त गर्नुहुन्छ ।

अनेक उतार-चढाव, पारिवारिक-सामाजिक अप्ठ्यारा र चुनौतीका बाबजुद, खास समयमा आफ्नै समस्याले ओझेलमा परेर पनि बिरुवाले पाउला फेरेझैँ उहाँले लामो अन्तरालपश्चात् राजनीतिक कार्यमा निरन्तरता दिँदै आउनुभएको छ । त्यसैले कमरेड सविता अधिकारी धेरै महिला राजनीतिक कार्यकर्ताको प्रेरणा बन्नुभएको छ । निश्चित समयमा समस्याले पिरोल्दैमा आत्तिएर निरास भइहाल्ने या किनारा लागिहाल्ने गर्नुहुँदैन । कमरेड सविताको जीवनबाट समयको पर्खाइसँगै अनुकूल परिस्थिति पनि आउन सक्छ, त्यतिखेर पुनः आफ्नो आस्था र विचारलाई जगाउन सकिन्छ भन्ने शिक्षा सबै महिलाहरूले सिक्न सक्छन् ।

■ **कमला पराजुली**

**जनआन्दोलनपछिका चुनौती र सम्भावनाहरू**

**– चित्र थापा –**

**विषय प्रवेश**

गतवर्ष यथास्थितिवादबाट मुक्ति खोज्दै नेपाली जनताले सशक्त ऐतिहासिक जनआन्दोलन गरे। लक्ष्य, उद्देश्य र जनसहभागिताका हिसाबले यो अभुतपूर्व थियो। हत्या र षड्यन्त्रबाट निरङ्कुश शासनको सपना देख्ने राजतन्त्रलाई जनआन्दोलनले पूरै झुकायो। त्यसयता मुलुक सङ्क्रमणकालबाट गुज्रदैछ। जनआन्दोलनका उपलब्धिहरूलाई भने अझै संस्थागत रूप दिइसकिएको छैन। यसबेला जनआन्दोलन २०६२/६३ को आधारभूत चरित्र, चुनौती र सम्भावनाहरू केके छन् ? के यसले नेपाली समाजको अन्तरविरोधहरूलाई हल गर्न सक्दछ ? के यो सामाजिक क्रान्तिमा बदलिन सक्दछ ? वर्तमान परिवेशमा पार्टीको कार्यनीति कस्तो हुनुपर्ला ? जस्ता प्रसङ्गहरूबारेमा यहाँ केही छलफल गर्ने कोसिस गरिएको छ।

**नेपाली समाजको अवस्था**

विश्वको सबैभन्दा गरिब बस्ने दक्षिण एसिया क्षेत्रमा पनि नेपाल सबैभन्दा पछाडि छ। नेपाली समाजको यस्तो पछौटेपनको मूलकारण सामन्त र दलाल पुँजीवादी अर्थतन्त्र हो। वास्तविक श्रमिक किसानहरू भूस्वामित्वबाट वञ्चित नै रहेका छन्। अझै पनि सामन्ती भूस्वामित्व अन्त्य गरी भूमिको पुनः वितरण हुनसकेको छैन। कृषि अर्थतन्त्र जर्जर, न्यूनउत्पादक, गुजारामुखी र भयावह बेरोजगारी थिग्रिने क्षेत्र बनेको छ।

उत्पादन प्रक्रियाको विकास क्रममा सुगौली सन्धिपछि नेपालमा पुँजीवादको प्रवेश सुरु भएको हो। तर, यो उत्पादन पद्धतिको स्वतन्त्र र स्वाभाविक विकास प्रक्रियाबाट आएन। यो त साम्राज्यवादले बजार कब्जा गर्ने क्रममा नेपालको कच्चा पदार्थ दोहन तथा उत्पादित वस्तुहरूको व्यापार गर्न वर्णसङ्कर वा ठिमाहा चरित्र लिएर आयो। त्यसैले यसको चरित्र सामन्तवादसँगै मिलेर राष्ट्रिय पुँजीवादको भ्रूण हत्या गर्ने, वैदेशिक पुँजी र वस्तुको बिक्रीमार्फत शोषणको विस्तार गर्ने र नेपाली अर्थतन्त्रलाई औपनिवेशीकीकरण गर्ने दलाल नोकरशाही पुँजीवादका रूपमा आयो। यो नेपाललाई परनिर्भरता र अल्पविकासमा रोकेर विश्व पुँजीवादी शोषणलाई दीर्घजीवी बनाउने एजेन्ट हो। नेपाली समाजको विकासलाई यही खिइएको सामन्तवाद र ठिमाहा दलाल पुँजीवादले रोकेको छ।

**नेपाली समाजका अन्तरविरोधहरू**

समाज कुनै सन्तुलित र स्थिर संरचना हैन। यसभित्र विभिन्न वर्गहरू, विचार, संस्कृति, चिन्तन र राजनीति रहेको हुन्छ। तिनीहरूबीच विभिन्न रूप र मात्रामा द्वन्द्व, सङ्घर्ष वा अन्तरविरोधहरू रहेका हुन्छन्। यिनै द्वन्द्वहरूले समाजलाई गतिशील गराउँछन् र परिवर्तनको दिशातिर धकेल्छन्।

समाज मुख्यतः जीवन निर्वाहका लागि गरिने उत्पादन प्रक्रियामा विकसित हुने उत्पादन प्रणालीको जगमा उभिएको हुन्छ। उत्पादनका साधनहरूमाथिको स्वामित्वका रूपहरूबाट वर्गहरूको निर्धारण हुन्छ। त्यसैले वर्गीय समाजमा उत्पादनका साधनमाथि कब्जा जमाएको शासकवर्ग र शोषणमा पर्ने श्रमिकवर्गबीच वर्गसङ्घर्ष भइरहन्छ। यही वर्गसङ्घर्षले नै समाजलाई फेर्दछ। त्यसैले समाज विकासको इतिहास भन्नु नै वर्गसङ्घर्षको इतिहास हो। वर्गीय समाजमा वर्गीय अन्तरविरोध नै प्रधान हुन्छ। नेपालमा समाज विकासको अवरोधक सामन्तवाद र दलाल नोकरशाही पुँजीवाद मिलेर बनेको घरेलु प्रतिक्रियावादसँग नै नेपाली जनताको प्रधान अन्तरविरोध रहेको छ। नेपाली समाजलाई परिवर्तन गर्न यही वर्गीय अन्तरविरोधलाई हल गर्नुपर्दछ।

नेपालमा घरेलु प्रतिक्रियावादको पनि सबैभन्दा कट्टर र अनुदारवादी पक्षको नेतृत्व शाही राजतन्त्रले गर्दै आएको छ। राजा वीरेन्द्रको वंशहत्या गरिएपछि सत्ता हत्याएका राजा ज्ञानेन्द्रले निरङ्कुश ढङ्गले एकलौटी रुपमा शासन चलाउन थाले। त्यसबाट नेपाली जनताको राजतन्त्रसँगको अन्तरविरोध चरम उत्कर्षमा पुग्यो। त्यसैले प्रधान शत्रु सामन्ती राजतन्त्रको अन्त्य गर्न जनताले जनआन्दोलन ०६२/६३ को आँधीबेहरी सिर्जना गरेका हुन्।

समाजमा आधारभूत वर्गीय अन्तरविरोधसँगै अन्य सामाजिक अन्तरविरोधहरू पनि हुन्छन्। समाज वर्गीय आधारसँगै धार्मिक, जातीय, भाषिक, सांस्कृतिक, लैङ्गिक, भौगोलिक आदि आधारमा पनि विभाजित भएको हुन्छ। बहुल चरित्रको समाजमा राज्यसत्तामाथि कब्जा गरेको शोषकवर्गले अन्य सामाजिक मानव समूहहरूमाथि आर्थिक शोषणसँगै धार्मिक, जातीय र सांस्कृतिक दमन-उत्पीडन र निषेधीकरण गर्दछ। यस्तो विभेदमा परेपछि उत्पीडित जाति-संस्कृतिहरू चरम उपेक्षित भई किनारामा धकेलिन्छन्। राज्यका अङ्गहरूबाट बहिष्कृत हुन्छन्। समानता र न्यायपूर्ण समाज निर्माण गर्न यस्तो सामाजिक उत्पीडनको चरित्रहरूलाई बदल्नु पर्दछ। त्यसैले सामाजिक रूपान्तरणले निरपेक्ष वर्गीय मुक्तिलाई मात्र सम्बोधन गरेर पुग्दैन। सामाजिक उत्पीडनहरूबाट मुक्त गर्ने पक्षलाई पनि सम्बोधन गर्नुपर्दछ।

नेपाली समाज पनि बहुल चरित्रको रहेको छ। यो बहुधार्मिक, बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक रहेको छ। तर, राज्य भने सामाजिक विशेषताको विपरीत बहुल चरित्रको नभई एकल वा एकात्मक चरित्रको रह्यो। यसले एक जातीय, धार्मिक र संस्कृतिको विस्तार गर्दै जनजातिहरू, दलित समुदाय, मधेसी सांस्कृतिक समुदाय र भाषिक समूहहरूमाथि उत्पीडन र पक्षपात गर्‍यो। यस्तै पितृसत्तात्मक सामन्तवादले महिलामाथि शोषण, दमन, हिंसा र लैङ्गिक विभेद गर्दै आएको छ। केन्द्रीकृत शासन प्रणालीमार्फत श्रोत साधन केन्द्रमा थुपारेर किनाराका भौगोलिक क्षेत्रहरू सुदूरपश्चिम, हिमाली क्षेत्र र ग्रामीण क्षेत्रमाथि क्षेत्रीय उत्पीडन गर्दै आएको छ। यसबाट समाजमा सामाजिक असमानता र विभेदको खाडल गहिरिएको छ। त्यसैले अबको राज्य पुनःसंरचनाले समाजको दुवै वर्गीय र सामाजिक अन्तरविरोधलाई हल गर्न सक्नुपर्दछ। अनि मात्र 'वर्गीय, जातीय, लैङ्गिक र क्षेत्रीय समस्या' बाट मुक्त भएको वास्तविक 'नयाँ नेपाल' बन्नेछ।

**जनआन्दोलन ०६२/६३ का चारित्रिक विशेषताहरू**

०६२/६३ को जनताको ऐतिहासिक शान्तिपूर्ण सङ्घर्षलाई कसरी हेर्ने ? यसका विशेषताहरूलाई कसरी नामकरण गर्ने ? भन्ने बारेमा विविध विचारहरू व्यक्त भएका छन्। यसलाई विश्लेषण गर्दा यो सहरिया र ग्रामीण श्रमजीवी वर्गको निर्णायक पहलकदमी र सहभागितामा भएको आन्दोलन थियो। आन्दोलनको अग्रिम मोर्चामा दमनसँग जुझ्ने र जीवन बलिदान गर्ने अधिकांश उनीहरू नै थिए। उनीहरूको चाहना गरिबी र शोषणबाट मुक्ति नै थियो। यस्तै जनआन्दोलनमा उठेका माग र नाराहरूलाई हेर्दा राजतन्त्रको पूर्ण अन्त्य र गणतन्त्रको स्थापना नै जनचाहना हो भन्ने देखिन्थ्यो। जनता सामन्तवादी शासनको पूर्ण अन्त्य चाहन्थे। केन्द्रीकृत र एकात्मक राज्यलाई भत्काउन चाहन्थे। सारमा उनीहरू आमूल परिवर्तन अथवा 'क्रान्ति' चाहन्थे।

तर, आन्दोलनमा उदारवादी सामन्त र बुर्जुवावर्गका प्रतिनिधिहरू पनि सहभागी थिए। उनीहरूको उद्देश्य राज्यको वर्गीय शोषणलाई यथावत् राख्ने र पुँजीवादी राजनीतिक स्वतन्त्रताको बहाली गर्ने मात्रै थियो। त्यसैले उनीहरू पूर्ण सामाजिक परिवर्तन होइन, केवल राजनीतिक सुधार चाहन्थे। सारमा उनीहरू राजतन्त्रको पूर्ण विरोधी थिएनन्, राजाको निरङ्कुशताको मात्रै विरोधी थिए। त्यसैले जनताको प्रधान शत्रु राजतन्त्रका विरुद्ध निर्णायक सङ्घर्ष गर्नुभन्दा उनीहरूको सम्झौतामा रुचि थियो। '१२ बुँदे समझदारी' मा गणतन्त्रलाई स्पष्ट लक्ष्य बनाउन नेपाली काङ्ग्रेसले विरोध गर्नुको भित्री कारण यही थियो। जबकि नेकपा (एमाले) लगायत वाम पार्टीहरू स्पष्ट रुपले गणतन्त्रको लक्ष्य किटान गर्न चाहन्थे।

तर, जब आन्दोलनको ज्वार उठ्यो, त्यसले राजतन्त्रसमेत समग्र सामन्तवादको अन्त्य गर्ने उद्घोष गर्‍यो। राज्यको सामाजिक विभेदहरूको अन्त्य गर्न समावेशीकरणको मुद्दा उठायो। राज्यको आधारभूत चरित्र नै परिवर्तन गरी राज्य पुनःसंरचना गरेर 'नयाँ नेपाल' बनाउने 'क्रान्तिको' जनादेश दियो। यसबाट आन्दोलनको नेतृत्व तहमा रहेको क्रान्तिकारी चरित्र र अर्को हिस्सामा रहेको सुधारवादी चरित्र दुवै सँगसँगै रहेको स्पष्ट हुन्छ। यस्तो द्वैध अवस्थाको अझै पूर्ण ध्रुवीकरण भइसकेको छैन।

यसले आन्दोलनको चरित्र क्रान्तिकारी स्वरूपको रहेको तर यो 'क्रान्ति वा आमूल परिवर्तन' मा बदलिन्छ कि सुधारवादमा अलमलिएर टुङ्गिन्छ भन्ने कुराको अहिले फैसला भइसकेको छैन। सायद वर्तमान सङ्क्रमणकाल यही वैचारिक रस्साकस्सीबाट गुज्रिनेछ। यसले सामान्य आन्दोलनको मात्रात्मक सीमालाई व्यापक रूपमा तोडेको छ भने क्रान्तिको गुणात्मक चरित्र ग्रहण गरिसकेको छैन। त्यसैले यही चारित्रिक विशेषताका आधारमा यसलाई 'सामान्य आन्दोलन' मात्रै भन्नु व गुणात्मक चरित्रको 'क्रान्ति' नै भन्नु अतिवादी मूल्याङ्कन हुनेछ। आर्थिक सारबाट अलग गरेर 'राजनीतिक क्रान्ति' को महत्त्व दिनु अतिरञ्जना हुनेछ। किनभने, यसले क्रान्तिसम्बन्धी मार्क्सवादी मान्यताको महत्त्वलाई सस्तो बनाइदिनेछ, क्रान्ति र राजनीतिक सुधारहरूलाई छ्यासमिस पारिदिनेछ। त्यसैले यसबारे नेकपा (एमाले) को निष्कर्ष 'क्रान्तिकारी स्वरूप ग्रहण गरेको ऐतिहासिक जनआन्दोलन' भन्नु नै सटीक वस्तुवादी मूल्याङ्कन हो।

**सामाजिक परिवर्तनका चुनौती र सम्भावनाहरू**

सामाजिक परिवर्तनले पूर्णता पाउन आर्थिक ढाँचामा फेरबदल हुनुपर्दछ। अनि मात्रै पुरानो युगको अन्त्य र नयाँ युगको सुरुवात अथवा 'क्रान्ति' हुन्छ। यसैबाट समाजको उत्पादन शक्तिको बाधक उत्पादन प्रणालीलाई पन्छाइन्छ। यस्तो आर्थिक सारमा कुनै फेरबदल नगरी गरिने परिवर्तनहरू मात्रात्मक स्वरूप र सुधारवादी चरित्रको मात्रै हुन्छन्। तिनले यथास्थितिको रक्षा गर्दछन् वा तिनको सङ्कटलाई टाल्ने अस्थायी प्रयास गर्दछन्।

अर्कोतर्फ, हरेक सामाजिक क्रान्तिहरू सुरुमा पुरानो राज्यसत्ताको राजनीतिक तह, उपरीसंरचनामा नै गरिन्छ। नयाँ उदीयमान वर्गले सुरुमा राजनीतिक सत्ता नै कब्जा गर्दछ। अनि मात्रै आफू अनुकूल हुने गरी आर्थिक-सामाजिक ढाँचा निर्माण गर्दछ। तर, सबै राज्यसत्ताको फेरबदल वा परिवर्तनहरू क्रान्ति हुँदैनन्। तिनीहरू विभिन्न शासकवर्गहरूबीचको सत्तासङ्घर्ष वा क्रान्तिलाई रोक्ने दाउको रूपमा पनि हुने गर्दछ। त्यसैले सबै राजनीतिक आन्दोलनले समाजको आधारभूत परिवर्तन वा क्रान्ति गर्दैनन्।

क्रान्तिका लागि त निश्चित वस्तुगत र आत्मगत अवस्था परिपक्क हुनुपर्दछ। लेनिनका अनुसार, क्रान्तिको वस्तुगत अवस्था भनेको पुरानो तरिकाले शासन गर्न सत्तारुढ वर्गको पूर्ण असमर्थता र उत्पीडित वर्गको पुरानो तरिकाले बाँच्न नसक्ने चरम असन्तोष हुनुपर्दछ। दुवै विरोधी वर्ग समूहको राष्ट्रव्यापी सङ्कटले नै क्रान्तिको वस्तुगत अवस्था सिर्जना हुन्छ। यसलाई वास्तविकतामा परिणत गर्न क्रान्तिकारी वर्गको आत्मगत अवस्था अर्थात् वैचारिक एवम् सङ्गठनात्मक क्षमता र तत्परता पनि परिपक्व हुनुपर्दछ। के नेपालको वर्तमान अवस्था यस्तै छ त ?

सामान्ती राजतन्त्रको सङ्कट र जनताको चरम असन्तोष र उर्लंदो जनसङ्घर्षलाई हेर्दा नेपालमा पनि क्रान्तिको आन्तरिक वस्तुगत अवस्था परिपक्क भएको देखिन्छ। तर, यसका विभिन्न चुनौतीहरू पनि छन्। जस्तै अझै बाह्य वस्तुगत पक्ष भने पूर्ण अनुकूल देखिँदैन। विश्व पुँजीवादको नायक अमेरिका 'सम्भावित क्रान्ति' बाट भयभीत भएर प्रतिक्रियावादलाई टिकाउने खेलमा लागेको छ। भारतीय पुँजीवादी वर्गहरू पनि परिवर्तनलाई सुधारमा रोक्न चाहन्छन्। अझ अतिवादीहरू त 'हिन्दू सम्राट' लाई पुनःस्थापित गरी 'प्रतिक्रान्ति' नै गर्न चाहन्छन्।

अर्कोतर्फ, आत्मगत अवस्थालाई हेर्दा आन्दोलनमा रहेको महत्त्वपूर्ण हिस्सा उदार बुर्जुवा शक्ति परिवर्तनलाई सुधारमै रोक्न चाहन्छ। उसले सामन्तवादबाट पूर्ण सम्बन्धविच्छेद गर्न आनाकानी गरिरहेको छ। आफ्नो वर्गस्वार्थ, वैदेशिक दबाब र षड्यन्त्रको कारण ऊ राजतन्त्रसँग झुक्दै जान थालेको देखिँदैछ। जनादेश अनुसार तत्काल संविधानसभा गर्ने दायित्वबाट ऊ भाग्न थालेको छ। संविधानसभालाई आफ्नो अनुकूलतामा विशेष योजनामार्फत गर्ने षड्यन्त्रको आभास देखिएको छ। त्यसैले राजतन्त्र र गणतन्त्रको ध्रुवीकरणमा उसको अवस्थिति कहाँ रहनेछ भन्ने अझै टुङ्गो लागेको छैन। उनीहरूको बदलिएको चरित्रलाई हेर्दा सनयात सेनले १९११ मा गरेको राजतन्त्र अन्त्य गर्ने क्रान्ति अथवा १९१७ मा रुसमा भएको 'फरवरी क्रान्ति' सम्पन्न गर्ने हदसम्म पुग्न पनि ऊ प्रतिबद्ध देखिँदैन। 'पूर्ण क्रान्ति' को त कुरै छाडौँ।

तर, वर्तमान परिवर्तनलाई सामान्य राजनीतिक सुधार वा टालटुलमा रोक्न पनि त्यति सहज छैन। यो आन्दोलनको व्यावहारिक नेतृत्व लिने वाम पार्टीहरू, आमूल परिवर्तनप्रति प्रतिबद्ध आमजनसमुदाय र तिनको बृहत् जनसहभागिता र जनचेतनालाई धोका दिने दुस्साहस गर्नु पनि फलामको चिउरा चपाउनुजस्तै हो। यो जनचेतनाको उभारलाई आज न कसैले पन्छाउन सक्दछ, न त अगाडि जानबाट सजिलै रोक्न सक्दछ। वर्तमान अन्तरिम संविधानले समेत सामन्ती आर्थिक आधार सामन्ती भूस्वामित्वको पूर्ण अन्त्य गर्ने र राष्ट्रिय अर्थतन्त्रको निर्माण गर्ने दृढता व्यक्त गरेको छ भने वर्गीयसँगै जातीय, क्षेत्रीय र लैङ्गिक विभेद हटाई समावेशी सङ्घीय राज्य पुनःनिर्माण गर्ने सङ्कल्प गरिसकेको छ। राजा ज्ञानेन्द्र निलम्बित अवस्थामा छन् भने जनताको भावनामा 'गणतन्त्र' को जन्म भइसकेको छ। आकस्मिक दुर्घटनाबाहेक गणतन्त्रलाई अब कसैले रोक्न सक्ने छैन। त्यसैले वर्तमान परिवर्तन क्रान्तिकारी स्वरूपको मात्रै छैन, 'क्रान्तिकारी सार' प्राप्ति तर्फ पनि उन्मुख छ। यी उज्ज्वल सम्भावनाहरू हुन्। उपयुक्त कार्यनीति लिनसके राष्ट्रलाई एउटा क्रान्तिकारी परिवर्तनसम्म पुऱ्याउने सम्भावना छ।

**वर्तमान अवस्थामा पार्टी कार्यनीति**

आमूल परिवर्तन अर्थात् नेपाली क्रान्ति सम्पन्न गर्न कम्युनिस्ट पार्टीले रणनीतिक लक्ष्य मातहत रहेर जनताको प्रधान शत्रुमाथि प्रहार केन्द्रित गर्ने, कार्यनीतिक लक्ष्य र नीति निर्धारण गर्ने, त्यसका लागि सम्भव शक्तिहरू र मोर्चा बनाउने, वर्गसङ्घर्षको रूपहरू पहिचान गर्नेजस्ता कामहरू गर्नुपर्दछ। अथवा कार्यनीतिको काम क्रान्तिकारी परिस्थितिलाई नजिक ल्याउनु हो। वर्तमान सङ्क्रमणकालीन अवस्थामा हाम्रो पार्टी नेकपा (एमाले) को कार्यनीतिक लक्ष्य 'सामन्ती राजतन्त्रको अन्त्य र लोकतान्त्रिक गणतन्त्र' को स्थापना हो। हाम्रो समग्र कामको केन्द्रबिन्दु यही हो।

तर, सामन्ती राजतन्त्रको कुन हदसम्म अन्त्य र कस्तो गणतन्त्रको स्थापना भन्ने प्रश्न पनि कार्यनीतिले प्रस्ट पार्नुपर्दछ। पार्टी कार्यनीतिक लक्ष्यको सार 'सामन्तवादको पूर्ण अन्त्य र दलाल पुँजीवादको नियन्त्रण'

हुनुपर्दछ । अर्थात्, राजतन्त्रको अन्त्य भएर मात्रै पुग्दैन, समग्र सामन्तवादकै अन्त्य हुनुपर्दछ । साथै, यो विश्व पुँजीवादको एजेन्ट बन्ने नियतिबाट पनि मुक्त हुनुपर्दछ ।

त्यस्तै, कार्यनीतिक लक्ष्यका रूप अर्थात् 'गणतन्त्र' को स्वरूप पनि नयाँराज्यको वर्गीय र सामाजिक चरित्र अनुरूप हुनुपर्दछ । अर्थात्, यो 'केन्द्रीकृत' नभई सङ्घात्मक चरित्रको हुनुपर्दछ । 'एकात्मक' नभई समावेशी चरित्र हुनुपर्दछ । साथै, 'निरङ्कुश' वा 'अधिनायकवादी' नभई 'लोकतान्त्रिक' चरित्रको हुनुपर्दछ । अर्थात्, यो नयाँ समावेशी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपाल हुनुपर्दछ ।

उक्त कार्यनीति प्राप्त गर्ने सङ्घर्षका रूप र विधिहरूमा अहिलेलाई शान्तिपूर्ण आन्दोलन, जनपरिचालन र जनदबाब नै हो । यसका लागि संविधानसभा तत्काल गर्न जनमत निर्माण, राजनीतिक जनपरिचालन, प्रतिगामी शक्तिमाथि नियन्त्रण, ढुलमुले शक्तिहरूलाई सचेतीकरण र दबाब एवम् उग्रवामपन्थी क्रियाकलापबाट हुने नोक्सानी रोक्न वैचारिक सङ्घर्ष गर्नु आदि हो । संविधानसभा निर्वाचन प्रक्रियामा मुलक यथास्थितिवाद र गणतन्त्रमा ध्रुवीकरण हुन अनिवार्य छ । बीचमा कोही पनि रहन सक्ने छैन । त्यसैले गणतन्त्रवादीहरूले आमूल परिवर्तनका लागि सम्भव सबै शक्तिहरूलाई मोर्चाबद्ध गराउनैपर्दछ । यही माध्यमबाट नै राज्य पुनःनिर्माणको ढोका खुल्नेछ ।

*(थापा नेकपा (एमाले) तनहुँ जिल्ला कमिटीका उपसचिव हुनुहुन्छ)*

■